COVID-19 CORONA VIRUS कोरोना भाइरस

जनहितमा जारी जनचेतनामूलक सन्देश

कोरोना भाइरसका मुख्य लक्षणहरू


ज्वरो
(१००.४° F भन्दा माथि)


श्वासप्रश्वासमा अत्यधिक समस्या


रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्यधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू र अरूलाई बचाउने ?


नियमित रूपमा साबुन पानीले हात धुने ।


खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने ।


फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।


फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।


जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।


पशुजन्य मासु, दूध तथा अण्डा राम्रोसँग पकाएर खाने ।



गोरखापत्र संस्थान
धर्मपथ, न्युरोड, काठमाडौं, फोन नं. ०१-४२२७४९३, ४२३१३९४

वर्ष ३६, अङ्क १, २०८० साल असार
June-July 2023
Twitter: @YuvamanchGps | yubamanchmonthly

यस भित्र





१०
पहिचानको खोजीमा नटुवा
जातीय अनुसूची र राष्ट्रिय जनगणनाको जातीय तथ्याङ्क विवरणमा केन्द्रीय तथ्याङ्क विभागद्वारा यो जातिलाई नटुवा भनी उल्लेख गरिएको छ ।

१३
बर्मुडा ट्राएङ्गलको कुचक्र
मायामी, बर्मुडा र प्युर्टो रिकोबीच एक काल्पनिक त्रिभुजाकार क्षेत्र छ, जसलाई बर्मुडा ट्राएङ्गल भनिन्छ ।

इन्टरनेटको कालो दुनियाँ
इन्टरनेटको अधिकांश हिस्सा हाम्रो दृष्टिबाट लुकेको छ । जहाँ लागुऔषध व्यवसायी, ह्याकर र पैसाका लागि ज्यानसमेत लिने मानिसले आफ्नो सेवाबारे विज्ञापन गर्न सक्छन् ।





३० प्रसारण आतङ्कको एउटा अध्याय

श्रोतालाई विशुद्ध मनोरञ्जन दिने अभिप्रायले प्रस्तुत गरिएको त्यस नाटकले अमेरिकी समाजमा नचिताएको हलचल ल्याइदियो ।

५६ चार्ल्सको राज्याभिषेक

राज्याभिषेक समारोहको अन्त्यमा राजाहरुले सेन्ट एड्वर्डजको राजमुकुट झिकेर 'इम्पेरियल स्टेट क्राउन' नामक अलि हलुका राजमुकुट लगाउने चलन छ ।

६६ मुखको क्यान्सर

मुखको क्यान्सरबाट प्रताडितमध्ये ९० प्रतिशत मानिसले सुर्तीजन्य पदार्थ खाने गरेको देखिन्छ ।

३५ चिडियाखानामा प्रभुत्वको लडाइँ

युवामञ्चमा लेखरचना तथा चिठीपत्र पठाउँदा निम्न ठेगानामा पठाउनु होला-

yubmanch@gmail.com

सम्पर्क- सम्पादकीय- ५३५७०३१

गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं, पो.ब.नं. २३

अनलाइनमा युवामञ्च

https://gorkhapatraonline.com/yuba-manch

http://www.gorkhapatraonline.com/epaper

युवामञ्च

कार्यकारी अध्यक्ष
विष्णुप्रसाद सुवेदी तथा महाप्रबन्धक
लालबहादुर ऐरीद्वारा
गोरखापत्र संस्थानका लागि
संस्थानको छापाखानामा मुद्रित
तथा प्रकाशित

सम्पादक
उमेशकुमार ओझा

नायब कार्यकारी सम्पादक
भवानी सुवेदी

सह–सम्पादक
शरदराज सुवेदी

वितरण विभाग
भगीरथ बस्नेत

उत्पादन विभाग
रेखादेवी श्रेष्ठ

शुद्धाशुद्धि
बोमबहादुर रायमाझी

लेआउट तथा डिजाइन
रोशनप्रकाश दनुवार

गोरखापत्र संस्थान
पो.ब.नं. २३, धर्मपथ, काठमाडौँ, नेपाल।
इमेल : yubmanch@gmail.com
फोन – सम्पादकीय : ५३५७९३१
विज्ञापन : ५३२७४९३, वितरण : ४२२०६३८,
पूर्व क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
विराटनगर : ०२१–४७१७४६
पश्चिम क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
कोहलपुर : ०८१–५३१६२२/२३
प्रदेश स्तरीय कार्यालयहरू,
जनकपुर : ०४१–५९०४२९
हेटौँडा : ०५७–५९०६५१
पोखरा : ०६१–५३८५२२
बुटवल : ०७१–५४१४३८
सुर्खेत : ०८३–५९००६०
धनगढी : ०९१–४१२०४३

एकप्रतिको मूल्य रु.२५/–
वार्षिक मूल्य रु.२५०/–

सम्पादकीय

युवामञ्चका ३६ वर्ष

२०४५ साल असारदेखि प्रकाशन सुरू भएको युवामञ्च पत्रिका ३६ वर्षमा प्रवेश गरेको छ। यो अवधिमा हामी पाठकका बीचमा निकै रूपान्तरित भएका छौँ। रूपान्तरणका साथसाथै हामीले आफ्नो समीक्षा पनि गरेकै छौँ।

पाठकको सुझाव र सल्लाहबमोजिम यो पत्रिकालाई थप पठनीय र प्रतिस्पर्धी बनाउने अभियानमा कुनै कमी आएको छैन। हामीले युवामञ्चलाई थप प्रतिस्पर्धी बनाउन डिजिटल दुनियाँको चुनौती थपिएको महसुस गरेका छौँ। त्यसैले हामीले थपिएको यो चुनौतीलाई पार लगाउन थप काम गर्नु जरूरी भएको छ। वास्तवमा भन्ने हो भने युवामञ्च पाठकका सामुन्ने आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ। युवाको चाहनाबमोजिमका सामग्री प्रकाशित गर्ने सवालमा पाठ्यसामग्रीको दृष्टिकोणले युवामञ्च निकै सचेत छ। सुरूका वर्षमा बिनाप्रतिस्पर्धा अगाडि बढेको युवामञ्चले कुनै बेला बजारको माग थेग्नै नसक्ने अवस्थाको पनि अनुभव गरेको थियो।

यो पत्रिकाले युवा रूचिका विषयलाई सधैँ प्राथमिकता दिँदै आइरहेका कारण पनि पाठकले मन पराइदिएको हो भन्ने हाम्रो बुझाइ छ। अध्ययन, अनुसन्धान, ज्ञानगुनका कुरा, स्वदेशी तथा विदेशी घटना, ऐतिहासिक दस्तावेज, मनोरञ्जनलगायतका विषयवस्तुलाई हामीले उच्च प्राथमिकताका साथ प्रकाशन गर्दै आएका छौँ। यसैले यी विषयवस्तुकै कारण युवामञ्च युवामाझ एउटा ब्रान्डका रूपमा स्थापित भएको अनुभूति हामीलाई भएको छ। हो आज समय फेरिएको छ। पाठकका रूचि र चाहना पनि फेरिएका छन्। बजार प्रतिस्पर्धी हुँदै गएको छ। त्यसैले चुनौती पनि थपिएको हामीलाई आभास भएको छ। यो साढे तीन दशक लामो हाम्रो अविच्छिन्न यात्रामा हामी नडगमगाई निरन्तर पाठकको सेवामा समर्पित छौँ। पाठकका सल्लाह सुझाव एंव प्रतिक्रिया हाम्रा लागि सधैँ ग्राह्य छन्। ती सुझावअनुसार हामीले युवामञ्चलाई परिष्कृत गर्दै आएका छौँ।

मुलुकको धेरै ठूलो जनसङ्ख्या यतिबेला डिजिटल सञ्जालमा आबद्ध भइसकेकाले समयको मागलाई मध्यनजर राख्दै युवामञ्चले अब आफूलाई डिजिटल फर्ममा प्रस्तुत गर्नुको विकल्प छैन। यो समयको माग हो। युवामञ्चमा समय क्रमसँगै यसको रूप, रङ र आकारमा पनि परिवर्तन आएको स्पष्ट देख्न सकिन्छ। आमपाठकको चाहनाबमोजिम युवामञ्चलाई अझै थप पठनीय र आकर्षक बनाउने अठोट व्यक्त गर्दै ३६औँ वार्षिकोत्सवको पुनीत अवसरमा हामीलाई यो अवस्थासम्म ल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने पाठकवर्ग, लेखक, विज्ञापनदातालगायत सबैमा आभार प्रकट गर्दछौँ। ■

सबै राम्रो

२०८० साल जेठको अङ्क समयमै पढ्न पाइयो। ‘हजामले गर्दथे दाँतको उपचार’ सम्बन्धी सामग्री राम्रो लाग्यो। ‘पहिचान खोज्दै ताङ्वे’ शीर्षकको लेख ज्यादै मन पर्‍यो। ‘हिमयुगमा यसरी बाँचे मानव’ शीर्षकको सामग्री उत्कृष्ट लाग्यो। विश्वमा प्रचलित विवाह प्रथा पढ्न पाइयो। ‘पहिलो महिलामन्त्री द्वारिकादेवी ठकुरानी’को बारेमा पढ्ने अवसर मिल्यो। मनोज पौडेलले लेखेको ‘सुन्दर पुतली’ शीर्षकको लेख निकै रोचक छ।

अन्तरिक्ष छिचोल्दै स्पेस एक्स शीर्षकको सामग्री पनि राम्रो लाग्यो। चाँदनी हमालले लेखेको हटेन बालविवाह शीर्षकको सामग्री पठनीय छ। मेरो पुस्तकालयमा साहित्यकार गोविन्द गिरी प्रेरणाको बारेमा पढ्ने अवसर मिल्यो। म भूमिसुधार विभागमा कार्यरत छँदा उहाँसँग भेट हुने अवसर मिलेको थियो। युवामञ्च पत्रिकामा राम्रा र चाखलाग्दा लेख सामग्री पढ्न पाइरहेको छु। अबका अङ्क पनि थप रोचक पठनीय र उत्कृष्ट हुन सकून् भन्ने शुभकामना दिन चाहन्छु।

अरुणबहादुर खत्री ‘नदी’
बुढानीलकण्ठ-४, पासीकोट, काठमाडौँ



यस्तै पढ्न पाऊँ

युवामञ्चले सधैँ केही न केही नयाँ, रोचक र ऐतिहासिक घटनालाई उजागर गर्दै आइरहेकोमा हामी पाठक खुसी छौँ। जेठ अङ्कमा पनि यस्तै रोचक सामग्री पढ्ने अवसर दिनु भएकोमा धन्यवाद। विदेशका रोचक घटना त पढ्न पाएकै थियौँ यो अङ्कमा नेपालको पहिलो महिलामन्त्रीका बारेमा पढ्न पाइयो, ज्यादै खुसी लागेको छ। वास्तवमा भन्ने हो भने यो लेखले त्यो बेलाको समग्र राजनीतिक, सामाजिक परिवेशलाई उजागर गरेको छ भन्ने मलाई लागेको छ। यो ऐतिहासिक दस्तावेजका बारेमा धेरै युवा अनभिज्ञ नै थिए होला। त्यसैले यो लेखको जति नै प्रशंसा गरे पनि कम नै हुन्छ कि भन्ने लाग्छ। यस्ता लेख तथा सामग्री सधैँ पढ्न पाए हामी पाठक धन्य हुने थियौँ।

सन्दक रौनियार
दुहबी, सुनसरी

मेरो मन कुँडियो

युवाको मनपर्ने साथी हो युवामञ्च। म यही भएर यो पत्रिका नियमित पढ्दै आइरहेको छु। जेठ अङ्क बेलैमा हात लाग्यो। मन लगाएर सबै पढेँ। बालविवाहका बारेमा तयार पारिएको लेख पढ्न थालेपछि भने मन कुँडिएर आयो। नेपालमा अहिले पनि यो कुप्रथा कायमै छ भन्ने पढ्दा अचम्मै लाग्यो। हाम्रो धर्म संस्कृतिसँग सम्बन्धित रहेछ यो प्रथा भन्ने पढ्दा त झनै कस्तो कस्तो लाग्यो।

हामी शिक्षा र पढाइ, लेखाइका कुरा गरेर कहिले थाक्दैनौँ तर अर्कोतिर बालविवाहको भोजभतेरमा पनि सरिक हुन्छौँ। अनि बालविवाहको विरोध गरेर खाएको भोज पचाउँछौँ। कस्तो संस्कारमा छौँ हामी ? एक पटक सबैले यो कुप्रथाको अन्त्य गर्ने विषयमा मनन गर्दा कसो होला ? नेपालमा विद्यमान बालविवाहका बारेमा सत्यतथ्यसहित जानकारी दिने यसका लेखक, महोदय र प्रकाशित गरिदिने सम्पादक महोदयप्रति हार्दिक आभार प्रकट गर्दछु।

मनोज श्रेष्ठ
भक्तपुर

अनुसन्धानमूलक चाहियो

२०८० साल जेठको युवामञ्च समयमै हात लाग्यो। यसमा प्रकाशित प्रायःजसो लेख रचना रोचक एवं पठनीय नै छन्। त्यसमा पनि हजामले गर्दथे दाँतको उपचार, हिमयुगमा यसरी बाँचे मानव, सिआइएका माइन्ड रिडर्स, पहिलो महिलामन्त्री द्वारिकादेवी, अन्तरिक्ष छिचोल्दै स्पेस एक्स लेख रोचक छन्।

चाँदनी हमालको अनुसन्धानमूलक लेख हटेन बालविवाह राम्रो लाग्यो। लेखिकाले उक्त लेखमा विभिन्न तथ्याङ्कलाई राम्रोसँग प्रस्तुत गरेकी छन्। यस्तै अनुसन्धानमूलक लेखहरूलाई पनि आगामी अङ्कमा स्थान दिइयोस्। फूलबारी स्तम्भमा मुस्ताङका ताङ्वे जातिका बारेमा विस्तृत रूपमा परिचय दिइएको छ। यस्तै विभिन्न जातजातिको चिनारी दिने खालका लेखलाई निरन्तरता दिन अनुरोध छ।

डा. सुबोधकुमार पोखरेलको भ्रूणको लिङ्ग निर्धारण र प्राडा. सुमनराज ताम्राकारको रगतको क्यान्सर ल्युकेमिया दुवै स्वास्थ्यसम्बन्धी लेख पाठक वर्गका लागि अति उपयोगी छन्। त्यस्तै महिनाको खेलाडी स्तम्भमा राष्ट्रिय



टेनिस खेलाडी अभिलाषा विष्ट र प्रगतिपथमा नेपाली नेपाली क्रिकेट लेख राम्रो लाग्यो। यसै गरी अन्य खेल विधाका उत्कृष्ट खेलाडीका बारेमा लेखलाई स्थान दिइयोस्। समग्रमा भन्नु पर्दा युवामञ्चको जेठ अङ्क पठनीय र रोचक छ।

–अच्युतमान सिंह प्रधान 'उत्सुक'
बालुवाटार, काठमाडौँ

खाद्यान्नसम्बन्धी खोइ ?

युवाका लागि भनेर यो पत्रिकाले धेरैवटा सामग्री पस्कँदै आइरहेको छ। यो राम्रो हो। ज्ञानगुनका कुरा अध्ययन गर्नुपर्ने खालका रोचक तथ्यसहितका लेख सधैँजसो पढ्ने अवसर युवामञ्च पत्रिकाले नै दिँदै आएको छ। यही भएर म यो पत्रिका नियमित पढ्ने गर्दछु। यी सामग्रीका बीचमा खाद्यान्नसम्बन्धी सामग्री पनि नियमित पढ्न पाए कसो होला ? के खान हुने ? अनि के खान नहुने ? कस्तो खाना खाएमा पौष्टिक हुन्छ ? जस्ता विषयको जिज्ञासा मेटाउन सक्ने लेख छापिए हामी पाठकलाई निकै ज्ञानबर्द्धक हुने थियो। यसतर्फ सम्पादकज्यूले बेलैमा ध्यान दिनु हुनेछ भन्ने मैले विश्वास लिएको छु।

बलराम आचार्य
विदुर, नुवाकोट

पढ्दा साह्रै आनन्द आयो

युवामञ्चले सधैँ मेरो ध्यान खिच्ने गरेको छ। यही कारण म नियमितजस्तो यो पत्रिका पढ्दै आएको छु। जेठको अङ्कमा पनि मन तान्ने खालका सामग्री पढ्ने अवसर पाएकोमा युवामञ्चको टिमलाई विशेष धन्यवाद दिन चाहन्छु। यौनसम्बन्धी जिज्ञासा र चाहना कसको हुँदैन र ? हुनु स्वाभाविक नै हो। ममा पनि केही चाहना छ नै। त्यसैले डा. सुबोध पोखरेलले तयार पार्नुभएको यौनबारेको लेख पत्रिका हात पर्नेबित्तिकै पढेँ। साह्रै आनन्द आयो। लेखकले बुझिने र प्रस्टसँग कसरी छोरा वा छोरी जन्माउने चाहना पूरा गर्न सकिन्छ भन्ने बारेमा जानकारी दिनुभएको रहेछ। यो लेख पढ्ने जो कोहीले लेखले दिएको सुझावलाई मनन गरेमा लाभ लिन र दिन सक्ने छन् भन्ने लागेको हुनाले खुसी साट्न यो पाठकपत्र तयार पारेको हुँ। यस्तै जानकारीमूलक र ज्ञानबर्द्धक लेखको पुनः अपेक्षा गर्दछु।

सरोजराज शर्मा, असन काठमाडौँ

डबली

विमानमा कोलाहल मच्चाउने आन्द्रे



कुस्तीको दुनियाँका बादशाह आन्द्रे द जाइन्टले एक पटक उडिरहेको विमानमा आफ्नो दिसा र अपानवायुले यात्रुलाई झन्डै मारेका । उनको दिसा र अपानवायुको गन्धले केही यात्रुलाई वाकवाकी लाग्ने र बान्ता आउलाजस्तो भयो केही चाहिँ मुर्छा पर्ने गरी हाँस्न थाले । विमानमा एकछिन त कोलाहल नै भयो ।

सन् १७३१ मा स्विडेनका राजा फ्रेड्रिक्स प्रथमले एक सिंह उपहारमा प्राप्त गरेका थिए । सो सिंहलाई स्क्यान्डिनेविया क्षेत्रको सम्भवत: पहिलो सिंह मानिएको छ तर त्यो सिंह त्यहाँ पुऱ्याइएको केही समयमै मरेको थियो । त्यसपछि मरेको सिंहलाई अनेक खालका औषधिमूलो गरेर ममीको रुप दिइयो । सिंहको ममी अझै पनि स्विडेनको सङ्ग्रहालयमा सुरक्षित छ ।

-युवामञ्च





वर्ल्ड रेस्लिङ फेडरेसन च्याम्पियन आन्द्रे द जाइन्टलाई बोइङ-७४७ विमानमा सावर भएर टोकियोबाट अमेरिका जाने क्रममा पेटमा समस्या भएको थियो। रिङमा प्रतिद्वन्द्वीलाई चित् पारेका उनी १४ घण्टाको उडानमा अन्य यात्रुको समस्या बने।

आन्द्रेसँग कुस्तीमा होडबाजी गर्ने ब्रुटस बिफकेकले सो घटना बारे बोल्दै भनेका छन्, "मलाई सास लिनै गाह्रो भयो र अन्य यात्रु चिच्याउन, कराउन थाले।"


सात फिट तीन इन्च अग्ला आन्द्रेलाई विश्वको आठौँ आश्चर्य पनि भनिन्छ। ब्रुटसका अनुसार आन्द्रेले विमानमा सवार हुनुपहिले जहिले पनि शौचालय गएर पेट खलास गर्ने गरेका थिए तर यस पटक फ्लाइट ढिलो भएका कारण उनले हतारमा विमान चढ्नु पऱ्यो।

ब्रुटस भन्छन्, "दिन राम्रोसँग बितोस् भनेर आन्द्रेले विमानस्थलका लागि प्रस्थान गर्नुपहिले र विमानमा चढ्नुपहिले जहिले पनि शौचालय जाने समय निकाल्थे।"

तर जब उडिरहेको विमानमा फ्रान्सका भीमकाय आन्द्रेको पेट

सदा काम लाग्ने खुबी

- बिक्री वितरण र वार्ता गर्न सक्ने योग्यता ।
- आफूले जे सोचेको र अनुभव गरेको हो त्यो व्यक्त गर्ने योग्यता ।
- चुप रहने, सुन्ने र अरुबाट सिक्ने योग्यता ।
- अनरुप हुने, परिस्थिति अनुकूल हुने र बाधा पार गर्न सक्ने योग्यता ।
- पढ्ने, बुझ्ने र स्मरण गर्न सक्ने योग्यता ।
- टाढा जान सक्ने योग्यता ।
- प्रभावकारी रुपमा समय व्यवस्थापन गर्ने योग्यता ।
- सदा सकारात्मक र आशावादी रहने योग्यता ।



'एक्सन' मा आयो विमानको वातावरण नै परिवर्तन भयो, हल्लीखल्ली मच्चियो। आन्द्रेले शौचालयमा गएर निकालेको अपानवायुको आवाजलाई ब्रुटले 'गैरमानव' भनेका छन्। अपानवायुको असह्य गन्ध शौचालयबाट निस्केर ७६ मिटर लामो विमानमा फैलियो। ब्रुटस भन्छन्, "मैले यस किसिमको आवाज त कहिल्यै सुनेको थिइनँ। अगाडिबाट गन्ध आउन थाल्यो। विमानको पछाडि भागमा धेरै यात्रु थिए। यात्रु गन्ध सहन गर्न नसकेर सिटमै लडे, भुइँमा पछारिए।"

उनका अनुसार विमानमा कोलाहल मच्चियो। कसैलाई वाकवाकी लाग्ने र बान्ता हुने जस्तो भने केही रोइ कराइ गर्न थाले। पेट मिचिमिची हाँस्नेहरूको पनि कमी थिएन।

"मलाई त सास लिन गाह्रो भयो। पक्कै पनि उनले पेटमा बेग्लै खालको फोहोर भरेका थिए," ब्रुट्स भन्छन्।

आन्द्रेले जहाँ रोकियो त्यहाँ कम्तीमा १० किलो खाना खान्थे। सन् १९४६ मा फ्रान्समा जन्मिएका आन्द्रे करिब साढे दुई सय किलो तौलका थिए। उनी ५८ नम्बरको जुत्ता लगाउँथे। सन् १९९३ मा हृदयाघातले उनको निधन भएको थियो। ■

-युवामञ्च

- भावनामा होइन तथ्यमा आधारित रहेर निर्णय गर्ने योग्यता ।
- ठूलो भेलामा उपस्थित भएर बोल्न सक्ने योग्यता ।
- भविष्यका लागि प्रयास गरिरहने योग्यता ।
- स्वयंद्वारा आर्थिक लगानी गर्ने योग्यता ।
- पृथक् परिस्थितिसँग जुध्न सक्ने योग्यता ।
- आत्मसमीक्षा गर्ने योग्यता ।
- कसरी सिक्ने त्यो जान्ने योग्यता ।
- अरुलाई कस्तो महसुस हुन्छ त्यो बुझ्ने योग्यता ।
- स्थिर रहने योग्यता ।
- सहयोग माग्ने योग्यता ।

केही देशमा निक्षेपको ब्याजदर

अर्जेन्टिना	८५.९८ प्रतिशत
भेनेजुयला	३६ प्रतिशत
युक्रेन	१३.२३ प्रतिशत
हङ्गेरी	१२.५ प्रतिशत
इजिप्ट	१०.८ प्रतिशत
ब्राजिल	१०.३१ प्रतिशत
पाकिस्तान	७.२५ प्रतिशत
टर्की	७ प्रतिशत
भारत	७ प्रतिशत
पोल्याण्ड	६.२५ प्रतिशत
रोमानिया	६ प्रतिशत
दक्षिण अफ्रिका	५.९६ प्रतिशत
रुस	५.८१ प्रतिशत
बङ्गलादेश	५.४२ प्रतिशत
इन्डोनेसिया	५ प्रतिशत
क्यानडा	४.६४ प्रतिशत
मेक्सिको	४.४३ प्रतिशत
दक्षिण कोरिया	४.१६ प्रतिशत
इजरायल	३.८४ प्रतिशत
बेलायत	३.७५ प्रतिशत
साउदी अरब	३.७ प्रतिशत
स्विडेन	३.४ प्रतिशत
अस्ट्रेलिया	२ प्रतिशत
नर्वे	२ प्रतिशत
स्विट्जरल्याण्ड	०.९४ प्रतिशत
चीन	०.३५ प्रतिशत
बुल्गेरिया	०.०२ प्रतिशत
क्रोएसिया	० प्रतिशत
जापान	-०.१५ प्रतिशत

पहिचानको खोजीमा नटुवा

नटुवा जातिको छोटो र स्पष्ट परिचय दिन केही समस्या छन् । यो जातिलाई नट, नटुवा, नेटुवा, नेटु पनि भनिन्छ । यो जातिका वयस्क सदस्यले साहु महाजनको घरमा मर्दापर्दा गीत गाउने, नाचगान देखाउने, कला प्रदर्शन गर्ने भएकाले 'नचुवा' जाति भन्दै गर्दा अपभ्रंश भएर नटुवा भएको विचार पनि कतिपयले व्यक्त गरेका छन् ।

नेपालका आधिकारिक कागजातमा भने यस जातिलाई नटुवा भनिएको छ । राष्ट्रिय दलित आयोगद्वारा जारी जातीय अनुसूची र राष्ट्रिय जनगणनाको जातीय तथ्याङ्क विवरणमा केन्द्रीय तथ्याङ्क विभागद्वारा यो जातिलाई नटुवा भनी उल्लेख गरिएको छ ।

नेपालका नटुवा दुई भिन्न धर्मावलम्बी समूहमा विभाजित छन् । नटुवाहरू मूल बसोबास उत्तरी भारतबाट नेपाल प्रवेश गर्दा यस्तो विभाजन आएको हो । नेपाल प्रवेश गर्ने क्रममा नेपाली समाजसँगको सामाजिक अन्तरघुलनका कारण यिनीहरू कोही हिन्दु त कोही मुसलमान बनेका हुन सक्छन् । उनीहरू सुरुमा जुन समुदायको सम्पर्कमा आए त्यही समुदायको धर्म अवलम्बन गर्न थालेका हुन् भन्ने अनुमान लगाउन सकिन्छ ।

वीरगन्ज, सप्तरी र सिराहातिर बसेका नटुवाले आफूलाई इस्लाम बताउँछन् तर सिराहादेखि पश्चिम कन्चनपुरसम्म फैलिएर बसोबास गरिरहेका नटुवा हिन्दु छन् । कपिलवस्तु बाँकेतिरका नटुवाले आफूलाई विशुद्ध हिन्दु दाबी गर्दै आफ्ना सबै चाडबाड, रीत, परम्परा हिन्दुकै समान रहेको बताउने गर्छन् । यिनीहरू हिन्दु कि मुसलमान हुन् भन्नेमा अस्पष्ट हुन सक्छ तर अधिकांश नटुवा सदस्यले हिन्दु परम्परा अवलम्बन गर्ने गरेकाले यिनीहरू आफूलाई हिन्दु भन्न रुचाउँछन् । यही कारण राष्ट्रिय दलित आयोगले तराई/मधेशका दलित समुदायभित्र पर्ने भनी 'नटुवा' लाई दलित जातिमा सूचीकृत गरेको छ ।

आयोगले हिन्दु वर्ण व्यवस्थाभित्र पर्ने र छोइछिटोको विभेदमा पारिएका जातिलाई दलित भन्ने गरेको छ तर रामनारायण मिश्र विशेष छात्रवृत्ति कार्यविधि, २०७२ मा नटुवालाई मुसलमान जातजातिको सूचीमा 'नट' भनेर सूचीकृत गरिएको छ ।

हिन्दु वा मुसलमान के हो भन्ने नटुवाहरूको पहिचानको अधिकार हो तर कतै मुसलमान त कतै हिन्दु देखिएका कारणले सरकारले उपलब्ध गराएका कतिपय सुविधा प्राप्त गर्न नटुवालाई समस्या पर्ने गरेको छ ।

आर्थिक रूपमा अति विपन्न नटुवाहरू विगतमा नाचगान, कला प्रदर्शन, सर्कस देखाउने, सिकार गर्ने, मह काढ्ने काम गर्थे । अहिले यस्तो पेसामा क्रमशः परिवर्तन आएको छ तर अहिले पनि कतिपय यिनीहरू गाउँबस्तीमा पुगेर भिक्षा माग्ने गर्छन् । यसरी माग्ने क्रममा पुरुषले महिलाको पहिरन र हाउभाउ, शृङ्गारपटारमा नाच्ने वा सर्कस देखाउने गर्छन् । केहीले सर्प नचाएर पाएको पैसा वा अन्नले गुजारा चलाउने गरेको देखिन्छ ।

शिक्षामा पछाडि परेका यिनीहरू स्वास्थ्य सेवा, रोजगारी, आधुनिक जीवनशैलीबाट पनि वञ्चित छन् । दलित वा मुसलमान स्पष्ट नभएकाले यिनीहरूले राज्यले



उपलब्ध गराउने जातीय लक्षित सुविधा प्राप्त गर्न समस्या भोग्दै आएकाले स्रोतसाधनको पहुँचमा छैनन् । यिनीहरूले लामो समयदेखि आफूहरूलाई अल्पसङ्ख्यक जातिको मान्यता दिनुपर्ने माग गर्दै आएका छन् । सरकारले कतिपय अल्पसङ्ख्यक जातिलाई मासिक सामाजिक भत्ता दिएको तर आफूहरूले यस्तो सुविधा नपाएको नटुवाहरूले बताउँदै आएका छन् ।

राष्ट्रिय जनगणना– २०६८ मा नटुवाहरूको कुल जनसङ्ख्या तीन हजार ६२ जना उल्लेख गरिएको छ । यसमा हिन्दु र मुसलमान छुट्याइएको छैन । नेपाल सरकारले कुल जनसङ्ख्याको ०.५ प्रतिशतभन्दा कम भएको जातिलाई अल्पसङ्ख्यक जातिको मान्यता दिँदै २०७४ साल वैशाख ११ गते राजपत्रमा त्यस्ता ९८ जातिको विवरण सूची सार्वजनिक गरेको छ । यसबारेमा पूर्ण जानकारी नपाएका कतिपय नटुवाले अल्पसङ्ख्यक जातिले पाउने सामाजिक सुरक्षा भत्ता पाउन सकेका छैनन् ।

स्मरणीय के छ भने तीन हजार १८२ जनसङ्ख्या भएको पत्थरकट्टालाई सरकारले अल्पसङ्ख्यक भनेर सामाजिक सुरक्षाअन्तर्गत भत्ता दिने तर तीन हजार ६२ जना जनसङ्ख्या रहेका नटुवालाई यस्तो भत्ता नदिएको हो भने यस्तो निर्णय र प्रक्रिया न्यायपूर्ण देखिँदैन । अर्कोतिर पत्थरकट्टाहरू आफूहरू नटुवाभन्दा 'ठूलो' जाति भएको दाबी गर्छन् ।

नटुवाहरूको खास मातृभाषा छैन । यिनका ज्येष्ठहरू हिन्दी तथा अवधि बोल्ने गर्छन् भने नयाँ पुस्ता नेपाली भाषा नै बोल्छन् । यिनीहरूको आफ्नो मौलिक संस्कृति पनि छैन । हिन्दु नटुवाहरूका जन्मदेखि मृत्युसम्मका सबै संस्कार करिब हिन्दु (बाहुन, क्षेत्री)कै समान छन् भने मुसलमान नटुवाहरूको सामाजिक परम्परा मुसलमानसँग समान छ । नटुवाहरू सानो सङ्ख्यामा रहेका र गैरनटुवाहरूसँगको सम्पर्कका कारण सांस्कृतिक सम्मिश्रण प्रक्रियामा परेका छन् ।

नटुवाहरूको पहिरन आमनेपालीसरह नै छ । महिलाको गरगहना र शृङ्गारपटार पनि आमनेपाली महिलाको समान छ तर नाचगान र सर्कसका बेलामा यिनीहरूले दर्शकलाई रोमाञ्चित तुल्याउन भिन्न आकार प्रकारका पहिरन पनि लगाउने गर्छन् ।

पछिल्ला समय यिनीहरू सामाजिक परिवर्तनका लागि सङ्गठित हुन थालेको देखिन्छ । उनीहरूले सङ्गठित हुँदै अबदेखि घरघरमा गएर नाचगान नगर्ने, जुटोपात (पतरी) नखाने जस्ता निर्णय गरेका छन् तर व्यवहारमा पूर्णतः यस्तो भएको पाइँदैन । यिनीहरू स्थानीय सामाजिक, राजनीतिक गतिविधिमा पनि संलग्न हुन थालेका छन् । कतिपय वैदेशिक रोजगारीमा गएको देखिन्छ । कतिपयले कृषि, लुगा सिलाउने, पशुपालन, गाडीमोटर चलाउने तथा ट्याक्टरले गिटी, बालुवा बोक्ने र जमिन जोत्नेजस्ता काममा पनि संलग्न हुँदै आएका छन् ।

कच्ची तथा फुसको घरमा बस्दै आएका यिनीहरूका बालबच्चा पनि सर्कस र नाचगानमा संलग्न हुने गरेकाले ती विद्यालयमा कमै जाने गरेका पाइन्छ तर पछिल्ला वर्षमा खाजा तथा पहिरन उपलब्ध गराइने जस्ता प्रोत्साहनजन्य सरकारी कार्यक्रमका कारण नटुवाका बालबच्चामा विद्यालय शिक्षाको पहुँच बढ्दै छ । ■



–त्रिभुवनचन्द्र वाग्ले

RIPLEY'S Believe It or Not!



जापानको फुकुसिमामा रहेको सानो गाउँ लिनोलाई एलियन्सको घर मानिन्छ । स्थानीयले सन् २०२२ मा त्यहाँ ४५२ पटक उडनतस्तरी देखेका थिए ।

EELS

(एक्जोबायलोजी एक्सटेन्ट लाइफ सर्भाइबर) नासाले बनाएको सर्प जस्तो रोबोट हो । यसले कुनै दिन शनि ग्रहको एउटा चन्द्रमामा जीवन खोज्ने छ ।





अनुसन्धानले के देखाएको छ भने जो मानिस प्रायः फ्रेन्च फ्राई र फ्राई गरिएका अन्य खाद्यवस्तु बढी खान्छ उसलाई डिप्रेसन हुने सम्भावना बढी हुन्छ ।

बर्मुडा ट्राएङ्गलको कुचक्र

क्रिस्टोफर कोलम्बसले सो क्षेत्रमा पुग्दा आफ्नो कम्पासले अनौठो व्यवहार देखाएको तथ्य अभिलेखमा लेखेका थिए ।



कसैसँग यथार्थ तथ्याङ्क छैन तर पछिल्लो शताब्दीमै कैयौँ पानीजहाज र विमान रहस्यमय रूपमा बर्मुडा ट्राएङ्गलमा हराए, तिनीहरूको कुनै अवशेष नै फेला परेन ।

मायामी, बर्मुडा र प्युर्टो रिकोलाई बिन्दु मानेर कल्पना गरिएको बर्मुडा ट्राएङ्गलभित्र अत्तोपत्तो नहुने गरी कैयौँ पानीजहाज र विमान बेपत्ता भएका छन् । के कति कारण यसरी जहाजहरू बेपत्ता भएका हुन्, त्यो अझै पनि रहस्यमै छ ।

करिब ८० वर्ष पहिले एक घमाइलो दिनमा फ्लोरिडामा रहेको अड्डाबाट जलसेनाका पाँच विमानले प्रशिक्षणका लागि उडान भरे, जसलाई फ्लाइट–१९ नाम दिइएको थियो । त्यसपछि फ्लाइट–



१९ का कुनै पनि विमानको चालक दलका सदस्य देखा परेका छैनन् ।

यस प्रकार एक किंवदन्ती जन्मियो । मायामी, बर्मुडा र प्युर्टो रिकोबीच एक काल्पनिक त्रिभुजाकार क्षेत्र छ, जसलाई बर्मुडा ट्राएङ्गल भनिन्छ । यस रहस्यमय क्षेत्रमा अहिलेसम्म के कति घटना भएका छन्, कसैसँग यथार्थ तथ्याङ्क छैन तर पछिल्लो शताब्दीमै कैयौँ पानीजहाज र विमान रहस्यमय रूपमा बर्मुडा ट्राएङ्गलमा हराए, तिनीहरूको कुनै अवशेष नै फेला परेन ।

यस क्षेत्रका असामान्य विशेषतालाई विगतमा नै जानकारीमा आएका थिए । क्रिस्टोफर कोलम्बसले सो क्षेत्रमा पुग्दा आफ्नो कम्पासले अनौठो व्यवहार देखाएको तथ्य अभिलेखमा लेखेका थिए । तर सन् १९६४ मा आएर मात्र त्यस रहस्यमय क्षेत्रले नाम पायो, जब भिसेन्ट गाड्डिसले फ्लाइट–१९ बेपत्ता भएको घटनालाई लिएर अर्गोसी पत्रिकामा लखेको मूल लेखमा बर्मुडा ट्राएङ्गल शब्द प्रयोग गरे ।

विमानमा यात्रा गरिरहेका बेपत्ता यात्रुसँग के भयो ?, यसको व्याख्या गर्न कैयौँ खालका अनौठा सिद्धान्त प्रतिपादित गरिए । यात्रुसहित विमानहरू बेपत्ता हुनुमा भयङ्कर समुद्री दैत्य, विशाल स्क्विड वा अन्य ग्रहका प्राणीको कुचक्रलाई जिम्मेवार मानियो । एलियनले अपहरण गरेको, अज्ञात प्रणालीद्वारा सिर्जना गरिएको रहस्यमय त्रिआयामको अस्तित्व तथा समुद्रमा ठूलो मात्रामा फसेको मिथेन ग्यास अचानक बाहिर निस्कने घटना 'ओसिन फ्लाटुलेन्स' आदि सबैलाई केन्द्रमा राखेर विश्लेषण गरिएका थिए ।

धेरै मानिसको विचारमा वास्तविकता चाहिँ तत्त्वहीन छ । उनीहरू के जिकिर गर्छन् भने विमानहरू बेपत्ता भएका घटनामा कहिलेकाहीँ अस्थिर प्रकृति, मानवीय त्रुटि, बेकम्मा शिल्पकारी वा डिजाइन तथा दुर्भाग्यलाई जिम्मेवार मान्न सकिन्छ ।

अमेरिकाको नेभल हिस्टोरिकल फाउन्डेसनका इतिहासवेत्ता जोन रेली भन्छन्, "त्यो क्षेत्र भएर धेरै नै यात्रा गरिन्छ तथा युरोपेली अन्वेषणका आरम्भिक दिनदेखि नै यो एक व्यस्त मार्ग रहिआएको छ । त्यहाँ केही पानीजहाज र विमान हराए भन्नु भनेको त न्युजर्जीको टर्नपाइकमा धेरै नै कार दुर्घटना हुन्छन् भने जस्तो भयो ।"

अमेरिकी कोस्ट गार्ड कार्यालयका लेफ्टिनेन्ट एएल रसेलले बर्मुडा ट्राएङ्गलमाथि भएका अनुसन्धानका बारेमा लेखेका छन्, "हाम्रो अनुभव के छ भने प्रकृतिको ताकत तथा मानवजातिको अस्थिरताको संयुक्त शक्तिले प्रत्येक वर्ष विभिन्न साइन्स–फिक्सन कथालाई जन्म दिइरहेको छ ।"

फ्लाइट–१९ बेपत्ता

सन् १९४५ डिसेम्बर ५ मा उडान भरेको दुर्भाग्यशाली फ्लाइट–१९ सँग जोडिएको बर्मुडा ट्राएङ्गलको कथा सदा सम्झनामा रहने छ ।

फ्लोरिडाको फोर्ट लाउडरडेलमा रहेको नेभल एयर स्टेसनबाट फ्लाइट–१९ ले उडान भरेका थिए । पाँचवटा टीबीएम एभेन्जर टोर्पिडो बम्बरमा १४ जना थिए र दिउँसो २:१० मिनेटमा उडेका ती विमान

नियमित नेभिगेसनल ट्रेनिङमा थिए। प्रशिक्षक लेफ्टिनेन्ट चार्ल्स टेलरको नेतृत्वमा रहेको फ्लाइट–१९ लाई समुद्रमा काल्पनिक त्रिकोण क्षेत्रबाट हुँदै 'हेन एन्ड चिकेन स्कल्स' माथि बम वर्षा गर्ने अभ्यासको जिम्मेवारी दिइएको थियो।

जीपीएस युगभन्दा धेरै पहिले विमानले नेभिगेसनका लागि कम्पासमा भर पर्नु पर्दथ्यो। कम वर्षा गर्ने अभ्यास गरेको लगत्तै टेलर बेपत्ता भए। सन् १९४५ मा समुद्रमाथि विमान उडाउँदा पाइलट दिशा निर्धारणका लागि कम्पासमा भर पर्थे तथा उनीहरूले आफू कुन दिशामा कुन गतिले उडान गरिरहेको छु भन्ने थाहा पाउनु पर्दथ्यो।

टेलरको विमानका दुवै कम्पास स्पष्ट रूपमा खराब देखिए। विमानमा जडित सञ्चार प्रणाली बारेको लेखोटले समेत सुझाव दिन्छ, उनले घडी पहिरिएका थिएनन्। समुद्रको मध्यमा कुनै सीमाचिह्न पनि थिएन।

विमानहरूले एकै दिशामा उडान भरे र त्यसपछि अर्को दिशामा किनभने दिउँसो शान्त देखिएको समुद्र अँध्यारो आँधीबेहरीमा परिणत भएको थियो। पहिलो विमानमा इन्धनको मात्रा १० ग्यालनभन्दा कम भएपछि सबै पाँच विमान समुद्रमा खस्ने अवस्था आउँदा टेलरले जोगिने उपाय खोज्न थाले तर सफलता पाएनन्।

एभेन्जरलाई निकै बलियो विमान मानिएको थियो। पाइलटहरूले कहिलेकाहीँ यसलाई 'आइरल बर्ड' पनि भन्दथे। नेवल एभियसन हिस्ट्रीका इतिहासवेत्ता मार्क इभान्स भन्छन्, "एक ट्याङ्कका रूपमा ती विमानको निर्माण गरिएको थियो। ती विमान युद्धबाट पटक पटक फिर्ता आएका थिए र अझै पनि काम गरिरहेका थिए। पाइलटहरूले तिनलाई मन पराउँथे।"



ती विमान धेरै तौल भएका थिए। बाह्य भारबिना पनि तिनको तौल साढे चार हजार किलो थियो। समुद्रमा जब एभेन्जरले सोझै गोता लगाएको होला, त्यो निकै तेज र जोडदार भएको हुन सक्छ। समुद्री छाल उर्लेका बेला त्यसमा गोता लगाएको जहाजमा सवार कोही बाँच्ने सम्भावना अत्यन्त कम हुन्छ, त्यसमाथि चिसो पानीमा रातिका बेला त बाँच्ने सम्भावना नै हुँदैन। त्यसमाथि विमानका भग्नावशेष समुद्रको पिँधमा चाँडै पुग्ने सम्भावना अधिक थियो।

अमेरिकाले जमिन र समुद्रमा व्यापक स्तरमा खोजी अभियान चलायो तर न त यात्रुको अवशेष नै भेटियो न त विमानको भग्नावशेष।

बर्मुडा ट्राएङ्गलको तान्डव त्यतिमै सीमित कहाँ भयो र, खोजी कार्यमा खटिएको

समुद्री छाल उर्लेका बेला त्यसमा गोता लगाएको जहाजमा सवार कोही बाँच्ने सम्भावना अत्यन्त कम हुन्छ, त्यसमाथि चिसो पानीमा रातिका बेला त बाँच्ने सम्भावना नै हुँदैन। त्यसमाथि विमानका भग्नावशेष समुद्रको पिँधमा चाँडै पुग्ने सम्भावना अधिक थियो।

एउटा अर्को विमान १३ जना यात्रुसहित बेपत्ता हुन पुग्यो। त्यसरी बेपत्ता भएको विमान थियो पीबीएम मेरिनर। यसलाई ‘उड्ने ग्यास ट्याङ्क’ पनि भनिन्थ्यो किनभने हल्का आगो वा झिल्कोले समेत यसमा विस्फोट हुन सक्थ्यो। त्यस क्षेत्रमा रहेको एउटा पानीजहाजले आकाशमा आगोको ठूलो मुस्लो देखेको तथा जहाँ र जुन समयमा त्यति बेला विमान हुनुपर्ने हो त्यहाँको समुद्रमा फैलिएको तेल पार गरेर आफू अगाडि बढेको जानकारी दिएको थियो। सन् १९४९ मा अमेरिकाको जलसेनाले जोखिम उच्च भएको जनाउँदै पीबीएम मेरिनरको उत्पादन नै बन्द गऱ्यो।

फ्लाइट-१९ बेपत्ता भएको



एउटा पानीजहाजले आकाशमा आगोको ठूलो मुस्लो देखेको तथा जहाँ र जुन समयमा त्यतिबेला विमान हुनुपर्ने हो त्यहाँको समुद्रमा फैलिएको तेल पार गरेर आफू अगाडि बढेको जानकारी दिएको थियो।

सम्बन्धमा जलसेनाको अन्तिम अनुसन्धान प्रतिवेदनमा पाइलटको त्रुटिलाई दोष दिइयो। टेलरको परिवारले यस अनुसन्धान प्रतिवेदनको विरोध गऱ्यो तथा कैयौँ पटक समीक्षा गरिएपछि अन्तिम निष्कर्षलाई परिवर्तन गरी ‘अज्ञात कारण’ भनियो।

आन्ध्र महासागरको चिहान

बर्मुडा ट्राएङ्गल क्षेत्रमा केही असामान्य विशेषता छन्। पृथ्वीमा रहेका यस्ता दुई क्षेत्रमध्येको एक हो। अर्को इलाका जापानको पूर्वी तटीय क्षेत्रमा ‘डेभिल्स सी’ नामले परिचित छ। ‘डेभिल्स सी’ समेत रहस्यमय घटनाले भरिएको छ। त्यहाँ ‘ट्रु नर्थ र म्याग्नेटिक नर्थ’ पङ्क्तिबद्ध छन्। यस कारणले गर्दा कम्पासको सुईमा भरोसा गर्न सकिँदैन।

बर्मुडा ट्राएङ्गलमा विश्वको समुद्रमुनिका धेरै गहिरा खोंचसमेत छन्। समुद्रको सतहबाट धेरै गहिराइमा रहेका ती खोंचमा



पानीजहाज र विमानका भग्नावशेष थन्किन पुग्छन्, त्यसलाई समुद्रमा कैयौँ किलोमिटर गहिराइको चिहान पनि भन्ने गरिएको छ।

बर्मुडा ट्राएङ्गलको अधिकांश पिँध सतहबाट १९ हजार फिट अर्थात् पाँच हजार ७९१ मिटर गहिराइमा छन्। बर्मुडा ट्राएङ्गलको दक्षिणी कुना प्युर्टो रिको ट्रेन्च (खोंच) त सतहबाट आठ हजार २२९ मिटर गहिरो छ।

महादेशीय तख्तासँगै खतरनाक बलौटे क्षेत्र र रिफ पाइन्छन्। रिफहरूमाथि पानीको तेज धारले पटक पटक नेभिगेसनल सङ्कट ल्याउने भनाइ छ अमेरिकी तटीय सुरक्षा गार्डको। नेसनल ओसियानिक एन्ड एट्मोस्फेरिक एड्मिनिस्ट्रेसनको मेरिन प्रिडिक्सन सेन्टरका डेभ फाइट भन्छन्, "यस क्षेत्रको सबैभन्दा ठूलो समस्या भनेको समुद्री आँधी नै हो तर यो आँधी उत्पन्न हुने क्षेत्र मात्रै होइन।"

डेभ फाइटले के कुरा औँल्याएका छन् भने बर्मुडा ट्राएङ्गलको पश्चिमी कुना हुँदै 'गल्फ स्ट्रिम' बग्दछ र त्यो नै यसको कारक हुन सक्छ। 'गल्फ स्ट्रिम' भने समुद्रभित्र बग्ने ६४ देखि ८० किलोमिटर चौडा नदी हो, जो उत्तरी आन्ध्र महासागरलाई घेरा बनाएर बग्दछ। न्यानो पानी तथा करिब साढे सात किलोमिटर प्रतिघण्टाको गतिमा बग्ने जलधाराले मौसमको स्वरूप निर्धारण गर्न सक्दछ।

जे जस्ता सिद्धान्त र तर्क अगाडि सारिएका भए पनि बर्मुडा ट्राएङ्गल रहस्यमय नै मानिएको छ। यससँग जोडिएका अनेक कथा हरेक दिन सतहमा आउने गर्छन्। ■

-युवामञ्च

विश्वका प्रसिद्ध व्यावसायिक बक्सिङ खेलाडी माइक टाइसनले एक पटक गोरिल्लासँग भिड्ने सोचाइ बनाएका थिए । उनले चिडियाखानाका कर्मचारीलाई १० हजार डलर दिएर गोरिल्लाको



खोरमा जान दिनसमेत भने तर उनको इच्छा पूरा भएन । गोरिल्लाले अन्य पशुलाई जिस्क्याइरहेको देखेर टाइसनलाई रिस उठेको थियो र उनी त्यस गोरिल्लालाई पाठ सिकाउन चाहन्थे ।

तन्त्र सिद्धिका लागि



तान्त्रिक साधना



■ शीतल गिरी



भैरव पूजाका लागि चमेलीको तेलमा गाजल मिसाएर आँखा र मुख साथै अन्य ठाउँमा सजाउनुका साथै चाँदीको केही अंश पनि प्रतिमा र वस्त्रमा टाँस्नु पर्दछ ।

तन्त्र साधना र तान्त्रिक साधनाका बारेमा जनमानस एउटा भ्रमको भुँमरीमा अल्मलिएको छ । प्रायः मानिसले तान्त्रिक साधनाको अभ्यास अरूलाई खती पुऱ्याउन गरिन्छ भन्ने धारणा राख्छन् । साथै तान्त्रिकलाई प्रायः गरेर डरलाग्दो व्यक्तिका रूपमा चित्रण गरिन्छ ।

यथार्थमा तान्त्रिक साधना भक्तिको अन्तिम खुड्किलो हो । यसै कारण यस क्षेत्रमा पाइला राख्नुभन्दापहिले नै तन्त्र साधना, तन्त्र सिद्धि र विभिन्न देवीदेवतालाई सिद्ध गर्ने तान्त्रिक प्रक्रियाहरू राम्ररी अध्ययन गरिनु पर्छ । जसरी पूजा आराधना अगाडिका कदम मानसिक उपासना हो ठीक त्यसै गरी मन्त्र सिद्धि र यन्त्र जागरण अगाडिको कदम हो, तन्त्र सिद्धि अर्थात् तान्त्रिक साधना ।

मानिसले भगवान्को तान्त्रिक साधना प्राचीनकालदेखि गर्दै आइरहेका छन् । यही साधनाको बलमा उनीहरू ब्रह्मर्षि र राजर्षि जस्ता पद मात्र होइन बरु संसारमा जे चाह्यो त्यही र अन्त्यमा मोक्ष प्राप्त गर्न सक्षम भए । भगवान् शिवको तन्त्र साधना गरेर रावण र मेघनाथले शक्ति प्राप्त गरेका थिए । यति मात्र कहाँ हो र तान्त्रिक साधनाको भरमा भूत प्रेत आदिलाई आफ्नो अनुचर पनि बनाउन सकिन्छ ।

प्राचीन धर्मग्रन्थहरूमा मन्त्र, यन्त्र र साधनाका बारेमा पर्याप्त जानकारी उपलब्ध छ । कतिपय ग्रन्थ त तन्त्रशास्त्रका बारेमा मात्रै लेखिएका छन् । शास्त्र अनुसार यन्त्र सम्मुखमा

राखेर सम्पूर्ण अनुष्ठान विधिपूर्वक सम्पादन गर्दै आराध्यदेवको कुनै पनि मन्त्र निश्चित मात्रामा जप र त्यसपछि हवन आदि गर्नु तन्त्र साधनाको प्रारम्भिक रूप हो । यसै गरी डर र आपतविपतबाट रक्षा अथवा कुनै विशिष्ट सिद्धि या कार्य पूर्ण गर्नका लागि जुन मन्त्र जप र अनुष्ठान गर्ने गरिन्छ त्यो पनि तन्त्र सिद्धि नै हो ।


यन्त्र पूजामा विशेष ध्यान दिँदै मन्त्र जप गर्नुको नाम यन्त्र साधना हो । जब यन्त्र र मन्त्र दुवैलाई समान महत्त्व दिएर कुनै विशेष प्रयोजनको सिद्धिका लागि पूर्ण विधि विधानपूर्वक यन्त्रको पूजन र मन्त्रको जप गर्ने गरिन्छ तब यही कार्यलाई तन्त्र साधना भन्ने गरिन्छ । भैरवको तान्त्रिक साधना त यति व्यापक रूपमा हुने गरेको छ कि प्रायःजसो मानिस भैरवको प्रत्येक आराधक–उपासकलाई तान्त्रिक नै ठान्दछन् ।

आराधना उपासना र मन्त्र जप जस्तै नै तान्त्रिक साधना पनि उपास्य देवको विशेष कृपा, उनीप्रतिको अविचल भक्ति र मोक्ष प्राप्तिको उद्देश्यले गर्ने गरिन्छ । जहाँसम्म अरूलाई खती पुर्‍याउन र आफूप्रति आकृष्ट गराउन, यहाँसम्म कि अरूलाई मार्ने किसिमका साधना गर्ने साधकहरू प्रायःजसो लेखपढ गर्न नजान्ने अनाडि नै हुन्छन् । केही साधनामा भ्रष्ट भएका साधक पनि यस्तो साधनामा लागेको पाइन्छ । प्राण प्रतिष्ठित यन्त्र सम्मुखमा राखेर कुनै मन्त्र एकहोरो जप गर्दै गरेको व्यक्तिलाई पनि कतिपय मानिस तन्त्र साधक भन्ठान्छन्, वास्तवमा यस्तो क्रिया मन्त्र सिद्धि मात्र हो ।

तान्त्रिक साधना गर्ने बेलामा आराध्य देवको प्रतिमालाई प्राण प्रतिष्ठा गरी पूर्ण शृङ्गार गरेर षोडशोपचारले विशेष भोग लगाइन्छ, घिउको एउटा दियो पनि साधना अवधिभरि बालेर राखिन्छ । तन्त्र आराधकले पूजाको एउटा विशिष्ट स्थान निर्धारित गरेर त्यहाँ उपास्यदेवको सानो मन्दिर बनाएर अखण्ड दियो बालेर षट्कर्मका लागि सिद्धि गर्ने समयमा सम्पूर्ण उपादानको प्रयोग त गर्छन् नै, साधकले प्रयोग गर्ने आसन र मालाले पनि विशेष महत्त्व राख्दछ ।

विभिन्न देवताको तान्त्रिक साधना गर्ने बेलामा त्यस

यन्त्र र मन्त्र दुवैलाई समान महत्त्व दिएर कुनै विशेष प्रयोजनको सिद्धिका लागि पूर्ण विधि विधानपूर्वक यन्त्रको पूजन र मन्त्रको जप गर्ने गरिन्छ तब यही कार्यलाई तन्त्र साधना भन्ने गरिन्छ ।





देवताको रुचि अनुकूल नै वस्त्र, भोग र अन्य वस्तु पनि समर्पण गर्नुपर्छ। कुनै पनि देवताको आराधना अथवा तान्त्रिक साधना गर्दा देवताको प्रकृति, स्वभाव अनुसारको वस्तु प्रयोग गर्नुपर्छ र अनि मात्र देवको पूजाबाट फल प्राप्त हुन्छ।

भैरव पूजाका लागि चमेलीको तेलमा गाजल मिसाएर आँखा र मुख साथै अन्य ठाउँमा सजाउनुका साथै चाँदीको केही अंश पनि प्रतिमा र वस्त्रमा टाँस्नु पर्दछ। भैरवले डमरू बजाएको र नृत्य गरेको अत्यन्त मन पराउने हुँदा साधकले हातमा डमरू र गोडामा चाँप बाँधेर साधना गर्नुपर्छ।

चाँदीको बज्ने पाउजुको अभावमा कालो अथवा रातो रेशमको धागोमा गाँसेर बनाएको चाप भैरवको साधना गर्दा उनको गोडामा बाँध्न अथवा नजिकै राख्न सकिन्छ। भैरव आफ्ना भक्तप्रति दयालु र दुष्टलाई कठोर दण्ड दिने गर्छन्। यसर्थ साधकले उनको मूर्तिको नजिक ५०-६० सेन्टिमिटर लामो लट्ठी राम्ररी सजाएर राखिदिनु पर्छ।



भैरवको तन्त्र साधनाका लागि एउटा ध्वजा पनि मूर्तिको छेउमा राख्नु पर्छ। मूर्ति पूजा र षोडशोपचार आराधना समान नै तान्त्रिक साधना गर्दा पनि सम्पूर्ण पूजा सामग्री प्रयोग गर्ने गरिन्छ तर यसको चयन गर्ने पनि एउटा निश्चित विधान छ। विशेष गरेर ध्यान राख्नुपर्ने कुरो के हो भने भैरवको सौम्य स्वरूपको सात्विक सिद्धि गर्ने बेलामा रातो रङका वस्तु र फूलको प्रयोग गर्ने गरिन्छ तर रौद्र रूपको तामसिक सिद्धि गर्ने साधकले रातो रङका साथसाथै गाढा कालो रङका वस्तु पनि प्रयोग गर्ने गर्छन्।



भैरव आराधना अथवा कुनै पनि तान्त्रिक साधना विधि विधानअनुसारका सामग्रीले गरिएन भने पूर्ण हुँदैन। भैरव पूजामा रातो रङको फूल नै प्रयोग गर्नुपर्छ, त्यसमा बास्ना होस् या नहोस् खास फरक पर्दैन।

तान्त्रिक साधनाको सिद्धिमा साधक बस्नका लागि प्रयोग गरिने आसन, जप गर्ने माला र बस्दाखेरी सम्मुख दिशाले पनि


धेरै महत्त्व राख्दछ। तन्त्र साधकले रुद्राक्षको माला लगाउने र रुद्राक्षको मालाले नै जप गर्नु पर्दछ। भैरव आराधना र तान्त्रिक साधना गर्दा प्रयोग गरिने आसनको पनि धेरै ठूलो महत्त्व हुन्छ। शास्त्रमा भनिएको छ, भैरवको सात्विक पूजा आराधना र मन्त्र जपका लागि रातो रङको ऊनको आसन सर्वश्रेष्ठ फलदायक हो। आकर्षण र सम्मोहनका लागि बाघको छाला आसनका रूपमा प्रयोग सबै किसिमका सिद्धिका लागि समान रूपले श्रेष्ठ भनिएको छ।

भैंसीको छालाको आसन शत्रुलाई मार्ने र समूल नष्ट गर्ने प्रयोजन हेतुको अनुष्ठानमा प्रयोग गर्ने गरिन्छ। यसैगरी पश्चिमतर्फ फर्किएर स्तम्भन, उच्चाटन, रक्षण र विद्वेषण प्रयोजन साधना गर्ने गरिन्छ भने उत्तरतर्फ मुख गरेर भैरवको आराधना गर्नाले धनधान्य र लक्ष्मी प्राप्ति हुन्छ। मारणका लागि दक्षिण फर्केर तान्त्रिक क्रिया गर्दा सिद्धिप्राप्त हुन्छ भने प्रायः सात्विक साधनाका लागि पूर्व फर्केर रातो ऊनको आसनमा बस्नुपर्छ, यो नै उपयुक्त तरिका हो।

तन्त्र साधना सात्विक र तामसिक हुने हुँदा यसको उद्देश्य पनि दुई प्रकारको हुन्छ। इन्द्रजालमा आध्यात्मिक विकास र लौकिक उपलब्धि प्राप्तिको प्रक्रियालाई नै शान्ति कर्म भनिएको छ। ■

विश्वमा मधुमेहको दर

पाकिस्तान	३०.८ प्रतिशत
कुवेत	२४. ९ प्रतिशत
इजिप्ट	२०.९ प्रतिशत
कतार	१९.५ प्रतिशत
मलेसिया	१९.१४ प्रतिशत
साउदी अरब	१८.७ प्रतिशत
मेक्सिको	१६.९ प्रतिशत
टर्की	१४.५ प्रतिशत
बङ्गलादेश	१४.२ प्रतिशत
श्रीलङ्का	११.३ प्रतिशत
दक्षिण अफ्रिका	१०.८ प्रतिशत
इराक	१०.७ प्रतिशत
अमेरिका	१०.७ प्रतिशत
इन्डोनेसिया	१०.६ प्रतिशत
चीन	१०.६ प्रतिशत
स्पेन	१०.३ प्रतिशत
थाइल्यान्ड	९.७ प्रतिशत
भारत	९.६ प्रतिशत
इरान	९.१ प्रतिशत
पोर्चुगल	९.१ प्रतिशत
ब्राजिल	८.८ प्रतिशत
नेपाल	८.७ प्रतिशत
उत्तर कोरिया	८.६ प्रतिशत





काफल पाक्यो

नेपाललगायत दक्षिण एसिया तथा पूर्वी एसियाका केही स्थानमा पाइने गर्छ। यो चरा समुद्री सतहबाट ३६०० मिटरसम्मको उचाइमा रहेका जङ्गलमा पाइन्छ। यो घुमन्ते चराका रूपमा पनि चिनिन्छ।

नेपालको मध्य, उच्च पहाडी र हिमाली क्षेत्रका साथै समुद्री सतहबाट १५ सय मिटरदेखि चार हजार मिटर उचाइसम्म काफल पाइन्छ। काफललाई ठाउँ अनुसार नेपालीमा कोबुसी, कायफल, काफल भन्ने गरिन्छ भने हिन्दीमा काफल कायफर, कायफल तथा अङ्ग्रेजीमा काफलाई बेबेरी भनिन्छ। काफलको वैज्ञानिक नाम भने मार्सिका एस्कुलेन्टा हो।

काफल एक लोकप्रिय प्राकृतिक जङ्गली पहाडी फल हो। यसको स्वाद मीठो हुन्छ। गर्मी मौसममा पहाडका वन पाखा जतातत‍ै काफल पाकेको हुन्छ। चैतदेखि जेठ महिनासम्म काफल पाक्छ।

तराईमा जति जति गर्मीको राप चढ्दै जान्छ, पहाडका जङ्गलमा काफलको रङ पनि चढ्न थाल्छ। यसको फलको आकार लाम्चो र गोलो

हुन्छ तथा स्वाद अमिलो मीठो । यस फलको रङ काँचोमा हरियो तथा पाकेपछि रातो र धेरै पाकेपछि बैजनी रङको हुन्छ ।

यति बेला पहाडका जङ्गलमा चराले 'काफल पाक्यो' भने जस्तै गरी कराएको सुनिन्छ ।

नेपाली समाजमा प्रचलित एउटा लोककथा छ, चारोको खोजीमा चरा आफ्ना बच्चा छाडेर अन्तै गएको थियो । पछि जङ्गलमा काफल पाक्यो । ती बच्चाले चारोको खोजीमा गएका आफ्ना आमा बुवालाई बोलाए 'काफल पाक्यो, काफल पाक्यो' ।

काफलसँग 'काफल पाक्यो' चरीको सम्बन्ध छ । काफल पाक्यो चरीको वैज्ञानिक नाम क्युकुलस माइक्रोप्टेरस हो । यो नेपाललगायत दक्षिण एसिया तथा पूर्वी एसियाका केही स्थानमा पाइने गर्छ । यो चरा समुद्री सतहबाट ३६०० मिटरसम्मको उचाइमा रहेका जङ्गलमा पाइन्छ । यो घुमन्ते चराका रूपमा पनि चिनिन्छ ।

काफल गीत/सङ्गीतमा पनि प्रयोग भएको छ । हाम्रा थुप्रै लोकभाकाका गीतमा काफलको प्रसङ्ग जोडिएको छ । जस्तै 'रेली खोला बगर, काफल पाक्यो लहर', 'काफल गेडी कुटुक्कै', 'काफल पाक्यो होला वनमा' ।

काफल खानुका फाइदा

स्वास्थ्यका लागि मौसमी फल अनिवार्य मानिन्छ । जुन मौसममा जे फल्छ, त्यही फल खानुपर्छ । भण्डारण गरिएको, बेमौसमी फल खानु त्यति उपयुक्त हुँदैन । अतः काफल अहिलेको मौसमी फल हो । काफल स्वादिष्ट मात्र होइन, स्वस्थकर पनि छ ।

चार पाँच ग्राम काफलको बोक्राको धुलोमा एक/दुई चम्चा मह मिलाएर दिनको दुई पटक सेवन गर्नाले सासको दुर्गन्ध हटाउन मद्दत पुग्छ ।



काफललाई हामीले औषधिका रूपमा समेत प्रयोग गर्न सक्छौँ । चिकित्सकका अनुसार काफल एउटा फल मात्र होइन, काफललाई विभिन्न रोगको औषधिका रूपमा पनि प्रयोग गर्न सकिन्छ । विभिन्न समस्यामा काफलको दाना, बोक्रा प्रयोग गर्न मिल्छ । यसको जरा, फल, फूल, बोक्रा, बिउ, पात परापूर्वकालदेखि नै आयुर्वेद औषधिमा प्रयोग गरिँदै आएको छ ।

काफलमा प्रोटिन, फाइबर, खनिज तत्त्व, कार्बोहाइड्रेटलगायतका तत्त्व पाइन्छन् । काफलको बोक्रामा एन्टिसेप्टिक गुण हुन्छ भने यो कफ र ज्वरो नियन्त्रणका लागि पनि लाभदायक मानिन्छ ।

ज्वरो आएमा, घाँटीको समस्या भएमा, दम बढेमा, रगतको कमी भएमा काफल खानु उपयोगी हुन्छ । अरुचि भएमा काफल खानाले लाभ मिल्छ । साथै मधुमेह रोगमा पनि यो रामवाण मानिन्छ । काफल खानाले मुटुलगायत क्यान्सर रोगको जोखिम कम गर्ने बताइन्छ ।

कानको रोग, आँखाको रोग, अनियमित मासिकस्राव, टाउको दुखाइ आदिमा काफलको धुलो, बोक्रा आदिलाई औषधि बनाएर सेवन गर्दा लाभ मिल्छ । शरीरका कुनै बाहिरी अङ्गमा घाउ भएमा वा चोटपटक लागेमा काफलको बोक्राको धुलोको लेप बनाएर लगाउँदा चाँडै लाभ मिल्छ ।

सामान्यतया काफलको बोक्रालाई पिसेर धुलो बनाउने र त्यस धुलोलाई मन्जनका रूपमा ब्रस गरे दाँत सफा हुनुका साथै दाँतको दुखाइ पनि निको हुन्छ । यस्तै चार पाँच ग्राम काफलको बोक्राको धुलोमा एक/दुई चम्चा मह मिलाएर दिनको दुई पटक सेवन गर्नाले सासको दुर्गन्ध हटाउन मद्दत पुग्छ ।

त्यस्तै काफलको फलको बोक्राको काजल बनाउन प्रयोग गरिन्छ । काफल पेटका लागि निकै फाइदाजनक छ । यसको सेवनले अपच र अरुचि हुने समस्याबाट छुटकारा पाउन सकिन्छ । ■

–अच्युतमान सिंह प्रधान
'उत्सुक'



इन्टरनेटको कालो दुनियाँ

डार्क वेब



अजय शर्मा

विशेषज्ञका अनुसार इन्टरनेटमा आमरूपमा हामीले प्रयोग गर्ने गरेको 'सर्फेस वेब' को हिस्सा केवल पाँच प्रतिशत मात्रै हो ।

इन्टरनेटको प्रयोगसँगै विश्वमा विभिन्न स्टार्टअप कम्पनीलाई अगाडि बढ्ने मौका मिलेको छ । इन्टरनेटले व्यवसाय, शिक्षा, सञ्चार, सरकारका कामलगायतका विभिन्न क्षेत्रमा क्रान्ति ल्याएको स्पष्ट नै छ । एकातर्फ इन्टरनेटको आगमनसँगै विश्वलाई अगाडि बढ्ने मौका मिलेको छ भने अर्कोतर्फ यसको डरलाग्दो पक्ष पनि अगाडि आएको छ, जसको नाम हो 'डार्क वेब' । तपाईंमध्ये कतिले डार्क वेबको नाम सुन्नुभएकै होला । आखिर डार्क वेब भनेको के हो र यसको सुरुवात कसरी भएको थियो ?

डार्क वेब इन्टरनेटको यस्तो भाग हो जुन खोज इन्जिनहरूमा देखिँदैन। डार्क वेब सामान्यतः लागूऔषध व्यापार, नक्कली दस्तावेज तथा बालबालिकाको अश्लील सामग्री (चाइल्ड पोर्नोग्राफी)लगायतका सामग्रीको अनधिकृत बेचबिखनसँग सम्बन्धित छ तर यसो भनिरहँदा डार्क वेबमा हुने सबै कुरा पूर्ण रूपमा खराब हुन्छन् भन्ने पनि छैन।

इन्टरनेटको अधिकांश हिस्सा हाम्रो दृष्टिबाट लुकेको छ। जहाँ

डार्क वेबमा तपाईंले प्रवेश गर्नुभयो भने तपाईंले के के गरिरहनुभएको छ त्यस कुराको निगरानी (ट्र्याक) हुने सम्भावना हुनुका साथै डार्क वेब ब्राउज गर्न वा हेर्न प्रयोग हुने उपकरणमा समेत ह्याकर र भाइरसको आक्रमण हुने जोखिम उत्तिकै रहन्छ।



लागुऔषध व्यवसायी, ह्याकर र पैसाका लागि ज्यानसमेत लिने मानिसले आफ्नो सेवाबारे विज्ञापन गर्न सक्छन्। आमप्रयोग हुने इन्टरनेटको प्रयोगलाई 'सर्फेस वेब' भनिन्छ। विशेषज्ञका अनुसार इन्टरनेटमा आमरूपमा हामीले प्रयोग गर्ने गरेको 'सर्फेस वेब' को हिस्सा केवल पाँच प्रतिशत मात्रै हो। इन्टरनेटको आमप्रयोग बाहिरको बाँकी ९५ प्रतिशत हिस्सालाई 'डिप वेब र डार्क वेब'ले ओगटेको छ। त्यसमध्ये डार्क वेब साइटले कुल इन्टरनेट सामग्रीको लगभग पाँच प्रतिशतको मात्र प्रतिनिधित्व गर्छन्।

डार्क वेबमा रहेका वेबसाइटको डोमेन नाम पनि निकै सुरक्षित र 'इनक्रिप्ट' गरिएका हुन्छन्। यस्ता वेबसाइटको पछाडि डटकम (.com) को साटो डटओनियन (.onion) लगायतका डोमेन हुने गर्छन्।

सामान्य रूपमा भन्नुपर्दा डार्क वेबमा हामी सहज तरिकाबाट प्रवेश गर्न सक्दैनौँ। यस्ता वेब साइटसम्म पुग्न हामीले आफ्नो 'आईपी एड्रेस' परिवर्तन गर्नुपर्ने हुन्छ। यतिले मात्र पुग्दैन, त्यसका लागि एक खास ब्राउजर जस्तै टोर ब्राउजर, भीपीएन वा अन्य विभिन्न 'टुल' को प्रयोग गर्नुपर्ने हुन्छ।

डार्क वेबमा यस्ता गतिविधि हुन्छन् जसका बारेमा हामीले कल्पना पनि गर्न सक्दैनौँ। अर्को अर्थमा भन्ने हो भने इन्टरनेटको कालो संसार नै डार्क वेब हो। जहाँ बालबालिका तस्करी, साइनाइड जस्ता खतरनाक विषको बिक्री, लागूऔषध तस्करी, मानव तस्करी, सरकारको गोपनीयता ह्याक गर्ने, अत्याधुनिक हतियारको खरिद बिक्री, यौन भिडियो सार्वजनिक, आतङ्ककारी गतिविधिलगायतका खतरनाक अपराध हुने गर्छन्।

यसका साथै डार्क वेबलाई सञ्चालन गर्ने सर्भरको 'आईपी एड्रेस' लुकाइएको हुन्छ। यसको अर्थ डार्क वेबभित्रका साइट कसले 'होस्ट' गर्छ र कसरी 'होस्ट' गर्छ भनेर थाहा पाउन सकिँदैन। सरकार र विश्वका विकसित देशका लागि डार्क वेब टाउको दुखाइको विषय बनेको छ। डार्क वेबमा कतिवटा वेबसाइट छन्, यस्ता वेबसाइटको सञ्चालन कसले गर्छ र यहाँ हुने आपराधिक क्रियाकलापमा को को संलग्न छन् भनेर पत्ता लगाउन निकै मुस्किल हुन्छ।

डार्क वेबमा हुने गैरकानुनी कारोबारको भुक्तानीमा प्रायः क्रिप्टोकरेन्सी प्रयोग हुने गर्छ। जसका कारण यहाँ हुने भुक्तानीका

साथै लेनदेन सामान्य रूपमा पत्ता लगाउन सकिँदैन ।

डार्क वेबको सुरुवात

सन् १९९० को दशकमा अमेरिकाले 'डार्क वेब'को सुरुवात गरेको मानिन्छ । विश्वभर रहेका आफ्ना एजेन्टसँग जासुसी जानकारी आदानप्रदान गर्न अमेरिकी सेनाले डार्क वेबको निर्माण गरेको बताइन्छ । प्रश्न उठ्न सक्छ, के डार्क वेब चलाउनु गैरकानुनी हो ? हो वास्तवमै डार्क वेब चलाउनु गैरकानुनी र आपराधिक कार्य हो । विश्वका धेरैजसो देशले डार्क वेब चलाउनुलाई गैरकानुनी कार्यभित्र राख्ने गरेका छन् ।

अर्को पाटो भनेको डार्क वेबमा तपाईंले प्रवेश गर्नुभयो भने तपाईंले के के गरिरहनुभएको छ त्यस कुराको निगरानी (ट्र्याक) हुने सम्भावना हुनुका साथै डार्क वेब ब्राउज गर्न वा हेर्न प्रयोग हुने उपकरणमा समेत ह्याकर र भाइरसको आक्रमण हुने जोखिम उत्तिकै रहन्छ ।

डिप वेबभित्र रहेका साइट जसमा 'टोर ब्राउजर' र अन्य विशेष 'टुल' बाट मात्र पुग्न सकिन्छ । यस्ता साइटले कुल इन्टरनेट सामग्रीको लगभग पाँच प्रतिशतको प्रतिनिधित्व गर्छन् ।



सर्फेस वेब, डिप वेब र डार्क वेब

सर्फेस वेब : यसमा चलनचल्तीका सामान्य खोज इन्जिन तथा ब्राउजरबाट पहुँच गर्न सकिने साइट पर्छन् । यस्ता साइटले कुल इन्टरनेट सामग्रीको लगभग पाँच प्रतिशत मात्र प्रतिनिधित्व गर्छन् ।

डिप वेब : यसमा सामान्य खोज इन्जिन तथा ब्राउजरबाट पहुँच गर्न नसकिने साइट पर्छन् । यस्ता साइटले कुल इन्टरनेट सामग्रीको लगभग ९० प्रतिशतको प्रतिनिधित्व गर्छन् । उदाहरणका लागि इमेल इन बक्स, बैङ्किङ जानकारी, क्रेडिट कार्ड खातालगायतका वेबसाइट वा सामग्री । यस्ता वेबसाइटहरू प्रमाणीकरण फर्म, पासवर्ड र सुरक्षा 'फायरवाल' द्वारा सुरक्षित गरिएका हुन्छन् ।

डार्क वेब : डिप वेबभित्र रहेका साइट जसमा 'टोर ब्राउजर' र अन्य विशेष 'टुल' बाट मात्र पुग्न सकिन्छ । यस्ता साइटले कुल इन्टरनेट सामग्रीको लगभग पाँच प्रतिशतको प्रतिनिधित्व गर्छन् । यस्ता वेबसाइट प्रायःजसो गैरकानुनी उद्देश्यका लागि प्रयोग हुने गर्छ । ■

भाषा ज्ञान

न्यासी :	न्यासध्यानमा संलग्न
परिरेखित :	चारैतिर रेखा आदिले घेरिएको
परिरक्षा :	जतन, जगेडा
परियाण :	घुमफिर, भ्रमण
लामहात :	चोर बानी
लामेसो :	लाभको रकम
लिल्हा :	निलो
लिर्कटी :	चिप्लेटी
विभु :	चारैतिर फैलिएको
विभाषा :	छान्ने वा रोज्ने काम
व्यूढ :	क्रममा राखिएको
व्यासक्त :	आसक्त
शोणित :	रातो वर्णको
शोधनी :	कुचो, खरेटो
सउडो :	सानो बस्ती
सजन :	जनहितको, मानिसका साथको
सज :	बिस्तारै
सेल :	छाया, शीतलता
सेबती :	सेतो गुलाब
हँडु :	पानी भर्ने पित्तलको गाग्री
हचपच :	हतार, हतपत

Access	पहुँच
Proceed	अगाडि बढ्नु
Composition	संयोजन
Barrier	बाधा, अड्चन
Mutual	परस्पर
Ought	चाहियो
Firm	दृढ
Literally	वस्तुतः
Mortgage	जमानत राख्नु
Expense	व्यय
Stuff	सामग्री
Substantial	सन्तोषजनक
Utility	उपयोगिता
Intend	चाहना राख्नु
Jury	पञ्चायत
Lay	धुलोमा मिलाउनु
Liberal	उदार
Conviction	दोषसिद्ध
Blow	फुक्नु
Assist	सहायता दिनु
Nevertheless	तैपनि

Did you know?

Fish:



Fish:



Fishes:



The plural of fish is fish. When referring to more than one species, you can use fishes as plural

यस चित्रमा भएको गल्ती खोज्नुहोस् ?




प्रश्न

८ अङ्कलाई ८ पटक प्रयोग गरेर १००० कसरी बनाउन सकिन्छ ?

यदि दुई व्यक्ति दुई घण्टामा दुई साइकल बनाउन सक्छन् भने चार व्यक्तिले चार घण्टामा कति साइकल बनाउन सक्ने छन् ?


जब राम आठ वर्षका थिए उनका पिताको उमेर ३१ वर्ष थियो । अब पिताको उमेर रामको भन्दा दोब्बर भएको छ । लौ भन्नुहोस् अहिले राम कुन उमेरका छन् ?

उत्तर यसै अङ्कमा





यस चित्रमा कुन बिरालो फरक छ ?



यस चित्रमा घोडचढी कहाँ लुकेका छन् ?



यमबहादुर दुरा

प्रसारण आतङ्कको एउटा अध्याय

'हलोविन' पर्वको पूर्वसन्ध्या, अर्थात् सन् १९३८ अक्टोबर ३० को साँझ । अमेरिकीहरू 'हलोविन' पर्व सदाझैँ धूमधामसँग मनाउने तयारीमा थिए । उनीहरू स्वाभाविक किसिमले 'फेस्टिभ मुड' मा थिए । सबै कुरा ठीकठाक चलिरहेको थियो । यस्तैमा अमेरिकी रेडियो नेटवर्क कोलम्बिया ब्रोडकास्टिङ सिस्टम (सीबीएस) मा त्यही साँझ (अक्टोबर ३० मा) एउटा अविस्मरणीय नाटक प्रसारण भयो । त्यो नाटक साँझ ८ बजेदेखि एक घण्टासम्म प्रसारण भएको थियो । नाटकको शीर्षक थियो 'द वार अफ द वर्ल्डस्' ।

उक्त नाटक अमेरिकी प्रसारण संस्था 'कोलम्बिया ब्रोडकास्टिङ सिस्टम' को रेडियो नेटवर्कअन्तर्गत रहेका एक सय १० रेडियोबाट प्रसारण भइरहेको थियो । नाटकमा मङ्गल ग्रहबाट पृथ्वीतलमा झरेका अपरिचित तथा दुष्ट

प्रकृतिका डरलाग्दा प्राणीले पृथ्वीमा आएर हमला गरेको भयानक प्रसङ्ग थियो। ती दुष्ट प्राणी भौतिक आक्रमणमा सरिक छँदै थिए, धर्तीमा हानिकारक तातो किरण र विषालु धुवाँ पनि प्रवाह गर्दै थिए। नाटकमा वर्णित घटनास्थल अमेरिकाकै न्यु जर्जी राज्यको 'गोभर्स् मिल' भन्ने ठाउँ थियो। 'गोभर्स् मिल' पनि कुनै काल्पनिक नाम थिएन, वास्तविक थलो थियो।

प्रख्यात लेखक एचजी वेल्स (सन् १८६६-१९४६) ले



नाटकको विषयवस्तुलाई समाचार बुलेटिनका रूपमा प्रस्तुत गरिएको थियो। अझै त्यसमा संवाददाताले वास्तविक घटनास्थलबाट घटनाबारे प्रत्यक्ष रूपमा वर्णन गरेको स्लट (slot) पनि समावेश थियो।



The Boston Daily Globe

RADIO PLAY TERRIFIES NATION

The Capital Parade

READY FOR HALLOWEEN

3 FIRES SET IN SO. END HOTEL

PATROL WAGON, AUTO CRASH

Mars Invasion Thought Real

Many Fear World Coming to End

Police, Youth Groups Plan Safer and Saner Halloween

Mystery Veils Fatal Injuries

सन् १८९८ मा प्रकाशन गरेको चर्चित विज्ञान उपन्यास 'द वार अफ द वर्ल्ड्स' को कथावस्तुमा नाटक आधारित थियो। त्यसलाई अमेरिकी नाटककार ओर्सन वेल्स (सन् १९१५-१९८५) ले नाटकमा रूपान्तर गरेका थिए। नाटकको विषयवस्तुलाई समाचार बुलेटिनका रूपमा प्रस्तुत गरिएको थियो। अझै त्यसमा संवाददाताले वास्तविक घटनास्थलबाट घटनाबारे प्रत्यक्ष रूपमा वर्णन गरेको स्लट (slot) पनि समावेश थियो।

श्रोतालाई विशुद्ध मनोरञ्जन दिने अभिप्रायले प्रस्तुत गरिएको त्यस नाटकले अमेरिकी समाजमा नचिताएको हलचल ल्याइदियो। नाटकको विषयवस्तु नितान्त काल्पनिक थियो। मङ्गल ग्रहबाट पृथ्वीतलमा झरेर अज्ञात प्राणी आक्रमणमा उत्रिएको कुरा एउटा कथित घटना भए पनि त्यस घटनालाई समाचार बुलेटिनका रूपमा गम्भीर किसिमले प्रस्तुत गरिँदा श्रोतागण भ्रममा परे। त्यस घटनालाई सत्य ठाने।

अनि त परेन फसाद! श्रोतागण हुनसम्म आतङ्कित बने। गृहिणीहरू चिच्याउँदै घरबाहिर निस्कन थाले, कोही पुलिस स्टेसनमा फोन गर्न थाले। घरघरमा कोलाहलपूर्ण आवाज गुन्जन थाल्यो। मानिस आफूसँग भएका बहुमूल्य वस्तु लिएर सुरक्षित ठाउँको खोजीमा घरबाट निस्के।

कसैले त पृथ्वीमा आक्रमण गर्न आउने मङ्गलग्रहका दुष्ट प्राणीसँग मुकबिला गर्न भनेर बन्दुकमा गोली लोड गर्न थाले। सहरमा भागदौड र कोलाहाल मच्चियो। सहरमा अचम्मसँग ट्राफिक जाम हुन थाल्यो। बिबिसीको वेबसाइट (अक्टोबर ३०, सन् २०११) मा प्रकाशित लेखका अनुसार ६० लाख श्रोताले नाटक सुनेकोमा १२ लाख जतिले त्यसमा वर्णित घटनालाई सत्य ठानेका थिए।

चनाखा अमेरिकी समाचारपत्रहरू त्यस घटनाबारे बेखबर हुने कुरै थिएन। भोलिपल्ट रेडियो नाटकले जनमनमा छरेको भ्रमबारे सनसनीपूर्ण समाचार छापिए। नाटकबाट उत्पन्न आतङ्क र भागदौडबारे समाचारपत्रमा भङ्गेरे अक्षरमा हेडलाइन छापिएका थिए। त्यसपछिका दिनमा पनि समाचार, सम्पादकीय तथा लेखमा त्यही विषयले स्थान पायो, जुन तत्कालीन समयमा 'हट केक' बन्यो।

Radio Listeners in Panic, Taking War Drama as Fact

Many Flee Homes to Escape 'Gas Raid From Mars'—Phone Calls Swamp Police at Broadcast of Wells Fantasy

Continued on Page Four

The New York Times

निरन्तरको मिडिया कभरेजका कारण नाटक निर्माता तथा उत्पादकहरू चर्को नैतिक दबाबमा परे। उनीहरूले आफ्नोतर्फबाट स्पष्टीकरण दिनुपर्ने अवस्था आयो। उनीहरूले श्रोतागणलाई स्वच्छ मनोरञ्जन दिने प्रयोजनका लागि मात्र त्यस्तो नाटक उत्पादन तथा प्रसारण गरेको अभिव्यक्ति दिइरहे। नाटकबाट अमेरिकी नागरिकमा पर्न गएको भ्रमप्रति विनित भावका साथ माफी पनि मागिरहे।

तर पनि त्यस नाटकले जनमनमा पारेको भ्रमपूर्व डाह सजिलै मेटिएन। अमेरिकी समाज तरङ्गित भइरह्यो। अमेरकी समाजबारे अध्ययन गर्ने संस्था 'अमेरिकन स्टडिज्' का अध्येता प्राध्यापक टमस डोहर्टीले एक अन्तरवार्तामा 'द वार अफ द वर्ल्डस्' रेडियो नाटकले जनमनमा पारेको प्रभावलाई अमेरिकी इतिहासमा अधिक मात्रामा मिडियाको ध्यान खिचिएका पाँच महत्त्वपूर्ण घटनामध्ये एक मानेका छन्।

प्राध्यापक टमस डोहर्टीका अनुसार मिडियाको अधिक



आफ्ना पुर्खा दुष्ट प्राणीको रूप धारण गरी पृथ्वीतलमा आएको अमेरिकीहरूलाई भान पऱ्यो। यस प्रकारको संयोगपूर्ण घटनाले उनीहरूलाई नाटकमा वर्णित प्रसङ्ग सत्य हो भन्ने लागेको हुनुपर्छ।



DAILY NEWS FINAL

FAKE RADIO 'WAR' STIRS TERROR THROUGH U.S.

"Victim"

"I Didn't Know".

ध्यानाकर्षण भएका अन्य चार घटनामा लिन्डवर्ग परिवारको बच्चा अपरहण काण्ड (सन् १९३२), जापानले पर्ल हार्वरमाथि गरेको आक्रमण (सन् १९४१), तत्कालीन अमेरिकी राष्ट्रपति जोन एफ. केनेडीको हत्या (१९६३) र ओसामा बिन लादेनले सेप्टेम्बर ११ मा अमेरिकामा गराएको हमला (सन् २००१) पर्छन् ।

रेडियो नाटकले जनमनमा किन यस्तो भयानक असर पाऱ्यो भन्नेबारे पृष्ठभूमि जान्न आवश्यक छ । अमेरिकी चाडपर्वहरूको सूचीमा 'हलोविन' एउटा भुत्याहा पर्व हो । 'हलोविन' को पूर्वसन्ध्यामा आफ्ना पुर्खा आकाशबाट पृथ्वीमा फर्छन् भन्ने विश्वास अमेरिकी समाजमा छ । संयोग पनि त्यस्तै पऱ्यो 'हलोविन' पर्वको पूर्वसन्ध्यामा प्रसारित भुत्याहा नाटकले त्यस्तै अनुभूति गरायो । आफ्ना पुर्खा दुष्ट प्राणीको रूप धारण गरी पृथ्वीतलमा आएको अमेरिकीहरूलाई भान पऱ्यो । यस प्रकारको संयोगपूर्ण घटनाले उनीहरूलाई नाटकमा वर्णित प्रसङ्ग सत्य हो भन्ने लागेको हुनुपर्छ ।

अमेरिकी समाजमा मनोवैज्ञानिक भुइँचालो ल्याउने त्यो घटनाको प्रभाव सञ्चारशास्त्रीहरूमा

> समग्रमा भन्दा त्यस सिद्धान्तले आमसञ्चार माध्यमले अडियन्ससमक्ष अचुक किसिमले सन्देश सम्प्रेषण गर्ने क्षमता राख्छ भन्ने मान्यतालाई मलजल गऱ्यो ।



पनि नपर्ने कुरै थिएन । यस प्रकारको दुर्लभ र तिलस्वी घटनाबाट सञ्चारसम्बन्धी नयाँ सिद्धान्त प्रतिपादन गर्न बल पुग्यो भन्ने भनाइ छ । हुन पनि 'द वार अफ द वर्ल्डस्' नाटकले अमेरिकी समाजमा निम्त्याएको 'मास हिस्टेरिया' ले मिडियाको शक्ति कति भयानक र शक्तिशाली हुन्छ भन्ने प्रमाणित गरिदियो ।

यस आधारमा सञ्चारशास्त्रीहरूले अडियन्स (श्रोता, दर्शक तथा पाठक) माथि मिडियाको सिधा, तत्काल, प्रत्यक्ष र शक्तिशाली प्रभाव रहन्छ भन्ने मान्यता अघि सारे । त्यो सिद्धान्त 'म्याजिक बुलेट थ्योरी', 'हाइपोडर्मिक निडल थ्योरी', 'प्यारासुट थ्योरी' आदि नामले पनि चिनिन्छ । समग्रमा भन्दा त्यस सिद्धान्तले आमसञ्चार माध्यमले अडियन्ससमक्ष अचुक किसिमले सन्देश सम्प्रेषण गर्ने क्षमता राख्छ भन्ने मान्यतालाई मलजल गऱ्यो ।

यस सिद्धान्तलाई अझ यसरी भनौँ, कुनै कुशल निसानाबाजले हानेको गोलीले ताकेकै ठाउँमा लागेझैँ, सिरिन्जमार्फत पठाइएको औषधी सिधै बिरामीको रक्तप्रवाहमा मिसाउन सकिएझैँ, प्यारासुटबाट जम्प गर्दा अपेक्षित स्थानमा अवतरण गर्न सकिएझैँ मिडियाले चाहेको सन्देश अचुक रूपमा प्रवाह गर्न सक्छ भन्ने मान्यता स्थापित भयो ।

त्यस नयाँ सञ्चार सिद्धान्तको प्रतिपादनमा तत्कालीन समयका अन्य घटनाक्रमले पनि सहयोगी भूमिका खेलेको देखिन्छ । त्यतिबेला अमेरिकी समाजमा उकालो लाग्दै गरेको रेडियोको लोकप्रियताको ग्राफ, दोस्रो विश्वयुद्धको पृष्ठभूमि तयार हुँदै गर्दा जर्मनीमा शासक हिटलरले सञ्चार माध्यममाथि कायम गरेको एकाधिकारपूर्ण दुष्प्रचार (पछि यही परिपाटी 'गोयबल्स सिद्धान्त' नामबाट परिचित हुन पुग्यो), चलचित्र उद्योगको चुलिँदो लोकप्रियता एवं विज्ञापन उद्योगले जनमनमा पारेको अमिट छापले राम्रैसँग मलजल गरेको देखिन्छ ।

आजभन्दा लगभग ८५ वर्षअघि भएको त्यस 'प्रसारण आतङ्क' सञ्चारशास्त्र अध्येताहरूबीच अझै पनि चर्चाको विषय बनिरहेको छ । त्यो विस्मयकारी घटना सञ्चार अध्येताहरूका लागि एउटा महत्त्वपूर्ण दृष्टान्तदायी 'केस स्टडी' बन्यो । एउटा वृत्तमा त्यसबारे आज पनि चर्चा परिचर्चा भइरहेका छन् ।

वायु तरङ्गमार्फत अमेरिकी घरहरूमा प्रवेश गरेको त्यस घटनाबारे किताब पनि लेखिएका छन् । 'द ग्रेट अम्यारिकन ब्रोडकास्ट', 'ब्रोडकास्ट हिस्टेरिया', 'गेटिङ इट रङ' आदि यसका दृष्टान्त हुन् । 'द वार अफ द वर्ल्डस्' नाटकको प्रसारणले निम्त्याएको सामाजिक तथा मनोवैज्ञानिक हलचल आज पनि सञ्चार–अध्येता तथा अन्य सबैका लागि अविस्मरणीय 'सञ्चार घटना' हुन पुगेको छ । ■



जापानका डा. फुकुसी मसाइचीले मानिसको छाला सङ्कलन गर्दथे । मानिसको छाला सङ्कलन गर्न उनले विश्वका विभिन्न क्षेत्रको भ्रमण गरेका थिए । विशेष गरेर सबैभन्दा सुन्दर र शानदार ट्याटुको खोजीमा उनी मानिसको छाला सङ्कलन गर्दथे ।

–युवामञ्च

चिडियाखानामा प्रभुत्वको लडाइँ



सहरको दुवै क्षेत्रमा स्रोत र सांस्कृतिक प्रभुत्वका लागि दुवै पक्षबीच प्रतिस्पर्धा र जोरजुलुम चलिरहेको थियो, जसमा त्यहाँको चिडियाखाना पनि पर्दथ्यो ।



शीत युद्ध कालमा जर्मनीलाई दुई क्षेत्रमा विभाजित गरिएको थियो : फेडरल रिपब्लिक अफ जर्मनी (पश्चिम जर्मनी) र जर्मन डेमोक्रेटिक रिपब्लिक (पूर्वी जर्मनी) । पश्चिम जर्मनी पश्चिमा देशहरूसँग सम्बद्ध र पूर्वी जर्मनी सोभियत सङ्घसँग सम्बद्ध थियो । कुनै बेला दुवै क्षेत्रको साझा राजधानी बर्लिनलाई पनि भाग लगाइयो । सन् १९६१ मा निर्माण गरिएको 'बर्लिन वाल' ले एकै सहर आधिकारिक रूपमा दुई देशको राजधानी बन्न पुगेको थियो ।

द्वितीय विश्व युद्धताका भएका बम वर्षाले क्षतिग्रस्त बर्लिनका दुवै क्षेत्रको पुनर्निर्माण गरियो तर नागरिकको मनमस्तिष्कमा एक लडाइँको मैदान बन्यो : चिडियाखाना ।

द्वितीय विश्व युद्धपछिको युरोपमा विभाजित बर्लिन शीत युद्धको चरम तनावको केन्द्र थियो । बर्लिन विभाजनपछि जुन खालको तनाव त्यहाँ उत्पन्न भएको थियो, त्यसले कुनै पनि बेला तेस्रो विश्व युद्ध सुरु हुन सक्ने देखिन्थ्यो । सहरका दुवै क्षेत्रमा पुनर्निर्माण तीव्र थियो तर आपसी प्रतिस्पर्धा पनि उत्तिकै । सहरको दुवै क्षेत्रमा स्रोत र सांस्कृतिक प्रभुत्वका लागि दुवै पक्षबीच प्रतिस्पर्धा र जोरजुलुम चलिरहेको थियो, जसमा त्यहाँको चिडियाखाना पनि पर्दथ्यो ।

द्वितीय विश्व युद्धभन्दा धेरै पहिले जर्मनीको संस्कृतिमा पशु र प्रकृतिले विशेष स्थान पाएका थिए । साम्राज्यकालमा हम्बोल्ट दाजुभाइजस्ता

अन्वेषकले प्राकृतिक संसारका बारेमा आफ्नो खोजलाई विशेष महत्त्वका साथ उत्सवमा रूपान्तरित गर्दथे। जब जर्मनी विभाजित भयो दुवै पक्षले जर्मनीको इतिहास र विरासतको लाभ लिन प्रयत्न गर्न थाले। यसै कारण दुवै पक्ष बर्लिनको चिडियाखानामा दाबी गर्न थाले किनभने बर्लिनमा एउटा मात्र चिडियाखाना थियो।

पश्चिम जर्मनी र पूर्वी जर्मनीको सम्बन्धित राजनीतिक प्रणालीका लागि बर्लिनको चिडियाखाना आत्मसम्मानको विषय नै भयो। वेस्ट बर्लिन जुलोजिकल गार्डेन अर्थात् बर्लिनको चिडियाखानालाई विश्वको सर्वाधिक जैविक विविधता भएको चिडियाखाना मानिन्छ। सन् १८४४ बर्लिन चिडियाखाना स्थापना गरिएको थियो र यस हिसाबले यो जर्मनीको सर्वाधिक पुरानो चिडियाखाना पनि थियो। द्वितीय विश्व युद्धका बेला मित्रराष्ट्रको बम वर्षाबाट यस चिडियाखानामा ठूलो क्षति पुग्यो र त्यहाँ भएका दुई हजारभन्दा बढी पशुमध्ये मात्र ९१ जीवित रहे। त्यहाँका भवनबाट मानिसको ८२ शव फेला पारिएको थियो।

पश्चिम जर्मनीले पुनर्निर्माण गरी युद्ध पहिलेको अवस्थामा चिडियाखानालाई ल्यायो। पश्चिम बर्लिनको चिडियाखाना जर्मनीको सर्वाधिक पुरानो हो तर पूर्वी बर्लिनको टियरपार्क युरोपको सबैभन्दा ठूलो चिडियाखाना कहलिन्छ। बर्लिनलाई पश्चिम र पूर्वी क्षेत्रमा विभाजन गरेपछि सन् १९५५ मा बर्लिन टियरपार्क निर्माण सुरु सञ्चालनमा ल्याइएको थियो।

चिडियाखानामा राखिनुको सट्टा पश्चिमाको प्रभाव रहेको पश्चिम जर्मनीमा सो पान्डा राखिएका कारण केजीबीले कारबाही गरेको हल्ला चल्यो तर वास्तवमा भाइरल सङ्क्रमणका कारणले पान्डा मरेको थियो।



राष्ट्रियकरण गरिएपछि एक कुलीन परिवारद्वारा परित्याग गरिएको फ्रिड्रिक्चस्फेल्ड दरबार क्षेत्रमा बर्लिन टियरपार्क बनाइएको छ।

सीमामा रहेको चिडियाखानाका साना र पुराना शैलीका खोरको विपरीत बर्लिन टियरपार्कमा आधुनिक र नौला खोर बनाइए।

परिस्थिति तनावपूर्ण भए पनि परमाणु हातहतियार जम्मा गर्नुको साटो पश्चिम बर्लिनको चिडियाखानाका निर्देशक हेन्ज जर्ज क्लोस र पूर्वी क्षेत्रको चिडियाखानाका निर्देशक हाइनरिख डेटले अपसरी प्रतिस्पर्धामा पशु सङ्कलनमा बढी ध्यान दिए।

दुवै चिडियाखानामा भालु राखिएका थिए, जो बर्लिनको प्रतीक हो। यसका अतिरिक्त उनीहरूको सङ्कलन र जसले त्यसको खर्च उठाए, का आधारमा शीत युद्धकालको भूराजनीति झझल्किन्थ्यो। टियरपार्कमा कालो भालु प्रदर्शनीलाई पूर्वी जर्मनीको गुप्तचर प्रहरी निकाय स्टासीले प्रायोजन गरेको थियो। भियतनामको हो ची मिन्हले उपहारमा दिएको दुई वर्षको हात्तीको छावा चिडियाखानामा यताउता घुमेर आगन्तुकलाई मनोरञ्जन दिन्थ्यो।

यसैगरी पश्चिम बर्लिनको चिडियाखानामा पश्चिमा देशहरूको भूमिका देखिन्थ्यो। सन् १९६२ मा अमेरिकाका राष्ट्रपति जोन अफ केनेडीका भाइ रोबर्ट एफ केनेडीले बर्लिन चिडियाखानालाई तालु खुइले चिल उपहार दिएका थिए। चीनले उपहारमा दिएको पान्डा जेन जेनको बर्लिन चिडियाखानामा सन् १९८३ मा मृत्यु भएपछि त्यसका पछाडि सोभियत सङ्घको जासुसी निकाय केजीबीको हात रहेको हल्ला फैलियो। वामपन्थी पूर्वी जर्मनीको चिडियाखानामा राखिनुको सट्टा पश्चिमाको प्रभाव रहेको पश्चिम जर्मनीमा सो पान्डा राखिएका कारण केजीबीले कारबाही गरेको हल्ला चल्यो तर वास्तवमा भाइरल सङ्क्रमणका कारणले पान्डा मरेको थियो।

जब सन् १९८९ मा बर्लिनको पर्खाल भत्काइयो कुन चिडियाखाना अब बन्द गरिने छ भन्ने बहस सुरु भयो तर कुनै पनि बन्द गरिएन। ■

-युवामञ्च

उहिलेका शस्त्रास्त्र



■ निर्मलकुमार आचार्य

दुनियाँमा शस्त्रास्त्रको होडबाजी बढ्दो छ। पहिलो विश्व युद्ध (सन् १९१४–१९१८) तथा दोस्रो विश्व युद्ध (सन् १९३९–१९४५) को विभीषिकाबाट पनि चेत खुलेको छैन। कोरियाली युद्ध, भियतनाम युद्ध, इरान–इराक युद्ध, सिरियाली युद्ध, अफगान युद्ध आदिको ऐतिहासिक सिलसिलामा केही समययता रुस–युक्रेन युद्धले दुनियाँ तताएको छ। तत्कालै युद्ध थामिने छेकछन्द पनि छैन, बरु उल्टै परमाणु हतियार प्रयोग हुने आशङ्काले चासो र चिन्ता बढाएको छ।

'रुस–युक्रेन युद्ध' थालिएयता अनेक प्रकारका हातहतियार चर्चामा छन्। दुई सय वटा 'एफ–१६' अमेरिकी लडाकु विमानले उत्साह उराल्ने अपेक्षा युक्रेनले राखेको विदितै छ। भनिन्छ 'एफ–१६' भन्दा शक्तिशाली अमेरिकी लडाकु विमान 'एफ–३५' र 'एफए–१८' हुन्। हातहतियारको संसारमा फ्रान्सको 'राफेल' लाई बेजोड मानिएको छ। प्रविधिका दृष्टिले स्विडेनको 'ग्रिपेन' पनि कम छैन। 'फोन कार्बाइन' आधुनिक राइफल,

'एम-१' अमेरिकी ट्याङ्क, जर्मनीको 'लियोपार्ड-२' ट्याङ्क आदि पनि चर्चित छन् । ब्यालेस्टिक मिसाइल (क्षेप्यास्त्र), क्रुज मिसाइल तथा लामो, मध्यम र छोटो दूरीका मिसाइल, मसिन कार्बाइन, तोप, गोलाबारी, 'ड्रोन', पिस्तोल, रिभल्वर, कारतुसी बन्दुक आदि हतियार त छँदै छन् ।

युद्धको कुरो चल्दा उहिलेका राम रावण युद्ध, कृष्ण कंश युद्ध, महाभारत युद्ध आदि पनि अविस्मरणीय छन् । तिनताक युद्धमा के कस्ता शस्त्र, अस्त्रको प्रयोग हुन्थ्यो होला ? जिज्ञासा हुनु अस्वाभाविक होइन । यस सम्बन्धमा प्राचीन संस्कृत साहित्य पल्टाउँदा भेटिएका जानकारी आश्चर्यजनक छन् ।

प्राचीन शस्त्रास्त्रमा धनुष वाण, भाला, तरबार, खड्ग, गदा, त्रिशूल, मुद्गर (मुङ्ग्रो) आदिका बयान त छँदै छन् । अहिलेको परमाणु हतियार जस्तो महाविध्वंसक हतियार उहिले 'ब्रह्मशिरा' रहेछ । सारा दुनियाँलाई खरानी पार्न सक्ने 'ब्रह्मशिरा' अस्त्रलाई तीनै लोकमा असाधारण ठहऱ्याइएको छ । मन र इन्द्रियलाई संयममा राखेर मात्र यो अस्त्र चलाउनुपर्ने आवश्यकता औँल्याउँदै गुरु द्रोणाचार्यले शिष्य अर्जुनप्रति राखेको भनाइ यतिखेर स्मरणीय बनेको छ :

गृहाणेदं महाबाहो विशिष्टमतिदुर्धरम् ।
अस्त्रं ब्रह्मशिरो नाम सप्रयोग निवर्तनम् ॥



शुक्राचार्यको मतमा अभिमन्त्रित गरी छाडिएका 'मान्त्रिकास्त्र' (वाण आदि) द्वारा शत्रु नाश गरिने युद्ध सबै युद्धमा उत्तम हो ।



अर्थात् हे महाबाहो (अर्जुन) यो ब्रह्मशिरा नामक अस्त्रबारे म तिमीलाई प्रयोग र उपसंहार (समापन) सहित बताउँछु, यो सबै अस्त्रभन्दा ठूलो छ, यसलाई धारण गर्न पनि कठिन छ, तिमी यसलाई ग्रहण गर !

गुरु शुक्राचार्यको 'शुक्रनीति' मा शस्त्रास्त्रबारे यसरी परिचय गराइएको छ :

अस्यते क्षिप्यते यत्तु मन्त्रयन्त्राग्निभिश्च तत् ।
अस्त्रं तदन्यतः शस्त्रमसिकुन्तादिकं च यत् ॥
अस्त्रं तु द्विविधं ज्ञेयं नालिकं मान्त्रिकं तथा ।

अर्थात् मन्त्र, यन्त्र र अग्निद्वारा फ्याँकिने (हतियार) लाई अस्त्र भन्छन् । यीबाहेक तरवार, भाला आदिलाई शस्त्र भन्दछन् र अस्त्र पनि दुई प्रकारका हुन्छन् : नालिक (बन्दुक, तोप) र मान्त्रिक ।

शुक्रनीतिमा नालिकलाई बृहत् नालिक (तोप) र क्षुद्र वा लघु नालिक (बन्दुक) आधारमा दुईथरी जनाइएको छ । बारुदको गोला हान्ने बृहत् नालिक र जसको भित्रपट्टि अग्निचूर्ण (बारुद) भरिन्छ र त्यो भर्ने शलाका पनि सँगै हुन्छ, जुन बलियो हुन्छ, त्यसलाई लघु नालिक (बन्दुक) भनिएको छ ।

शुक्राचार्यको मतमा अभिमन्त्रित गरी छाडिएका 'मान्त्रिकास्त्र' (वाण आदि) द्वारा शत्रु नाश गरिने युद्ध सबै युद्धमा उत्तम हो ।





चतुर्मुखी ब्रह्माको हतियार ब्रह्मास्त्र अति प्रसिद्ध छ । भगवतीका हातहतियारमा दिव्यास्त्र, चक्र, धनुष, वाण, वज्र, गदा, दण्ड, त्रिशूल, बन्चरो, तरवार, भाला, आदि रहेका छन् ।

नालाग्निचूर्णसंयोगाल्लक्ष्ये गोलनिपातनम् ।
नालिकास्त्रेण तद्युद्धं महाह्रासकरं रिपो : ॥

"जसमा तोप वा बन्दुकको नालमा अग्निचूर्ण (बारुद) भरेर अग्निद्वारा लक्ष्यस्थानमा गोला वा गोली हानिन्छ, यस्तो नालिकास्त्रद्वारा हुने युद्धलाई महाहानिकर भनिएको छ ।" नालिकास्त्रको अभाव हुँदा भाला आदिद्वारा गरिने युद्ध चाहिँ शस्त्रयुद्ध हो ।

यत्ति मात्र होइन शुक्रनीतिमा तोप गोला र गोली बनाउने, बारुद बनाउने प्रक्रिया पनि उल्लेख छ । चक्र, पाश, गदा, खड्ग, कुन्त (भाला) आदिका लक्षण जनाउँदै बाहुयुद्ध (मल्लयुद्ध) बारे पनि वर्णन गरिएको छ । शत्रुका सन्धिस्थान तथा मर्मस्थानलाई कुशलतापूर्वक पीडित तुल्याई उल्टोपाल्टो पारी बाहुद्वारा अँठ्याएर आघात पुऱ्याउनु 'बाहुयुद्ध' हो भनी शुक्राचार्यले यसका आठ भेद गरेका छन् ।

पद्मपुराण, हरिवंश पुराण आदिमा 'शतघ्नी' (तोप) शब्द भेटिन्छ । शब्दकोष अनुसार ढुङ्गामा फलामका किला गाडेर बनाइएको, एकै पटकमा सय जना मार्न सक्ने ठूलो अस्त्र (तोप) 'शतघ्नी' हो । रावणले वरुणका सेनासित युद्ध हुँदा यसको प्रयोग गरेका थिए भने राजा दशरथको गढीलाई 'शतघ्नी शतसंकुला' अर्थात् सयौँ तोपयुक्त भनिएको अर्को उदाहरण पनि रहेको छ ।

उतिबेलै फलामका गोला, गोली हान्ने यन्त्र (तोप, बन्दुक आदि) चल्तीमा रहनु आश्चर्यको विषय बनेको छ । यसबारे 'महाभारत' को सभापर्वमा रहेको युद्धसम्बन्धी एक अंश यतिखेर मननीय छ :

अथ कणपचक्राश्मभुशुण्ड्युद्यतबाहवः ।
कृष्णपार्थौ जिघांसन्तः क्रोध सम्मूर्छितौजसः ॥

अर्थात् कसैका हातमा फलामका गोली हान्ने यन्त्र (तोप, बन्दुक आदि) थिए र कतिपयले हातमा चक्र, ढुङ्गा र भुसुण्डी (राइफल बन्दुक) बोकेका थिए ।

पारिभाषिक शब्दका रूपमा 'यन्त्र' ले विशेष अर्थ वहन गरेको छ । भनिन्छ फलामबाट बनेको 'मेसिन', जसद्वारा बारुदको बलले सिसा, कांस र ढुङ्गाका गोली हानिन्छ, त्यसलाई यन्त्र भन्दछन् । यन्त्र सञ्चालनसम्बन्धी जानकारी दिने 'यन्त्रसूत्र' समेत छ । यस आधारमा हेर्दा उतिखेर फलाम, कांस र सिसाका हतियार मात्रै होइन बारुदको प्रयोग पनि रहेको प्रस्ट हुन्छ ।

भगवान् शिवको धनुष 'पिनाक' र भगवान् विष्णुको धनुष शाङ्र्ग (शारङ्ग) त कहलिएकै छन् । यी शक्तिशाली धनुष शिल्पकार विश्वामित्रले बनाएका हुन् । शिवका अन्य प्रख्यात हतियारमा माहेश्वरास्त्र, पाशुपतास्त्र, भवरेन्दु (चक्र), त्रिशूल आदि छन् । विष्णुका हतियारमा सुदर्शन चक्र, नारायणास्त्र, वैष्णवास्त्र, कौमोदकी आदि पर्छन् । चतुर्मुखी ब्रह्माको हतियार ब्रह्मास्त्र अति प्रसिद्ध छ । भगवतीका हातहतियारमा दिव्यास्त्र, चक्र, धनुष, वाण, वज्र, गदा, दण्ड, त्रिशूल, बन्चरो, तरवार, भाला, आदि रहेका छन् । 'अनेकशस्त्रहस्ता च अनेकास्त्रस्य धारिणी' पद्यांशले पनि भगवती विविध आयुध सम्पन्न रहेको बुझ्न मद्दत गरेको छ ।

महाप्रलय गराउन सक्ने अस्त्रमा ब्रह्मास्त्र, नारायणास्त्र, पाशुपतास्त्र, वज्र, सुदर्शन चक्र आदिको नाम लिइन्छ।

रामायण काल तथा महाभारत कालमा प्रयोग भएको ब्रह्मास्त्र अहिलेको परमाणु हतियारसरह महासंहारक ठानिन्छ। विश्वकै आदिकवि मानिने वाल्मीकिको २४ हजार श्लोकको 'रामायण' तथा वेदव्यासको एक लाख श्लोकी 'महाभारत' काव्यमा हातहतियारबारे धेरै वर्णन पाइन्छ। श्रीमददेवीभागवत लगायत विभिन्न पुराणादि ग्रन्थमा पनि शस्त्रास्त्रबारे बयान गरिएको छ। नेपालका भूमिपुत्रद्वय वाल्मीकि तथा वेदव्यासका शस्त्रास्त्रसम्बन्धी विवरणमाथि यहाँ छोटकरी रूपमा प्रकाश पार्ने जमर्को गरिएको छ।

वाल्मीकिको रामायणमा विश्वामित्र ऋषिलाई सम्पूर्ण शस्त्र, अस्त्रका सर्वज्ञ मानिएको छ। शस्त्र, अस्त्रको आविष्कारमा पौराणिक नारीको देन पनि कम्ताको छैन। दक्ष प्रजापतिका दुई कन्या जया र सुप्रभाले यस क्षेत्रमा कीर्तिमान हासिल गरेका छन्। जया र सुप्रभाले पाँच, पाँच सय हतियार आविष्कार गरेको वर्णन रामायणमा छ। ती हतियारबारे विश्वामित्र जानकार रहनुका साथै अन्य नयाँ हतियार आविष्कार गर्नसमेत उनी सक्षम थिए।

उनै विश्वामित्र ऋषिले त्रेतायुगमा श्रीरामलाई विभिन्न शस्त्र, अस्त्र प्रदान गरी तिनलाई चलाउने विधिबारे समेत अवगत गराए। विश्वामित्रले श्रीरामलाई महादिव्य दण्डचक्र, धर्मचक्र, कालचक्र, विष्णुचक्र, अति तीक्ष्ण ऐन्द्रास्त्र, वज्रास्त्र, महादेवास्त्र, ब्रह्मशिर, ऐषिक, ब्रह्मास्त्र, पैनाकास्त्र, नारायणास्त्र, आग्नेयास्त्र, वायव्यास्त्र आदि अनेक शस्त्रास्त्र प्रदान गरी अस्त्र चलाउने मन्त्र पनि दिए।

श्रीरामले मारिचको छातीमा परमास्त्र प्रहार गर्दा सय योजन पर समुद्रमा ऊ मूर्च्छित हुन पुगेको कथा पनि छ। मनुनिर्मित 'शीतेषु अस्त्र' प्रहार गरिँदा मारिच मूर्च्छित भएको तर नमरेको जानकारी श्रीरामले लक्ष्मणलाई दिएका थिए। यसैगरी श्रीरामले सुबाहुको छातीमा 'आग्नेयास्त्र' प्रहार गर्दा ऊ ठहरै भएको बयान पनि छ। उतिबेला मार्ने वा मूर्च्छित मात्र तुल्याउने उद्देश्यले फरक फरक अस्त्र प्रयोग हुने गरेको रहस्य यी प्रसङ्गले उद्घाटन गरेका छन्। यसबाहेक शत्रुमाथि घात गरी पुनः फर्किएर आउने अस्त्रसमेत रहनुलाई अनौठै मान्नुपर्छ।



धनुष राखिएको आठपाङ्ग्रे पेटीलाई पाँच हजार जवानले कठिनाइसाथ त्यहाँ पुऱ्याएका थिए। धनुष हेरी श्रीरामले हातमा उचालेका मात्र के थिए सब हेऱ्याहेऱ्यै' भए, ताँदो तान्नासाथ धनुष दुई टुक्रा भइहाल्यो।



विश्वामित्र र वशिष्ठ ऋषिबीच भएको युद्ध पनि कौतुहलप्रद छ। वशिष्ठले आफ्नो ब्रह्मदण्डद्वारा विश्वामित्रको भयङ्कर 'आग्नेयास्त्र' लाई निस्तेज तुल्याइदिए। त्यसपछि अति क्रुद्ध विश्वामित्रले वशिष्ठमाथि वरुण, रौद्र, ऐन्द्र, पाशुपत, ऐषिक आदि विभिन्न अस्त्र प्रहार गरे। अचम्मको कुरो वशिष्ठ ऋषिले आफ्नो 'ब्रह्मदण्ड' द्वारा ती सबैलाई निस्तेज तुल्याइदिए। झन् क्रोधित हुँदै विश्वामित्र ऋषिले 'ब्रह्मास्त्र' उठाउँदा कोलाहल मच्चियो तर 'ब्रह्मदण्ड' सामु 'ब्रह्मास्त्र' पनि फिक्का पऱ्यो।

श्रीमद्देवी भागवतमा भगवतीलाई अति शक्तिसम्पन्न तुल्याउन विभिन्न देवताले धेरै प्रकारका आयुध (शस्त्रास्त्र) दिएको वर्णन छ। यस अनुसार विष्णुले चक्र, शिवले त्रिशूल, अग्निदेवले तीव्रगामी शक्ति, पवनदेवले धनुष, इन्द्रले वज्र, कालदेवले खड्ग तथा कवच, विश्वकर्माले धारिलो बन्चरो र त्वष्टाले गदा दिएका थिए।

'धनुष' त परम्परागत सर्वप्रिय हतियार नै भयो। चार उपवेदमध्ये एक 'धनुर्वेद' हुनुले पनि यसको उपादेयता र महत्त्व उजागर गरेको छ। अन्य उपवेदमा आयुर्वेद, गान्धर्ववेद र अर्थशास्त्र रहेका छन्। यजुर्वेदको उपवेदका रूपमा रहेको 'धनुर्वेद' लाई धनुर्विद्या तथा सैन्य विज्ञानको द्योतक मानिएको छ। महाभारत अनुसार धनुर्वेदका चार भाग

छन् : मन्त्रमुक्त, पाणिमुक्त, मुक्तामुक्त र अमुक्त ।

जसको मन्त्रद्वारा केवल प्रयोग हुन्छ, उपसंहार (समेट्ने काम) हुँदैन, त्यो 'मन्त्रमुक्त' हो। जसलाई हातमा लिएर धनुषद्वारा छाडिने वाण आदि पाणिमुक्त कहलाउँछ। जसको प्रयोग र उपसंहार दुवै हुन्छ, त्यो मुक्तामुक्त हो र जो वस्तुतः छाडिँदैन, मन्त्रद्वारा साधित (ध्वजा आदि) छ, जसलाई देख्नासाथ शत्रु भाग्दछ, त्यसलाई अमुक्त भनिन्छ ।

त्रेताकालीन शिवधनुषको कथा नसुन्ने बिरलै होलान् । त्यो विशाल शिवधनुष जमानादेखि फलामे पेटीमा थियो । धनुष राखिएको आठपाङ्ग्रे पेटीलाई पाँच हजार जवानले कठिनाइसाथ त्यहाँ पुऱ्याएका थिए । धनुष हेरी श्रीरामले हातमा उचालेका मात्र के थिए सब हेऱ्याहेऱ्यै भए, ताँदो तान्नासाथ धनुष दुई टुक्रा भइहाल्यो । वाल्मीकि लेख्छन्, त्यस बखत धर्ती कम्पन भई ठूलाठूला पहाडसमेत फाटिए ।

महाभारतकालमा अर्जुनको धनुष 'गाण्डिव' थियो । त्यहीँ एकलव्य पनि बिर्सनै नसकिने पात्र हुन् । उनले वाण बर्साएर कुकुरको भुकाइ मात्रै रोकेको देख्दा गुरु द्रौणाचार्य अचम्मित भए । यस्तै त्यस बखत अपराधीलाई मात्रै प्रहार गर्ने वाण पनि रहनुलाई रहस्यकै पाटो मान्नुपर्छ ।

त्यतिबेला 'गदा' को पनि ठूलो महत्त्व थियो । गदायुद्धका अनेक बयान पुराणमा पाइन्छन् । गदायुद्धमा प्रक्षेप, विक्षेप, परिक्षेप र अभिक्षेपको महत्त्व छ । शत्रुमाथि गदा फ्याँक्ने प्रक्षेप, नजिकको शत्रुलाई गदाको कोटि (सिरा)ले हान्ने विक्षेप, शत्रु धेरै हुँदा गदा घुमाएर हान्ने परिक्षेप र गदाको अघिल्लो भागले हान्ने अभिक्षेप गदायुद्धका कौशल हुन् ।



वैदिक साहित्यमा पनि शस्त्रास्त्रका अनेक प्रसङ्ग छन् । ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदमा रहेका शस्त्रास्त्रसम्बन्धी वर्णन आफैँमा उदेकलाग्दा छन् । सूत्रात्मक रूपमा रहेका वैदिक सूक्तले दर्शाएका शस्त्रास्त्रसम्बन्धी वर्णन आजका ठूला मानिने वैज्ञानिकलाई समेत तीन छक पार्ने खालका छन् ।



वेदमा दिव्यास्त्र, अग्निवाण (आग्नेयास्त्र), वायव्यास्त्र (मारुतास्त्र), ब्रह्मास्त्र, पाशुपतास्त्र (रुद्रास्त्र), वारुणास्त्र (वरुण पाश), सम्मोहनास्त्र, तामसास्त्र, ऐन्द्रास्त्र, उल्का (अग्नि गोला), पर्जन्यास्त्र, ऋष्टि र रम्भिणी (एकथरी भाला), असि (एकथरी तरवार), वाशी (एकथरी छुरी), क्षुर (एक प्रकारको चक्कु), शूल (पातलो, तीखो, घोच्ने हतियार), अश्मा (ढुङ्गा), दण्ड (लट्ठी) आदि शस्त्रास्त्र उल्लिखित छन् । हेति, प्रहेति र मेनीलाई घातक अस्त्र मानिएको छ । शत्रुपक्षमा धुवाँ फैलाई सासै फेर्न गाह्रो बनाउने 'तामसास्त्र' लाई आधुनिक विद्वान्‌ले 'अश्रुग्यास' सित तुलना गरेको पाइन्छ भने 'सम्मोहनास्त्र' लाई पनि विषालु अस्त्र भनिएको छ । यिनै आधारमा उतिखेर रासायनिक युद्धको स्वरूप रहेको आकलन गरिएको छ ।

जे होस् प्राचीन संस्कृत साहित्यमा यस्ता अनेक पाटा छन्, जसले शस्त्रास्त्रकै सम्बन्धमा पनि पूर्वीय जगत् उच्च स्थानमा रहेको गौरवमय अनुभूति जगाउँछन् । यतातिर अध्ययन, अनुसन्धानको प्रवृत्ति जगाउन सके देश, दुनियाकै लागि अनुपम वरदानसिद्ध हुन्थ्यो । ■

प्राडा. ज्ञानू पाण्डे




प्राध्यापन र समालोचनाका क्षेत्रमा प्राडा. ज्ञानू पाण्डे चर्चित नाम भएको छ । कविता, निबन्ध र खासगरी अनुसन्धानात्मक समालोचनामा कलम चलाउँदै आएकी पाण्डेले 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद' शीर्षकमा विद्यावारिधि गर्नुका साथै उनका विकीर्ण अनुशीलन, नेपाली महिला कथाकार, नेपाली उपन्यासमा लैङ्गिकता, सञ्चारकर्मी महिलाको अवस्थालगायत आधा दर्जन समालोचनात्मक कृति प्रकाशित छन् ।

उनको भर्खरै प्रकाशित निबन्धकृति 'जीवनको अभिनन्दन' यतिबेला चर्चामा रहेको छ । उनी कुशल वक्ताका साथै अध्ययनशील स्रष्टाका रुपमा चिनिन्छिन् । मानवीय जीवनमा पुस्तकको महत्व अनन्य रहेको बताउने पाण्डे पुस्तकको प्रभाव र शक्ति अन्यसँग अतुलनीय छ भन्छिन् । पुस्तक ज्ञानशक्तिको स्रोत भएकाले यसले ज्ञानको संसारमा विचरण गराएर बौद्धिक रुपमा सशक्त तुल्याउने विचार व्यक्त गर्दै भन्छिन्, "वास्तवमा पुस्तककै कारण मानवजगत् ज्ञान र बुद्धिले आलोकित हुन सम्भव भएको हो ।"

उनले अहिलेसम्म पढेका पुस्तकमध्ये 'तीन घुम्ती'लाई सम्झिरहने एउटा महत्त्वपूर्ण पुस्तकका रुपमा बताउँछिन् । विश्वेश्वरप्रसाद कोइरालाको प्रथम प्रकाशित यो उपन्यासमा प्रेषित अस्तित्व दर्शन अत्यन्त गहन भएको उनको बुझाइ छ । पछिल्लो समयमा उनले पढेका पाँच पुस्तक यस्ता छन् :

१. बीपीको विद्रोह



बीपीको विद्रोह एक महत्त्वपूर्ण पुस्तक हो। बीपी कोइरालाको राजनीतिक व्यक्तित्वको गहिराइ र गरिमा उत्खनन गर्न सफल यो पुस्तक पत्रकार तथा लेखक जगत् नेपालले गहिरो अनुसन्धानका आधारमा तयार पारेका छन्। विभिन्न ७० शीर्षकमा समेटिएको ३२६ पृष्ठको यो ग्रन्थभित्र लेखक नेपालले बीपीको राजनीतिक व्यक्तित्वको उठानको पृष्ठभूमिका साथसाथै उनको समग्र राजनीतिक यात्रा र यात्राक्रममा घटित महत्त्वपूर्ण ऐतिहासिक घटनालाई सरल, सरस एवं रोचक शैलीमा प्रस्तुति दिएका छन्। खासमा यो एक बहुआयामिक महत्त्वको ग्रन्थ हो। यो पुस्तकले नेपालको प्रजातान्त्रिक आन्दोलनको समग्र इतिहास पहिल्याउन आधारभूत सहयोग मिल्दछ।

२. एक अनिशून्य



सञ्जीव पोखरेलद्वारा लिखित एक अनिशून्य पाश्चात्य दर्शनसित सम्बन्धित दार्शनिक मूल्यको अत्यन्त गहकिलो पुस्तक हो। जटिल विषयले सरस र सम्प्रेष्य शैलीमा अभिव्यक्ति पाएको यस पुस्तकको मूल पाठमा प्राचीन ग्रिसको दर्शनशास्त्र, संसार बुझ्ने तर कसरी ?, ज्ञान, सत्य र स्वतन्त्रताको दर्शनशास्त्र, प्रकृति, मानिस र राज्य, मस्तिष्कको दर्शनशास्त्रमा डेकार्ट र सार्त्र, संरचनावादमा भाषा, संस्कृति र मानिस, फ्रिदरिक निचः भविष्यको दर्शनशास्त्र, पुँजीको समाजशास्त्र, 'उत्तरसंरचनावादमा बार्ट र डेरिडा जस्ता विविध शीर्षक समाविष्ट छन्। पुस्तकलाई मूल पाठभन्दा अघिको पृष्ठमा 'पाश्चात्य दर्शनशास्त्रको सङ्क्षिप्त वर्णनयात्रा' भनेर परिचय दिइएको भए तापनि यसभित्र विषयको वर्णन मात्र नभई लेखकीय गहन विश्लेषण भएकाले पुस्तक पठनीय छ।

३. हजुरआमाका कथा




पत्रकार एवं सामाजिक अभियन्ता अमृता लम्सालद्वारा लिखित हजुरआमाका कथा सत्यकथामा आधारित मूल्यवान् पुस्तक हो। यसमा दुई दर्जनभन्दा अधिक हजुरआमा (उमेरका आठ दशक पार गरिसकेका)हरूका जीवनको कथा–व्यथा गहिराइका साथ उत्ध्वनित भएको छ। लैङ्गिक समानता, वर्गहीन समाज र समावेशी सिद्धान्तकी कट्टर पक्षधर लेखक अमृताले यस पुस्तकभित्र इतिहासमा हत्तपत्त नसम्झिने तर नेपाली समाजको राजनीतिक, सामाजिक एवं सांस्कृतिक इतिहास बनाउन परोक्ष्य रूपमा महत्त्वपूर्ण टेवा पुऱ्याउँदै आएका महिलाको अस्तित्वको पीडालाई जीवन्त शैलीमा वाणी दिएकी छन्। यस ग्रन्थले पितृसत्तात्मक चरित्र र त्यसको प्रभुत्वको व्याप्तिका कारण नेपाली समाजमा अघिल्लो पुस्तामा कुन हदसम्म निरीह र शोषित जीवन जिउन बाध्य थिए भन्ने तथ्यलाई मार्मिकताका साथ उजागर गरिएको छ।

४. देवकुमारी थापाका कथाहरू



अग्रणी कथाकार देवकुमारी थापाका कथाहरू नेपाली कथा साहित्यका अध्येताका लागि पठनीय तथा सङ्ग्रहणीय पुस्तक हो। सर्जक तथा साहित्यिक अनुसन्धाता प्रमोद प्रधानको कुशल सम्पादनले गहन बनेको यस पुस्तकभित्र शारदाकालीन नारी स्रष्टाहरूमध्ये सर्वाधिक प्रतिभावान् हस्ताक्षर देवकुमारी थापाका सम्पूर्ण कथाहरू एकमुस्टमा पढ्न पाइन्छ। यसमा थापाका ७५ वटा कथा समेटिएको छ। पुस्तकभित्र उनको कथाकारिताबारे बालकृष्ण सम, सूर्यविक्रम ज्ञवाली, बालकृष्ण पोखरेल, नरेन्द्र चापागाईं जस्ता हस्तीका दृष्टिकोणसमेत समाविष्ट भएका छन्।

५. सम्पदा दर्शन



सुशीला देउजाद्वारा लिखित बालनियात्रा सङ्ग्रह हो सम्पदा दर्शन। बालसाहित्यका माध्यमबाट बालबालिकालाई देशको भूगोल, इतिहास, संस्कृति तथा सम्पदाबारे जानकारी दिने उद्देश्यले अभिप्रेरित यस पुस्तकलाई बालसाहित्य प्रतिष्ठानले प्रकाशनको उज्यालोमा ल्याएको हो। पुस्तकमा आमाछोराको यात्रा अनुभवलाई कथ्य बनाएर स्रष्टा देउजाले विश्व सम्पदा सूचीमा परेका हाम्रा दसवटा सांस्कृतिक सम्पदाबारे मीठो परिचय पस्केकी छन्। बालमैत्री भाषा तथा शैली अवलम्बित यस पुस्तकले चाँगुनारायण, पशुपतिनाथ, भक्तपुर दरबार क्षेत्र, पाटन दरबार क्षेत्र, काठमाडौँ दरबार क्षेत्र, स्वयम्भूनाथ, बौद्धनाथ, लुम्बिनी, चितवन राष्ट्रिय निकुञ्ज र सगरमाथा राष्ट्रिय निकुञ्ज परिवेशको यात्रा गराउँछ। नेपाल र नेपालीप्रति गर्व गर्ने बालपुस्ता निर्माण गर्नु अपरिहार्य आवश्यकता बनिरहेको मुलुकको वर्तमान परिप्रेक्ष्यमा प्रकाशित यस पुस्तकभित्र विभिन्न विद्वान्का मन्तव्य पनि समेटिएको छ। ■

प्रस्तुति : तुलसीहरि कोइराला

हवाई यसरी बन्यो अमेरिकाको प्रान्त



मिसिनरीहरूले 'हुला डान्स' को सांस्कृतिक महत्त्व नबुझेर तथा गैरइसाई मानेर त्यसलाई सन् १८३० देखि गैरकानुनी घोषणा गरिराखेका थिए । सन् १९६० र १९७० को दशकमा हवाईमा दोस्रो पुनर्जागरण फल्यो फुल्यो ।

सन् १८२० को दशकमा जब गोरा इसाई मिसिनरीहरू सर्वप्रथम हवाई पुगे त्यहाँका स्थानीय बासिन्दाले आफ्नो सम्प्रभुता, संस्कृति र जीवनशैलीमा खतरा बढ्न थालेको महसुस गर्न थाले। दुई शताब्दीसम्म धेरैले प्रतिरोधसमेत गरे ।

खतरा चाँडै सुरु भयो। केही विद्वान्‌ले अनुमान गरेका छन्, सन् १८४० सम्म हवाईका मूल बासिन्दाको जनसङ्ख्या लगभग ८४ प्रतिशतले कम भयो । जसको कारण थिए पश्चिमा उपनिवेशवादीहरूसँगै त्यहाँ पुगेका रोगहरू। सन् १८९३ मा मुट्ठीभर गोरा व्यापारी र उपनिवेशवादीले रचेको षड्यन्त्रले त्यहाँ सत्ता कब्जा भई हवाईको सार्वभौम शाहीसत्तालाई विस्थापित गरियो। पाँच वर्षपछि अमेरिकाले कृषि स्रोतको प्रचुरता र प्रशान्त क्षेत्रमा रणनीतिक अड्डा हुने देखेर हवाईलाई आफूमा समाहित गऱ्यो। त्यसपछि सन् १९५९ मा अमेरिकाको संसद्‌ले हवाईलाई अमेरिकाको ५०औँ राज्य बनाउने पक्षमा मतदान गरेको थियो ।


त्यस लामो अवधिमा उपनिवेशवादीहरूले हवाईको धेरै कृषि जमिनमा कब्जा गरे तथा केही भागमा सैन्यकरण गरियो। उनीहरूले परम्परागत संस्कृति र आध्यात्मिक प्रथामाथि दमन गरे तथा उनीहरूले

विद्यालयको पठनपाठन र सरकारी कामकाजमा हवाईको स्थानीय भाषाको प्रयोगमा प्रतिबन्ध लगाइदिए।

हवाईका रैथाने बासिन्दाले यी कार्यको विरोध, अवज्ञा तथा देशी सांस्कृतिक स्वाभिमान प्रदर्शन गरेर प्रतिक्रिया जनाए। सन् १८८० को दशकमा राजा डेभिड कलाकावाले राष्ट्रवाद जगाए तथा एक स्वतन्त्र सार्वभौम अधिराज्यका रूपमा हवाईलाई अन्तर्राष्ट्रिय जगत्मा परिचित गराउने काम गरे। यति मात्र होइन उनले परम्परागत 'हुला डान्स' जस्ता सांस्कृतिक अभ्यासलाई समेत पुनर्जीवित गराए, जो हवाईको प्रथम पुनर्जागरणका रूपमा परिचित छ। 'हुला डान्स' हवाईका रैथाने बासिन्दाको कथा वाचनको एक अभिन्न अङ्ग हो। मिसिनरीहरूले 'हुला डान्स' को सांस्कृतिक महत्त्व नबुझेर तथा गैरइसाई मानेर त्यसलाई सन् १८३० देखि गैरकानुनी घोषणा गरिराखेका थिए। सन् १९६० र १९७० को दशकमा हवाईमा दोस्रो पुनर्जागरण फल्यो फुल्यो। आज हवाईको देशी सम्प्रभुता एक गम्भीर मुद्दा बनिरहेकै छ, जसले सैन्यवाद, उपनिवेशवाद र अधिग्रहणको समकालीन विरोधको तौरतरिका सूचित गर्दछ।

हवाई विश्वविद्यालयमा 'इन्डिजिनस पोलिटिक्स' की विद्वान् नोएनो सिल्भाले लेखेकी छन्, "हवाईको पछिल्लो दुई सय वर्षको इतिहासमा प्रतिरोध र राष्ट्रवाद आपसमा जोडिएको छ।"

हवाईको राजसत्ता मिल्काउनु पहिले नै रैथानेहरू आफ्नो देश अमेरिकामा विलय गरिएको विरोध गर्न सङ्गठित भएर



तीन महिनाभन्दा बढी समय साथसाथै मिलेर आफ्नो पक्षमा जनमत तयार पार्न जोडदार अभियान चलाएपछि उनीहरूले यस मुद्दालाई सिनेटरहरूको जिम्मा लगाए। त्यसबाट उनीहरू राज्य हरणसम्बन्धी कानुन खारेज गर्न सफल भए।

प्रतिरोधमा उत्रिएका थिए। छ वर्ष पहिले सन् १८८७ मा चिनीका कारोबारी र अन्य व्यवसायीको एक समूहले बन्दुक देखाएर राजा कलाकावालाई तथाकथित संविधान (बेअनिट कन्ट्युसन) हस्ताक्षर गर्न बाध्य पारेर उनको अधिकार खोस्यो तथा साथै हवाईका मूल निवासी यसबाट अधिकारविहीन भए।

यसको प्रतिउत्तरमा हवाईवासीले विरोध गर्न फरक सङ्गठन (हुई) गठन गरे। एक विद्रोही नेता माउईका रोबर्ट कलानिहीओपो विलकक्सले बेअनिट कन्ट्युसन खारेज गर्न तथा त्यसलाई कार्यान्वयनमा ल्याउने श्वेत मानिसद्वारा सञ्चालन गरिएको सरकारका सदस्यविरुद्ध सशस्त्र विद्रोह गरे तर उनी त्यसमा सफल हुन सकेनन्। हवाईका मूल बासिन्दाको विद्रोह अन्ततः सन् १८९३ जनवरी १६ मा बेकार भयो, जब अमेरिकाका सैनिकले हवाई अधिराज्यमा आक्रमण गरी कलाकावाका उत्तराधिकारी रानी लिलिओकलानीलाई ससर्त आत्मसमर्पण गर्न बाध्य पारे।


हवाईमा ठूलो राजनीतिक उथलपुथलपछि श्वेत मानिसहरू सहभागी त्यहाँको अन्तरिम सरकारले हवाईलाई अमेरिकामा गाभ्ने प्रक्रियाको थालनी गर्न चाह्यो। राष्ट्रपति ग्रोभर क्लेभल्यान्डलाई हवाईको अन्तरिम सरकारले विधिसम्मत कार्य नगरिरहेको थाहा थियो र पनि उनले हवाईलाई अमेरिका अधीनस्त पार्ने विषयको निर्णय गर्ने अधिकार कङ्ग्रेसलाई सुम्पिए। कङ्ग्रेसमा धेरै सदस्य हवाईलाई अमेरिकामा गाभ्नु पर्ने पक्षमा थिए किनभने हवाईको रणनीतिक अवस्थितिले एसियाली व्यापार बजारमा महत्त्वपूर्ण पहुँचको अवसर दिन्थ्यो।

अमेरिकाको राष्ट्रपतिमा क्लेभल्यान्डपछि जिम्मेवारीमा आएका विलियम म्याकिन्लेले हवाईका मूल निवासीसँग सम्बन्धित



रोबर्ट पार्सलिङ वाड्लो विश्वका सर्वाधिक अग्लो मानिस हुन्। उनको नाम गिनिज बुक अफ वर्ल्ड रेकर्डमा राखिएको छ। सन् १९१८ फेब्रुअरी २२ मा जन्मिएका रोबर्टको शरीर अस्वाभाविक 'ग्रोथ हर्मोन' कारणले आठ फिट ११ इन्च अग्लो भएको थियो। १२.७५ इन्च लामो हत्केला र १८.५ इन्च लामो पैतलाले समेत उनको नाम गिनिज बुकमा लेखिएको थियो। सन् १९३५ मा खिचिएको यस तस्बिरमा रोबर्ट आफ्ना मातापिता र भाइबहिनीहरुका साथमा छन्।







सबै सङ्घसंस्थाको गठबन्धनले व्यापक विरोध गरे पनि हवाईलाई अमेरिका अधीनस्त ल्याउने सन्धिमा हस्ताक्षर गरे। हवाईको स्थानीय भाषाका र अङ्ग्रेजी भाषाका पत्रिकामा उनीहरूले विरोधको आवाज मुखरित हुने लेखहरू लेखे। उनीहरूले श्वेतहरूको चर्चमा 'होकुपु' (भेटी) चढाउन छाडे तथा विरोध गर्न परम्परागत गीत गाउन थाले। सन् १८९७ मा हवाईका हजारौं मानिसको सभामा उत्तेजनात्मक विरोध भाषण गर्दै विद्रोही नेता जेम्स कौलिना क्वालाले भने, "हाम्रो राष्ट्र अमेरिका अधीनस्त गरिनु भनेको त जिउँदै गाडिनुमा हामी राजी हुनु जस्तै हो।"

असहमतिको अभिव्यक्ति व्यापक स्तरमा देखिएको थियो। सिल्भाका अनुसार हवाईका सबै टापुका गरी लगभग ४० हजार मूल निवासीमध्ये ९५ प्रतिशत अर्थात् ३८ हजार मानिसले हवाईको विलय खारेज गर्न तथा राजसंस्था पुनर्स्थापित गर्नका लागि संयुक्त रूपमा दुई वटा 'क्यु ए पटिसन्स' मा हस्ताक्षर गरेका थिए।

सन् १८९७ डिसेम्बरमा क्वाला हवाई अन्य तीन जनालाई साथमा लिएर सो ज्ञापनपत्र बुझाउन वासिङ्टन डिसी आए। त्यहाँ उनको भेट रानी लिलिओकलानीसँग भयो। दुवैले मिलेर हवाई विलयको आधिकारिक रूपमै विरोध जनाए। अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन हुने गरी आफ्नो सरकार अपदस्थ गरिएको भनाइ थियो रानी लिलिओकलानीको।

तीन महिनाभन्दा बढी समय साथसाथै मिलेर आफ्नो पक्षमा जनमत तयार पार्न जोडदार अभियान चलाएपछि उनीहरूले यस मुद्दालाई सिनेटरहरूको जिम्मा लगाए। त्यसबाट उनीहरू राज्य हरणसम्बन्धी कानुन खारेज गर्न सफल भए।

तर उनीहरूको सफलता अल्पकालीन भयो। जब अर्को वर्ष स्पेन-अमेरिका युद्ध सुरु भयो, प्रशान्त क्षेत्रमा अमेरिकी जलसेनालाई इन्धन आपूर्तिको केन्द्रका रूपमा हवाईको रणनीतिक अवस्थितिले आकर्षित गऱ्यो। त्यसपछि कङ्ग्रेसले हवाईलाई अमेरिकी क्षेत्रका रूपमा स्थापित गर्ने गरी पक्षमा मतदान गरेको थियो। जब हवाईमा अमेरिकाको झन्डोत्तोलन भयो, हवाईका हजारौं मूल निवासीले निन्याउरो अनुहार लगाए। धेरै प्रभावित हुनेहरूमध्येमा रानी लिलिओकलानी पनि थिइन्। हवाईको अन्तिम शासक रानी लिलिओकलानीले आफ्नो 'लाहुई' : आफ्नो राष्ट्र र आफ्ना जनताप्रतिको जिम्मेवारी पूरा गर्न नसकेकोमा पश्चात्ताप व्यक्त मात्र गर्न सकिन्।

त्यसपछिका धेरै वर्षसम्म हवाईको परम्परागत संस्कृति त्यहाँको रूपान्तरणमा संलग्न सबै क्रियाकलापमा गौण विषय बन्यो। व्यापारिक आवादीको विस्तार, द्वितीय विश्व युद्ध र शीत युद्ध अवधिमा व्यापक अमेरिकी सैन्य उपस्थिति तथा पर्यटन उद्योगको उदय आदिले हवाई पहिलेको जस्तो रहेन। तथापि नागरिक अधिकारको आवाज तथा मूल निवासीहरू र तिनको पहिचानप्रति बढ्दो समर्थनले हवाईको संस्कृतिमा रुचि पलाउन थाल्यो।

सन् १९६० र १९७० को दशकमा आन्दोलनकारीहरूले सम्प्रभुता पुनर्जीवित गर्नका लागि आफ्नो आवाज बुलन्द पार्न थालेका थिए। हवाईको दोस्रो पुनर्जागरण फल्न फुल्न थाल्यो। अब फेरि मौलिक भाषा तथा 'हुला' र 'स्लाक-कि म्युजिक' जस्ता सांस्कृतिक अभ्यास देखिन सुरु भयो, जसले हवाईका मूल निवासीको प्रतिरोधलाई ऊर्जा दिने



सन् १९७६ मा युवा प्रतिरोधीहरूको एक समूहले कहुलवे टापु कब्जा गऱ्यो । यो त्यही टापु हो जसलाई राष्ट्रपति ड्वेट डी आइजेनहावरले अमेरिकी सेनालाई हस्तान्तरण गरेपछि सन् १९५३ देखि सैन्य बम खसाल्ने अभ्यासका लागि प्रयोग गरिन थालियो तथा यसबाट त्यहाँको सांस्कृतिक र आध्यात्मिक महत्त्वमा ठूलो क्षति पुगेको थियो ।

काम गऱ्यो । पारम्परिक डुङ्गा र समुद्री परिवहनका लागि तारामण्डलको अवस्थिति हेर्ने प्राचीन पोलिनेसियन पद्धतिमा पुनः रुचि उत्पन्न हुन थाल्यो ।

यस अवधिमा हवाईका मूल निवासीको सक्रियतावाद सैन्यवाद र भूमि विकासलाई लक्षित भयो । कलामा उपत्यका, बायाहोल र बेकानीमा नवनिर्माण गरिँदा स्थानीय किसान निष्कासित र विस्थापित गरिएकोमा विरोधको ठूलो आवाज उठ्यो । सन् १९७६ मा युवा प्रतिरोधीहरूको एक समूहले कहुलवे टापु कब्जा गऱ्यो । यो त्यही टापु हो जसलाई राष्ट्रपति ड्वेट डी आइजेनहावरले अमेरिकी सेनालाई हस्तान्तरण गरेपछि सन् १९५३ देखि सैन्य बम खसाल्ने अभ्यासका लागि प्रयोग गरिन थालियो तथा यसबाट त्यहाँको सांस्कृतिक र आध्यात्मिक महत्त्वमा ठूलो क्षति पुगेको थियो ।

एक दशकभन्दा बढी समय विरोध गरिएपछि कहुलवे ओहाना बचाऊ अभियानले त्यहाँ आइन्दा बम खसाल्ने अभ्यास नगरिने, टापुमाथिको नियन्त्रण पुनः राज्यलाई प्रदान गरिने र वातावरणीय सरसफाइ जस्ता सफलता प्राप्त गऱ्यो ।

हवाईका मूल बासिन्दालाई सबैभन्दा उल्लेखनीय सफलता सन् १९७८ मा प्राप्त भयो, जब हवाईका मूल



पूर्ण पुनर्स्थापना असम्भव भएको विश्वास गर्ने अर्को पक्ष चाहिँ हवाईका बासिन्दालाई मूल बासिन्दाको सङ्घीय पहिचान दिइनु पर्ने र केही जमिन फिर्ता गर्नुपर्ने वकालत गर्दछन् ।



बासिन्दामाथि भएको ऐतिहासिक अन्यायलाई सम्बोधन गर्न तथा कहुलवे फर्काउन मार्ग प्रशस्त गर्ने गरी 'हवाई स्टेट कन्स्टिच्युसनल कन्भेन्सन' ले 'अफिस अफ हवाइयन अपेयर्स' स्थापना गऱ्यो। कन्स्टिच्युसनल कन्भेन्सनको तह हवाईको मौलिक भाषा त्यहाँ राजसत्ता खोसिएपछि पहिलो पटक राज्यको आधिकारिक भाषामा सूचीकृतसमेत भयो।

हवाईका मतदाताले हवाई राज्य संहिताको पक्षमा अपार समर्थन गरी अनुमोदन गरेपछि सन् १९५९ अगस्त २१ मा हवाई अमेरिकाको ५० औं राज्य भए पनि हवाईका कैयौं मूल निवासी अभियन्ताले विरोध जनाए तथा विरोधलाई निरन्तरता दिइराखे। उनीहरूको के विश्वास थियो भने राज्य संहिता हवाईको सैन्यवाद, साम्राज्यवाद र उपनिवेशवाद इतिहासको एक अर्को पाना हो।

हवाई अमेरिकाको एक राज्य बनेको धेरै समय भइसकेको भए पनि त्यस सन्दर्भमा समकालीन सम्प्रभुता आन्दोलन अझै खण्डित छ। अमेरिकाले अवैधानिक रूपमा हवाईमाथि कब्जा गरेको विश्वास गर्नेहरू क्षतिपूर्तिसहित आफ्नो भूमि फिर्ता गरिनुपर्ने पक्षमा छन्। पूर्ण पुनर्स्थापना असम्भव भएको विश्वास गर्ने अर्को पक्ष चाहिँ हवाईका बासिन्दालाई मूल बासिन्दाको सङ्घीय पहिचान दिइनु पर्ने र केही जमिन फिर्ता गर्नुपर्ने वकालत गर्दछन्। केहीले अधिराज्य बहाली र राष्ट्रिय पहिचानका विरुद्धमा कुरा उठाउँदै बरु विदेशी शक्तिको नियन्त्रणमा रहेका क्षेत्रहरूका लागि संयुक्त राष्ट्रसङ्घले तयार पारेको अन्तर्राष्ट्रिय अभिभावकता प्रणाली (इन्टरनेसनल ट्रस्टसिप सिस्टम)को तहत हवाईलाई राजनीतिक स्वतन्त्रता दिइनुपर्ने तर्क गर्छन्।

हवाईको राजसंस्थालाई अपदस्थ गरिएको विषयमा अमेरिकाको सङ्घीय सरकारले सन् १९९३ मा औपचारिक रूपमा क्षमा माग्यो र यो कुरा पनि स्वीकार गऱ्यो– हवाईका मूल निवासीले कहिल्यै पनि आफ्नो जमिन त्याग गरेका होइनन्। हवाईका मूल बासिन्दालाई त्यहाँका आदिवासीको मान्यता दिन खोज्ने सङ्घीय कानुन अमेरिकाको संसद्ले सन् २००९ मा पारित गऱ्यो तर त्यो हालसम्म लागू हुन सकेको छैन। ▪

–हिस्ट्रीबाट उमेश ओझाद्वारा अनुवादित र सम्पादित।

वातावरण अभियन्ता मिस नेपाल



तेइस जना प्रतिस्पर्धीलाई उछिन्दै २३ वर्षीय श्रीच्छा प्रधानले मिस नेपाल वर्ल्ड-२०२३ को उपाधि प्राप्त गरेकी छन् । काठमाडौँकी प्रधान आफूलाई वातावरण अभियन्ता भन्न रुचाउँछिन् । उनी वातावरण विज्ञानमा स्नातक तह अध्ययनरत छिन् । उनले मिस डीएच आई र फेस अफ दी इयर उपाधि पनि जितेकी छन् ।

सोही प्रतियोगिताअन्तर्गत मिस नेपाल इन्टरनेसनल र मिस पपुलर च्वाइसको उपाधि २५ वर्षीय प्रसिद्धि शाहले जितिन् । यस्तै मिस नेपाल अर्थ र मिस नेपाल हेल्दी स्किन रैना मजगैया भइन् । मिस कन्फिडेन्ट प्रज्ञा वज्राचार्य, मिस फिटनेस क्विन र मिस इन्टलेक्चुवल ऐश्वर्या श्रेष्ठ, मिस ग्ल्यामर ग्रीष्मा अधिकारी, मिस मल्टिमिडिया सुहानी खड्का, वुमन विथ विङ उन्नति गुरुङ, मिस फोटोजेनिक प्रीतिका खड्का, ब्युटी विथ पर्पज आयुष्मा बराल भएकी थिइन् ।

यस वर्षको मिस नेपाल बन्ने सौभाग्य श्रीच्छा प्रधानले प्राप्त गरे पनि विश्व सुन्दरी प्रतियोगितामा भने उनले भाग लिन पाउने छैनन् । सो प्रतियोगितामा अधिल्लो पटककी विजेता प्रियङ्कारानी जोशी सहभागी हुने र त्यसपछि आयोजना हुने प्रतियोगितामा मात्र प्रधानले भाग लिने बताइएको छ ।

सन् १८८५-१८८६ तिर लिइएको यस तस्बिरमा इल्ला हार्परलाई देखाइएको छ । उनी जन्मदेखि असाध्यै दुर्लभ चिकित्सा अवस्था 'कन्जेनेटल जेनु रिकर्वेटम' ले पीडित थिइन् । यस विकारका कारण उनका घुँडा विपरीत दिशामा मोडिन सक्थे । जसको नतिजा उनी चारैतिर आफ्ना घुँडा मोड्न सक्थिन् । सन् १८८६ मा हार्पर एक कलाकारका रुपमा सर्कसमा भर्ना भइन् । उनी हरेक हप्ता दुई सय डलर कमाउँथिन् । घुँडा पछाडि फर्केका कारण उनलाई सर्कसमा ऊँट केटी भनिन्थ्यो ।

-युवामञ्च



क्लियोपेट्रा
रहस्यमय रानी





■ रतन भण्डारी

विश्व इतिहासमा यस्ता महिला पनि छन् जसले रचेका इतिहासको चर्चा अहिले पनि उत्तिकै हुने गरेको छ। त्यस्तैमा एक हुन् इजिप्टकी रानी क्लियोपेट्रा। इजिप्टकी रानी क्लियोपेट्रा आफ्नो रूप र सौन्दर्यका लागि चर्चित थिइन्। क्लियोपेट्रालाई सबैभन्दा सुन्दर र कामुक रानी मानिन्छ तर क्लियोपेट्राको व्यक्तित्व यति बहुआयामिक थियो कि त्यसका कारण पनि उनलाई सधैँ चर्चाको शिखरमा ल्याइरह्यो।

क्लियोपेट्रामा रहेको कुटिलता, चातुर्यता, सञ्चार कौशलताजस्ता कारण उनलाई तत्कालीन पुरातन संसारमा एक मात्र महिला शासकका रूपमा स्थापित हुन सजिलो भएको थियो। इतिहासकारहरूका अनुसार क्लियोपेट्रा अति सुन्दर, कामुक, चतुर, धूर्त, षड्यन्त्रकारी शासक थिइन्। उनको धेरै परपुरुषसँग सम्बन्ध थियो। राजा–महाराजा र सैनिक अधिकारीहरूलाई आफ्नो सुन्दरताको वशमा पारेर जालमा पार्न उनी खप्पिस थिइन्।

जुलियस सिजर र मार्क एन्थोनीसँगको प्रेम सम्बन्धका कारण क्लियोपेट्रालाई थप चर्चामा ल्याएको थियो।

बुद्धिमान, सक्षम र आकर्षक, क्लियोपेट्रालाई इजिप्टका जनताले कति धेरै माया गर्थे भने उनको मृत्युको



शताब्दीयौँपछि पनि इजिप्टमा उनको पूजा जारी रह्यो। भनिन्छ आफूलाई प्राकृतिक अधिकारवादी शासक मान्न सकियोस् भनेर उनी देवी आइसिसको जस्तै पोसाक र सजावटमा विशेष समारोहमा आइपुग्थिन्। उनमा भएको वाकपटुता देखेर मानिसहरू मन्त्रमुग्ध हुन्थे। क्लियोपेट्रा यति धूर्त थिइन् की उनी प्रायः अरू देशको भित्री कुरा र रहस्य थाहा पाउन ती देशका देशद्रोही पुरुषसँग सम्बन्ध बनाउँथिन्, तिनीहरूबाट महत्त्वपूर्ण जानकारी लिन्थिन्।

क्लियोपेट्राले आफ्नो शक्तिको उचाइमा सम्पूर्ण पूर्वी भूमध्यसागरीय तटलाई नियन्त्रणमा लिएकी थिइन्। जसलाई हालसम्मको इजिप्टियन शासकको अन्तिम महान् साम्राज्य मानिन्छ।

विश्वका धेरै चर्चित कलाकारले क्लियोपेट्राको मादकतामा चित्र कोरेका छन्, उनका मूर्ति कुदेका छन्। विश्व साहित्य (आख्यान/गैरआख्यान)मा समेत क्लियोपेट्रा उत्तिकै समेटिएकी छन्। सेक्सपियर, ड्राइडन र बर्नार्ड शा जस्ता विश्वविख्यात लेखक–नाटककारहरूले समेत आफ्नो लेखन र पटकथामा क्लियोपेट्राको व्यक्तित्वको विभिन्न पक्ष समेटेको देखिन्छ।

परिवार र विवाह

क्लियोपेट्राका पिता राजा टोलेमी बार्हौं थिए। जो उनको जन्मको समयमा इजिप्टका फारो (प्राचीन इजिप्टका शासकलाई दिइने उपाधि) थिए। उनकी आमा क्लियोपेट्रा वी ट्राइफेना थिइन्। जो टोलेमीका धेरै पत्नी मध्ये एक हुन्। उनी आफ्ना भाइबहिनीहरूमध्ये जेठी थिइन् र सिंहासन ग्रहण गर्न सानै उमेरदेखि तयार थिइन्।

क्लियोपेट्राको पहिलो विवाह टोलेमी तेर्हौंसँग भएको थियो। त्यतिबेला क्लियोपेट्रा १८ वर्षकी थिइन् भने टोलेमी मात्र १० वर्षका थिए। टोलेमीको मृत्युपछि क्लियोपेट्राको दोस्रो




क्लियोपेट्रा १४ वर्षकी हुँदा उनले आफ्ना बुवा राजा टोलेमी छैटौँसँग रिजेन्ट (सल्लाहकार रानी)का रूपमा शक्ति ग्रहण गरेकी थिइन्।

विवाह आफ्नै दोस्रो कान्छो भाइ टोलेमी चौधौँसँग भयो। त्यतिबेला क्लियोपेट्रा २२ वर्षकी थिइन् भने टोलेमी चौधौं १२ वर्षका थिए। क्लियोपेट्राको तेस्रो विवाह मार्क एन्थोनीसँग ३२ इसापूर्वमा भएको थियो। इजिप्टको तत्कालीन परम्पराअनुसार रक्तरेखा शुद्ध राख्न क्लियोपेट्राले आफ्नै सहोदर भाइहरूसँग विवाह गर्नुपरेको थियो।

शासनसत्ताको बागडोर

क्लियोपेट्रा १४ वर्षकी हुँदा उनले आफ्ना बुवा राजा टोलेमी छैटौँसँग रिजेन्ट (सल्लाहकार रानी) का रूपमा शक्ति ग्रहण गरेकी थिइन्। बुवाको मृत्यु हुँदा उनी १८ वर्षकी थिइन्। त्यसपछि उनी आफ्नो भाइसँग सिंहासनमा बसिन्। उनले टोलेमीको



नायबी भएर राज्य सञ्चालन गरिन्। त्यसको केही समयपछि उनले टोलेमीलाई हटाइ इजिप्टको शासन आफ्नो हातमा लिएकी थिइन्। शासनसत्ता लिएपछि उनले कला र व्यापारको हिसाबले इजिप्टलाई उचाइमा पुर्‍याइन्। क्लियोपेट्राले ५१ देखि ३० इसापूर्वसम्म इजिप्टमा शासन गरेकी थिइन्।

क्लियोपेट्रा अतुलनीय विलासिताको बीचमा हुर्केकी थिइन्। उनलाई पतनोन्मुख अवस्थामा

रहेको राज्य विरासत प्राप्त भएको थियो । उनको परिवारका दस पुस्तासम्मका टोलेमीले आफूलाई फारोको शैलीमा राखेका थिए । क्लियोपेट्राको बाल्यकालमा रोमले आफ्नो शासन इजिप्टको सिमानासम्म विस्तार गरेको थियो ।

पोलिगट :

अरबी कविता र क्लियोपेट्राका बारेमा लेखिएका युरोपेली किंवदन्तीअनुसार क्लियोपेट्रा एक निपुण गणितिज्ञ, औषधि र विषका बारेमा जानकार रसायनविद् थिइन् । क्लियोपेट्राले कवितासमेत लेख्थिन् । क्लियोपेट्रालाई विभिन्न भाषाको ज्ञान थियो । एक अध्ययनअनुसार क्लियोपेट्रामा हिब्रुसहित छदेखि नौ भाषाको ज्ञान थियो । विविध भाषिक ज्ञानका कारण पनि उनी जो कोहीसँग चाँडै जोडिन्थिन् । अरूका गोप्य कुराको भेउ पाउँथिन् । भाषाकै कारण उनका धेरै मित्र थिए । बहुभाषाको ज्ञान भएका कारण उनलाई पोलिगट पनि भनिन्थ्यो ।

गधाको दूधले स्नान

इतिहासमा क्लियोपेट्रालाई निकै सुन्दर युवतीका रूपमा उल्लेख गरिएको छ । क्लियोपेट्रा आफ्नो सौन्दर्य कायम राख्न दिनहुँ गधाको दूधले नुहाउँथिन् । क्लियोपेट्राको दैनिक स्नानका लागि सात सय गधाको दूध जम्मा पारिन्थ्यो ।



चाँदीको डुङ्गामा सयर

एन्टोनीको निमन्त्रणामा क्लियोपेट्रा ४१ इसापूर्वमा टार्सस गएकी थिइन् । टार्सस त्यतिबेला टर्कीमा पर्दथ्यो । उनी ग्रिक प्रेमकी देवी एफ्रोडाइटको लुगामा सजिएकी थिइन् ।

फारो वंशको अन्तिम शासक क्लियोपेट्रा इजिप्टमा शासन गर्ने अन्तिम फारो थिइन् । उनी अफ्रिकी, काकेसियन वा ग्रिक थिइन् की भनेर अनुसन्धान जारी छ ।

काकेसियन वा अफ्रिकी

क्लियोपेट्राका पूर्वज वास्तवमा मेसिडोनियन ग्रिक थिए । जसले क्लियोपेट्रालाई इजिप्टियन एलिजाबेथ टेलरका रूपमा चिनाउँछ । यद्यपि क्लियोपेट्रा काकेसियन वा अफ्रिकी कुन मूलकी थिइन् भन्ने विवाद अहिले पनि छ । क्लियोपेट्रा कुन मूलकी थिइन् भन्नेमा इतिहासकारका विचार विभाजित छन् । अधिकांशले उनी मेसिडोनियाकी थिइन् भन्ने विश्वास गर्छन् भने नयाँ खोजले उनको जरा अफ्रिकासँग जोडिएको थियो भन्ने देखाउँछ ।

अनुसन्धानकर्ताको पछिल्लो खोजले उनकी बहिनीको अवशेषको आधारमा उनका भाइबहिनी अर्धअफ्रिकी भएको निष्कर्ष निकालेको छ । उनीहरूले क्लियोपेट्रालाई ग्रिक कोकेसियन नभई अर्धअफ्रिकी मूलकी थिइन् भनेर दाबी गरेका छन् । बीबीसीबाट प्रसारित 'पोर्ट्रेट अफ ए किलर' नामक क्लियोपेट्रा बारेको वृत्तचित्रमा टर्कीको एफिससको एउटा चिहानमा मानव अवशेष खोजको विश्लेषण गरिएको



फोरेन्सिक प्रविधिका साथ चिहानको मानवशास्त्रीय र वास्तुकला अध्ययनपछि विशेषज्ञहरू उक्त चिहानमा फेला परेको अस्थिकोषका आधारमा सो अवशेष क्लियोपेट्राकी बहिनी राजकुमारी आर्सिनोको भएको निष्कर्षमा पुगेका छन् ।

छ । फोरेन्सिक प्रविधिका साथ चिहानको मानवशास्त्रीय र वास्तुकला अध्ययनपछि विशेषज्ञहरू उक्त चिहानमा फेला परेको अस्थिकोषका आधारमा सो अवशेष क्लियोपेट्राकी बहिनी राजकुमारी आर्सिनोको भएको निष्कर्षमा पुगेका छन् । अध्ययन टोलीका प्रमुख अस्ट्रियन एकेडेमी अफ साइन्सेसका पुरातत्वविद् हेइक थ्युयरका अनुसार अनुसन्धानले अर्सिनोकी आमा अफ्रिकी थिइन् भन्ने बताउँछ । जुन अध्ययनले क्लियोपेट्राको परिवार, क्लियोपेट्रा र आर्सिनोबीचको सम्बन्धमा नयाँ प्रकाश पारेको छ ।

रोमका तीन शक्ति

क्लियोपेट्रालाई संसारको सबैभन्दा सुन्दर र धनी महिला मानिन्थ्यो । उनी समकालीन तीन शक्तिशाली पुरुषहरू– जुलियस सिजर, मार्क एन्टोनी र अक्टोभियनको प्रतिद्वन्द्वी थिइन् । जुलियस सिजरले उनलाई इजिप्टको रानी बन्न मद्दत गरेका थिए ।

जुलियस सिजरसँगको सम्बन्ध

क्लियोपेट्राको शासनसत्ता चौतर्फी खतराको घेरामा थियो । उनले आफ्नै परिवारबाट भएको विद्रोहदेखि विदेशी आक्रमणसम्मको प्रतिरक्षा गर्नुपर्‍यो । यस्तो अवस्थामा क्लियोपेट्राले शक्तिशाली रोमन



सत्नको अर्थशास्त्र र कङ्ग्युरको अर्थ अनुवाद हो । सुरुमा तिब्बती भाषामा अनुवादित बुद्धवचनलाई एउटै स्थानमा राखी सक् कङ्ग्युर (कनजुर) भन्ने गरियो ।

शासकहरूसँग बलियो सम्बन्ध कायम गरेकी थिइन् । उनले सिरियामा शरण लिएका बेला अर्थात् ४९ इसापूर्वमा सेना गठन गरिन् । इजिप्ट फर्केपछि उनले आफ्ना भाइ र सह–शासक फारो टोलेमीलाई चुनौती दिने योजना बनाइन् । अनि जुलियस सिजर द ग्रेटलाई भेटिन् ।



पछि सिजरले क्लियोपेट्रालाई साथ मात्र दिएनन् दुवैको निकटता पनि स्थापित भयो । त्यसपछि क्लियोपेट्राले इजिप्ट आएर आफ्नो भाइलाई सत्ताबाट हटाइन्, इजिप्टको सिंहासनमा बसिन् ।

केही समयपछि ४७ इसापूर्वमा क्लियोपेट्रा र सिजरबाट छोरा सिजेरियनको जन्म भयो । सिजेरियन क्लियोपेट्राको उत्तराधिकारी बन्ने निश्चित थियो । ४४ इसापूर्वमा सिजरको हत्यापछि पनि क्लियोपेट्राले आफ्ना भाइबहिनीलाई सत्ताको सपना पूरा गर्न अनुमति दिइनन् । क्लियोपेट्राका कान्छा भाइ टोलेमी चौधौँ रहस्यमय रूपमा बेपत्ता भएका थिए । भनिन्छ क्लियोपेट्राकी बहिनी आर्सिनो चौथोको हत्या मार्क एन्टोनीका मानिसबाट भएको थियो ।



अर्काथरी इतिहासकारका अनुसार जुलियस सिजर आफ्नो शत्रु पोम्पीको खोजीमा इजिप्ट आएका थिए । त्यहाँ उनले क्लियोपेट्रालाई देखे र उनको सुन्दरता, मादक आँखाको मायामा परे । क्लियोपेट्राको सुन्दरताको फन्दामा परेपछि उनको तर्फबाट

लड्न र उनलाई इजिप्टको रानी बनाउन जुलियस सहयोगी बने।

जुलियस सिजरले टोलेमीसँग युद्ध गरे र टोलेमी मारिए। अनि क्लियोपेट्रा इजिप्टको सिंहासनमा बसिन्। इजिप्टको पुरातन प्रथा अनुसार उनले आफ्नो कान्छो भाइसँग मिलेर शासन गर्न थालिन् तर चाँडै उनले आफ्नो कान्छो भाइलाई विष दिएर मारिन्।





मार्क एन्थोनीसँगको सम्बन्ध

रोमन शासक जुलियस सिजरका सेनापति मार्क एन्थोनी क्लियोपेट्रासँग प्रेममा थिए। दुवैले अलेक्जेन्ड्रियामा जाडोको समय सँगै बिताएका थिए। एन्थोनीबाट क्लियोपेट्राका तीन सन्तान भएको बताइन्छ। क्लियोपेट्राले एन्थोनीसँग मिलेर इजिप्टमा संयुक्त सिक्का पनि चलाएकी थिइन्।

४४ इसापूर्वमा जुलियस सिजरको हत्यापछि आफ्नो उत्तराधिकारी ग्यायस अक्टोभियन सिजरको विरोध गर्दा क्लियोपेट्रा एन्थोनीको साथमा थिइन्। त्यसपछि क्लियोपेट्रा र एन्थोलीले रोमन साम्राज्य लिने योजना बनाए तर दुवै अक्टोभियनको सेनाद्वारा पराजित भए।

क्लियोपेट्राको सौन्दर्यका कारण सिजर र मार्क एन्थोनी पागल बनेका थिए। ग्रिक लेखक अल्बर्टो एन्जेलाका अनुसार सिजर क्लियोपेट्राको आवाजलाई सबैभन्दा बढी मन पराउँथे। मार्क एन्थोनी भने क्लियोपेट्राको बौद्धिकताबाट प्रभावित थिए।

ग्रिक लेखक अल्बर्टो एन्जेलाका अनुसार सिजर क्लियोपेट्राको आवाजलाई सबैभन्दा बढी मन पराउँथे।



रहस्यमय मृत्यु

क्लियोपेट्राको निधन कसरी भयो भन्नेमा इतिहासकारहरू एकमत छैनन्। इतिहासकारका अनुसार अलेक्जेन्ड्रियाको युद्ध हुँदा क्लियोपेट्रा आफ्ना ६० जहाज लिएर भागेकी थिइन्। त्यसरी भागेकी क्लियोपेट्रालाई एन्थोनीले पछ्याएका थिए। त्यसपछि एन्थोनी र क्लियोपेट्राको भेट भएको थियो। भनिन्छ पछि अक्टोभियनको आदेशमा क्लियोपेट्राले एन्थोनीलाई धोका दिएकी थिइन्। अक्टोभियनको आदेशमा उनी एन्थोनीलाई मार्न तयार भइन्। एन्थोनीलाई सँगै मर्न आग्रह गरी उनले आफूले बनाएको समाधिमा लगेकी थिइन्। जहाँ एन्थोनीले क्लियोपेट्राले आत्महत्या गरेको भ्रममा आफ्नो जीवन समाप्त गरेका थिए।

अर्कोथरी इतिहासकारहरू उनको मृत्यु सर्पको टोकाइका कारण भएको मान्छन्। क्लियोपेट्रा स्वयंले सर्पलाई आफ्नो छातीमा टोकाएर आत्महत्या गरेको उनीहरूको कथन छ। अर्कोथरी इतिहासकारको दाबीअनुसार क्लियोपेट्राले अक्टोभियनलाई आफ्नो सौन्दर्यको जालमा फसाएर इजिप्टको शक्ति पुनः प्राप्त गर्न चाहेको अवस्थामा अक्टोभियन क्लियोपेट्राको जालमा फस्नबाट बचेको र त्यसपछि डङ्क नामक व्यक्तिले क्लियोपेट्राको हत्या गरेका थिए।

एक जर्मन अनुसन्धानकर्ताले क्लियोपेट्राको मृत्यु सर्पदंशले नभई लागूऔषधको ओभरडोजका कारणले भएको बताएका छन्। ट्रियर विश्वविद्यालयका प्राध्यापक क्रिस्टोफ सेफरको अध्ययनअनुसार अफिम र हेमलक मिश्रणको सेवनका कारण क्लियोपेट्राको निधन भएको थियो। क्लियोपेट्राको निधन ३० इसापूर्वमा भएको थियो। त्यतिबेला उनी ३९ वर्षकी थिइन्। क्लियोपेट्राको मृत्युपछि, इजिप्ट रोमन साम्राज्यको एक प्रान्त बन्यो। भनिन्छ क्लियोपेट्राका छोरालाई युद्धको लुटका रूपमा परेडका लागि रोम लगिएको थियो। ■

चार्ल्सको राज्याभिषेक



बेलायतले राज परम्परालाई निरन्तरता दिएको छ। संवैधानिक भए पनि शक्तिशाली मानिने त्यहाँका नयाँ राजा चार्ल्स तृतीयको राज्याभिषेक भव्य र सभ्य रूपमा सम्पन्न गरिएको छ। गएको मे ६ मा राजा चार्ल्सको राज्याभिषेक सम्पन्न भयो।

राजा चार्ल्सले वेस्टमिनिस्टर एबेमा आयोजित विशेष समारोहमा महँगो राजमुकुट लगाए। आर्चविसपले 'सेन्ट एड्वर्डज क्राउन' नामको राजमुकुट राजाको शिरमा राखिदिए। जीवनमा एक पटक राज्याभिषेक समारोहमा मात्र यो राजमुकुट लगाइन्छ। यो राजमुकुट पहिरिने चार्ल्स सातौँ राजा वा रानी हुन्।

यसअघि चार्ल्स द्वितीय, जेम्स द्वितीय, विलियम तृतीय, जर्ज पञ्चम, जर्ज छैटौँ, अनि एलिजाबेथ द्वितीयाले यो राजमुकुट पहिरिएका थिए। उक्त राजमुकुट पछिल्लो पटक सन् १९५३



■ रामप्रसाद आचार्य

मा महारानी एलिजाबेथले आफ्नो राज्याभिषेकमा पहिरिएकी थिइन्।

राज्याभिषेक समारोहमा राजा चार्ल्सप्रति निष्ठा व्यक्त गर्दै आर्चविसप सम्मानमा झुकेका थिए। त्यस अवसरमा राजा चार्ल्सले "म शपथ खान्छु, म महाराज, उहाँको उत्तराधिकारी र कानुनमा साँचो निष्ठा राख्नेछु," भनी शपथ लिएका थिए।

समारोहमा रानी क्यामिलालाई पनि आर्चविसपले 'क्विन मेरिज क्राउन' राजमुकुट लगाइदिए।

राज्याभिषेक समारोहको अन्त्यमा राजाहरूले सेन्ट एड्वर्डजको राजमुकुट झिकेर 'इम्पेरियल स्टेट क्राउन' नामक अलि हलुका राजमुकुट लगाउने चलन छ। त्यो राजमुकुट पनि राजकीय समारोहमा मात्र लगाउने गरिन्छ। राजाहरूले राजकीय समारोहमा लगाइराख्ने यो इम्पेरियल स्टेट क्राउन पनि सुनले बनाइएको छ। जसमा दुई हजार ८६८ वटा हीरा र अन्य रत्न जडिएका छन्।

वेस्टमिनिस्टर एबेमा विम्बहरूले भरिएको र सङ्गीतमय प्रस्तुतिमाझ राज्याभिषेक समारोह भव्य रूपमा सम्पन्न भयो। रानी क्यामिलाका साथ राजा चार्ल्स बकिङ्घम दरबारबाट उक्त समारोहका लागि निस्कँदा सेन्ट्रल लन्डनका सडकमा हजारौं मानिसले







बुढ्यौली उमेरमा विश्वकै सम्भ्रान्त र सम्मानित शाही परिवारको विरासत धान्न पुगेका चार्ल्ससामु बेलायती राजसंस्थालाई बलियो र लोकप्रिय बनाउने चुनौती खडा भएको छ।

स्वागत गरे। राज्याभिषेक परेड हेर्ने आशामा अनुकूल स्थान सुनिश्चित गर्न मानिसहरू रातिदेखि नै सडकमा कुरेर बसेका थिए। राज्याभिषेक समारोह वेस्टमिनिस्टर एबेमा करिब दुई घण्टा चलेको थियो।

समारोहमा बेलायतका प्रधानमन्त्री ऋषि सुनक र सात जना पूर्वप्रधानमन्त्री सहभागी भए। प्रधानमन्त्री सुनकले राज्याभिषेकको दिन अभूतपूर्व राष्ट्रिय गौरवको क्षण भएको र देशको आधुनिक चरित्रको जीवन्त प्रदर्शन भएको बताए।

महारानी एलिजाबेथ द्वितीयाको निधनपछि उनका जेठा छोरा चार्ल्स तृतीय नयाँ राजा बनेका हुन्। राजगद्दीमा पुग्न चार्ल्सले लामो प्रतीक्षा गर्नुपर्‍यो। चार वर्षको उमेरमा उत्तराधिकारी घोषित उनी ७० वर्षपछि राजा बने। बुढ्यौली उमेरमा विश्वकै सम्भ्रान्त र सम्मानित शाही परिवारको विरासत धान्न पुगेका चार्ल्ससामु बेलायती राजसंस्थालाई बलियो र लोकप्रिय बनाउने चुनौती खडा भएको छ।

एलिजाबेथ २५ वर्षको उमेरमा बेलायतको महारानी बनेकी थिइन्। संसारभरि बेलायतको आधिपत्य हुँदादेखि ब्रेक्जिटका कारण अनिश्चित भविष्यको स्थितिमा आउँदासम्म उनले शाही

परिवारको गौरवशाली साख कायम राखेकी थिइन् ।

पत्नी डायनासँगको सम्बन्ध विच्छेद र पछि कार दुर्घटनामा डायनाको निधनलगायतका कारणले विवादमा परेका व्यक्ति हुन् चार्ल्स । सन् १९९० दशकको मध्यतिर केही आलोचकले उनलाई राजा स्वीकार गर्न नसकिने आवाज उठाएका थिए । चार्ल्सभन्दा उनका छोरा विलियम्सलाई महारानीको उत्तराधिकारी घोषणा गर्नुपर्ने माग बेलाबखत उठ्थ्यो ।

सन् १९९१ मा गरिएको मत सर्वेक्षणमा चार्ल्स असल राजा हुनेमा ८२ प्रतिशत जनता विश्वस्त थिए तर सन् १९९६ को सर्वेक्षणले भने ४१ प्रतिशत जनताले मात्र उनलाई राम्रो



सन् १९९७ मा हङकङ चीनलाई हस्तान्तरण गर्न महारानीको प्रतिनिधि बनेर चार्ल्स हङकङ गएका थिए ।

उत्तराधिकारी माने अर्थात् उनको लोकप्रियता निकै घट्यो । लोकप्रियता घटेसँगै डायनाको निधनपछि चार्ल्स आफ्नो छवि सुधारमा केन्द्रित भए । त्यस निम्ति तत्कालीन प्रधानमन्त्री टोनी ब्लेयरसँग मिलेर उनले काम गर्न थाले । ब्लेयरसँगको सहकार्यले आफ्नो छवि सुधार्न उनी सफल पनि भए ।

पत्नी डायना हुँदाहुँदै चार्ल्स क्यामिलासँग प्रेममा फसेका थिए । उनको यो प्रेम सम्बन्धलाई धेरैले राम्रो मानेनन् । सन् १९९७ मा डायनाको कार दुर्घटनामा निधन भएपछि सन् २००५



मा उनले क्यामिलासँग विवाह गरे । निजी जीवन लयमा फर्किए पनि राजपरिवारलाई लयमा फर्काउने चुनौती चार्ल्सलाई छ ।

पृथक् पहिचान बनाउने उद्देश्यबाट चार्ल्सले परोपकारी संस्था गठन गरे । पछिल्ला वर्षमा उनले महारानी एलिजाबेथका तर्फबाट निर्वाह



महँगो राजमुकुट

बेलायतका राजाले जीवनमा एक पटक राज्याभिषेक समारोहमा लगाउने विश्वको महँगो राजमुकुट हो । यसको नाम 'सेन्ट एड्वर्डज क्राउन' हो । यो ३६० वर्ष पुरानो राजमुकुट २२ क्यारेट सुनले बनाइएको छ । यो ३० सेन्टिमिटर लामो छ । यसको तौल लगभग दुई किलो २३० ग्राम छ । राजमुकुटमा ४४४ वटा रत्न जडिएका छन् । जसमा अति मूल्यवान् हीरा, नीलम, माणिक र पुखराज पर्छन् । यसको मूल्य पाँच अर्ब पाउन्ड आकिएको छ । ७० वर्षदेखि यो मुकुट टावर अफ लन्डनमा राखिएको थियो । यस पटक बेलायतका नयाँ राजा चार्ल्स तृतीयले राज्याभिषेक समारोहमा यो राजमुकुट लगाए ।

रोबोटद्वारा महिलाको गर्भाधान

विश्वमा पहिलो पटक रोबोटबाट महिलाको गर्भाधान गराई जुम्ल्याहा शिशु जन्माइएको छ । यो घटना स्पेनमा भएको हो । त्यहाँको एक चिकित्सा संस्था ओभरचर लाइफमा एक महिलाको गर्भमा रोबोटको माध्यमबाट शुक्रकीट हालियो । सो रोबोटलाई नियन्त्रण गर्नका लागि प्ले स्टेसन ५ को गेमिङ कन्सोल प्रयोग गरिएको थियो । त्यसरी रोबोटको सहयोगले पठाइएको शुक्रकीटबाटै ती महिलाले गर्भधारण गरिन् ।

यसअघि आइभिएफ प्रविधिमा विशेषज्ञ डाक्टरको निगरानीमै शुक्रकीट र डिम्ब मिलाएर भ्रूणको विकास गरिन्थ्यो तर अब यो काम रोबोटले



गर्नुपर्ने काम पनि गरे। महारानीका तर्फबाट विदेश भ्रमणदेखि सम्मान अर्पणका काममा उनको सहभागिता रह्यो। प्रथम विश्वयुद्धको स्मृति दिवसका अवसरमा महारानीले दिवङ्गत सैनिकहरूको स्मारकमा सम्मान अर्पण गर्ने परम्परा थियो। उनले त्यहाँ महारानीका तर्फबाट आफूले माल्यार्पण गरे।

स्पष्ट वक्ता चार्ल्स राजनीतिक मुद्दामा टिप्पणी गर्न समेत हिच्किचाउन्नन्। सन् २००५ मा भएको हमलापछि 'इस्लामोफोबिया' बढेको बेलायतमा उहाँले धार्मिक सहिष्णुताको वकालत गरे। उनको भूमिकाले सम्भावित धार्मिक द्वन्द्व टार्न मद्दत पुगेको थियो। कहिलेकाहीँ कडा विचारका कारण उनी समस्यामा पनि पर्ने गर्छन्।

सन् २००६ मा उनी बेलायती पत्रिका 'द मेल' विरुद्ध खनिए। सन् १९९७ मा हङकङ चीनलाई हस्तान्तरण गर्न महारानीको प्रतिनिधि बनेर चार्ल्स हङकङ गएका थिए। चार्ल्सले डायरीमा नोट गरेको वाक्यांशलाई 'द मेल' ले जस्ताको तस्तै छापेको थियो। आफ्नो गोपनीयता भङ्ग गरेको भन्दै उनले 'द मेल' विरुद्ध मुद्दा हाले। त्यो मुद्दा उनले जिते पनि।

चार्ल्स बेलायतका मात्र होइन १४ वटा कमनवेल्थ देशका प्रमुख बनेका छन्। हालैको सर्वेक्षणले उनलाई त्यति धेरै लोकप्रिय भने देखाएको छैन। शाही परिवारका सदस्यभित्र छनोट गर्दा उनी ११ प्रतिशतको छनोटमा परेका छन्। चार्ल्सलाई कमैले मन पराए पनि राजतन्त्र भने धेरैले मन पराएका छन्। सर्वेक्षण अनुसार ४३ प्रतिशत जनताले राजतन्त्रबिना मुलुकको भविष्य बिग्रिने प्रतिक्रिया दिएको देखिन्छ। त्यस्तै १९ प्रतिशतले राजतन्त्र अन्त्य हुनुपर्ने बताएका छन् भने ३१ प्रतिशतले राजतन्त्र वा नयाँ व्यवस्था जे आउँदा पनि कुनै असर नपर्ने राय दिएका छन्।

९६ वर्षको उमेरमा सन् २०२२ को सेप्टेम्बर ८ मा महारानी एलिजाबेथको निधन भएपछि सेप्टेम्बर १० मा औपचारिक रूपमा चार्ल्स तृतीया राजा घोषित भएका थिए। बेलायतको नौ सय वर्षको राजतन्त्रको इतिहासमा उनी ४०औँ राजा हुन्।



गर्न सक्ने भएको छ।

आईभीएफ प्रविधि महँगो हुने र त्यसमा सफलतापूवर्क गर्भधारण भएर सन्तान प्राप्ति हुने पूर्ण ग्यारेन्टी पनि नभएका कारण वैज्ञानिक तथा यस्ता अस्पताल सस्तो प्रविधिको खोजीमा लागिरहेका थिए।

रोबोटबाट गर्भवती गराइएकी महिलाबाट जन्मिएका जुम्ल्याहा हाल स्वस्थ छन्। ओभरचर लाइफको प्रयोगशालामा प्रशिक्षार्थी एडुअर्ड अल्बाले प्ले स्टेसन ५ को गेमिङ कन्सोलको सहयोगमा रोबोटमार्फत ती महिलाको अन्डाशयमा रहेको डिम्बमा सुईबाट शुक्रकीट हालिदिएका थिए। ■

महिलाको खेलाडी

निरुता ठगुन्ना (अन्तर्राष्ट्रिय भलिबल खेलाडी)

चार-पाँच वर्ष भयो नेपाली महिला भलिबल अन्तर्राष्ट्रिय मञ्चमा परिचित भएको । सन् २०१९ मा नेपालले बङ्गलादेशमा प्रथम एसियन भलिबल कन्फेडेरेसन (एभीसी) सेन्ट्रल जोन सिनियर महिला भलिबल च्याम्पियनसिपको उपाधि जित्यो । जुन ऐतिहासिक उपाधि थियो । नेपाली महिला भलिबल टिमले जितेको यो उपाधि नेपालको पहिलो अन्तर्राष्ट्रिय उपाधि हो । नेपालले दोस्रो संस्करणमा सो उपाधि रक्षा पनि गर्‍यो । साग खेलकुदअन्तर्गत भलिबलमा भारतसँग पाँच सेटमा हारेर रजत पदक हासिल गर्‍यो । यही जेठ महिना भारत र कजाखस्तानजस्ता स्तरीय टिम सामेल सेन्ट्रल जोनमा पनि तेस्रो भयो । यी सफलतामा एक खेलाडीको दरो उपस्थिति रह्यो । उनी हुन्- स्पाइकर निरुता ठगुन्ना ।

केही वर्षअघिसम्म नेपाली महिला भलिबल खेलाडीको स्पाइक सशक्त थिएन। ब्लक गर्ने खुबी त छँदै थिएन तर निरुताजस्ता खेलाडीको उपस्थितिमा अहिले छोटो समयमै नेपाली टिमले भलिबलको यस पक्षमा महारथ हासिल गरेको छ। दार्चुलाकी निरुता 'आउटसाइड हिटर' हुन्। भलिबलमा 'आउटसाइड हिटर' आक्रामक र डिफेन्स दुवैमा विशेषज्ञ हुन्छन्। त्यसैले पनि निरुतालाई भलिबलमा पूर्ण खेलाडी भन्न सकिन्छ।

निरुताले यही जेठ महिनामा नेपालमा भएको सेन्ट्रल जोन महिला भलिबल प्रतियोगितामा खेल्न राष्ट्रिय टिममा पुनरागमन गरेकी हुन् । प्रमुख स्पाइकर प्रतिभा माली घाइते भएर टिममा नपरेपछि पनि बेल्जियमका प्रशिक्षक जान डे ब्रान्टले अनुभवी निरुतालाई मौका दिएका थिए। निरुताले पनि आफूलाई प्रमाणित गरिन्।

घरेलु प्रतियोगितामा एपीएफबाट खेल्छिन् उनी। यसअघि उनी आर्मी पनि आबद्ध रहेकी थिइन्। यद्यपि निरुताको आर्मीमा बसाइ सुखद हुन सकेन। स्कुले जीवनमा राष्ट्रपति रनिङ शिल्डमा जनहित माध्यमिक विद्यालयमा खेलाडी नपुग्दा भलिबल टिममा समावेश हुनु नै उनको जीवनको महत्त्वपूर्ण मोड बन्यो। राष्ट्रपति रनिङ शिल्डमा उनी एथलेटिक्समा लागेकी थिइन् तर बाध्यतामा भलिबल पनि खेल्नुपर्‍यो। उनको टिमले जितेर काठमाडौँ र पोखरासम्मको यात्रा गर्‍यो।

पोखरामा खेल्दा राष्ट्रिय टिमका प्रशिक्षक जगदीश भट्टको नजर निरुतामा पर्‍यो। उनले आर्मीमा भलिबल टिम बन्दै गरेको र सोही टिमबाट खेल्ने प्रस्ताव निरुतासँग राखे। त्यसपछि निरुता आर्मीमा आबद्ध भएकी हुन्। भलिबलको आधारभूत ज्ञान निरुताले आर्मी टिममै रहेर सिकिन्। उनले आर्मीबाट साढे दुई वर्षको अन्तरालमा थुप्रै प्रतियोगिता खेलिन्। यस क्रममा उनी नेपालमा सबैले चिन्ने भलिबल खेलाडी बनिसकेकी थिइन्। यसबीच अचानक निरुताले बिनासूचना आर्मी छोडिन्। आर्मीले उनलाई भगौडाको सूचीमा राख्यो। निरुता यसबारेमा बोल्न चाहँदिनन्। आफ्नो गल्ती नगरेको र आर्मीमा छँदा आफूले पीडादायी जीवन बिताएकोसम्म भन्छिन्।

आर्मीमा समस्या भइरहेकै बेला बङ्गलादेशमा हुने सेन्ट्रल जोनका लागि राष्ट्रिय टिमको प्रारम्भिक टिममा परेकी थिइन्। त्यतिबेला आर्मीको कभर्ड हलमा राष्ट्रिय टिमको प्रशिक्षण हुन्थ्यो। निरुतालाई भगौडा भन्दै आर्मीले प्रशिक्षण पनि गर्न दिएन। करिब एक हप्तापछि राखेपको कभर्ड हलमा प्रशिक्षण सारेपछि मात्र उनले अभ्यास गर्न पाएकी हुन्। यस परिस्थितिमा उनले भलिबलमै केही गर्नुपर्छ भन्ने इख राखिन्। नेपालको जर्सी लगाउने सपना पनि थियो।

उनी अन्तिम छनोटमा परिन्। सो समय प्रमुख स्पाइकरमध्ये एक सरस्वती चौधरी घाइते

भएपछि निरुताले पहिलो रोजाइमा नै खेल्ने मौका पाइन् । बङ्गलादेशमा उपाधि जित्न महत्त्वपूर्ण भूमिका निर्वाह गरिन् । त्यहाँ निरुताले गरेको खेलको प्रशंसा अहिले पनि हुने गर्दछ । सागमा भने प्रतिभा माली र सरस्वती टिममा रहँदा निरुताले वैकल्पिक खेलाडीका रूपमा नै खेलिन् । नौ महिना एपीएफको कडा प्रशिक्षणमा व्यस्त हुँदा पनि निरुता भलिबलबाट अलि पर भएकी थिइन् ।

तर घरेलु प्रतियोगिता लगातार प्रदर्शन गर्दै निरुता पुनः सेन्ट्रल जोन महिला भलिबल प्रतियोगिताका लागि राष्ट्रिय टिममा पुनरागमन गर्न सफल भइन् । ■

–प्रजित शाक्य

तेस्रो भयो नेपाल



सोमराज पोखरेल

एनएससी काभा (सेन्ट्रल एसियन भलिबल एसोसिएसन) महिला भलिबल च्यालेन्ज कपको उपाधि भारतले जितेको छ। फाइनलमा भारतले काजखस्तानलाई पराजित गरेको थियो। काठमाडौँको त्रिपुरेश्वरमा रहेको राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्ड हलमा भएको फाइनल खेलमा भारत ३–० को सोझो सेटमा विजयी भयो।

आयोजक नेपाल तेस्रो भएको छ। तेस्रो स्थानका लागि भएको





प्रतिस्पर्धात्मक यसपालिको लिग जित्ने होडमा बोरुसिया डर्टमन्डलाई म्युनिखले गोल अन्तरले पछाडि पारेर उपाधि हासिल गर्‍यो ।

खेलमा नेपालले उज्वेकिस्तानलाई ३-१ को सेटमा पराजित गरेको थियो ।

त्यसैगरी श्रीलङ्का पाँचौं, किर्गिस्तान छैटौं, माल्दिभ्स सातौं र बङ्गलादेश आठौं स्थानमा रहे । यसअघिका दुवै संस्करण नेपालले जितेको थियो ।

म्यानचेस्टर सिटीको जित

इङ्ग्लिस प्रिमियर लिग फुटबलको उपाधि म्यानचेस्टर सिटीले जितेको छ । सिटीले लगातार तेस्रो पटक उपाधि जितेको हो । उसले पछिल्ला छमध्ये पाँच उपाधि जितेको छ । सन् २०२० को उपाधि भने लिभरपुलले जितेको थियो ।

सन् १८८० मा स्थापित म्यानचेस्टर सिटीले नौ पटक मात्रै प्रिमियर लिगको उपाधि जितेको छ, पहिलो पटक सन् १९३७ मा प्रिमियर लिगको उपाधि जितेको थियो । दोस्रो उपाधि जित्न उसले सन् १९६८ सम्म कुर्नु पर्‍यो । तेस्रो उपाधि सन् २०१२ मा मात्रै जित्यो । त्यसपछि सन् २०१४, २०१८, २०१९, २०२१, २०२२ र २०२३ मा सिटीले उपाधि हात पारेको छ ।

अहिलेसम्म म्यानचेस्टर युनाइटेडले २०, लिभरपुलले १९, आर्सनलले १३ तथा एभर्टनले पनि नौ पटक उपाधि जितेका छन् ।

यसपालि आर्सनल दोस्रो, म्यानचेस्टर युनाइटेड तेस्रो तथा न्युक्यासल युनाइटेड चौथो भए । लिभरपुल र ब्राइटन एन्ड हव आल्बियनले क्रमशः पाँचौं र छैटौं हुँदै युरोपा लिग खेल्न पाउने भएका छन् ।

बुन्डेसलिगा बायर्नलाई

बुन्डेसलिगा लिग फुटबलको उपाधि बायर्न म्युनिखले जितेको छ । अन्तिम लिग खेलमा म्युनिखले कोल्नलाई २-१ गोल अन्तरले पराजित गर्‍यो ।


प्रतिस्पर्धात्मक यसपालिको लिग जित्ने होडमा बोरुसिया डर्टमन्डलाई म्युनिखले गोल अन्तरले पछाडि पारेर उपाधि हासिल गर्‍यो ।

दुवै टिमको समान ७१ अङ्क भए पनि गोलअन्तरमा डर्टमन्ड पखाडि पर्‍यो । अन्तिम खेलमा मेन्जसँग २-२ गोलले बराबरीमा रोकिँदा पनि डर्टमन्डलाई ठूलो क्षति पुग्यो ।

म्युनिखले लगातार ११औं पटक बुन्डेसलिगा जितेको छ । सन् २०११-१२ को सिजनपछि म्युनिख लगातार च्याम्पियन हुँदै आएको छ । म्युनिखको यो समग्रमा ३२औं उपाधि भएको छ ।

मेसीको कीर्तिमानी गोल





दस टोलीले सहभागिता जनाएको यो प्रतियोगिताको लिग चरणमा शीर्ष स्थानमा रहँदै गुजरात र दोस्रो स्थानमा रहँदै चेन्नईले पहिलो क्वालिफायर खेलेका थिए । उक्त खेल चेन्नईले जितेपछि गुजरात दोस्रो क्वालिफायर खेल्दै मुम्बई इन्डियन्सलाई हराएर फाइनलमा पुगेको थियो ।

फ्रेन्च लिग वान फुटबलको उपाधि पेरिस सेन्ट जर्मेन (पीएसजी)ले जितेको छ । पीएसजी ८५ अङ्कसहित अङ्क तालिकाको शीर्ष स्थानमा रहेर उपाधि जित्न सफल भयो ।

अन्तिम खेलमा क्लेमन्ट फुटसँग ३–२ ले पराजित भए पनि त्यसअघिको खेलमा स्टार्सवर्गसँग १–१ ले बराबरी खेल्दै पीएसजीले एक खेलअघि नै लिग वानको उपाधि पक्का गरेको थियो ।

त्यो खेलमा लियोनल मेसीले गोल गरे । युरोपको शीर्ष पाँच लिगमा मेसीको यो ४९६औँ गोल भयो । यससँगै उनले क्रिस्टियानो रोनाल्डोको नाममा रहेको ४९५ गोलको कीर्तिमान तोडेका छन् । साथै मेसीले पीएसजीसँगको सम्झौता पनि सकाएका छन् । उनले २२ महिना पीएसजीमा रहेर खेले ।

स्पेनी बार्सिलोनालाई

स्पेनी लिग ला लिगाको उपाधि बार्सिलोनाले जितेको छ । ८८ अङ्कसहित बार्सिलोना पहिलो भयो । दोस्रो स्थानको रियाल मड्रिडको ७८ तथा तेस्रो एथलेटिको मड्रिडको ७७ अङ्क रह्यो । ७१ अङ्कसहित रियल सोसिडाडले शीर्ष चारमा रहेर च्याम्पियन्स लिग खेल्न पाउने भएको छ ।

इन्डियन प्रिमियर लिग (आईपीएल) टी–२० क्रिकेटको १६औँ संस्करणको उपाधि चेन्नई सुपर किङ्सले जितेको छ । फाइनलमा गत विजेता गुजरात टाइटान्सलाई चेन्नईले पाँच विकेटले पराजित गऱ्यो ।

दस टोलीले सहभागिता जनाएको यो प्रतियोगिताको लिग चरणमा शीर्ष स्थानमा रहँदै गुजरात र दोस्रो स्थानमा रहँदै चेन्नईले पहिलो क्वालिफायर खेलेका थिए । उक्त खेल चेन्नईले जितेपछि गुजरात दोस्रो क्वालिफायर खेल्दै मुम्बई इन्डियन्सलाई हराएर फाइनलमा पुगेको थियो । लखनउ सुपर जाइन्टस तेस्रो तथा मुम्बई इन्डियन्स चौथो हुँदै प्लेअफमा पुगेका थिए । इलिमिनेटरमा मुम्बईले लखनउलाई हराएको थियो ।

१६औँ संस्करणको समाप्तिसम्म उपाधि जित्नमा चेन्नईले मुम्बईको बराबरी गरेको छ । दुवै टिमले अहिलेसम्म पाँच–पाँच पटक उपाधि जितेका छन् । ■



यस कारण दुख्छ सुतेका बेला टाउको



मानिसको सुत्ने अवस्थाले बिहान उठ्ने बेला टाउको दुखाउन सक्छ। यसबाट बच्न सुत्ने बेला टाउकोलाई ओछ्यानभन्दा केही माथि राख्ने गर्नुपर्छ। यसको धेरै फाइदा छ : टाउकोमा चोट लाग्न पाउँदैन, ग्यास्ट्रिक कम हुन्छ र श्वासप्रश्वासको समस्या घट्छ।

शरीरलाई स्वस्थ राख्न पृथ्वीको गुरुत्वाकर्षण शक्तिको पनि भूमिका हुने स्पष्ट छ। दिउँसो बढी उभिने भएकाले पैतला र गोलीगाँठो वरिपरि बिस्तारै द्रव र अन्य अनुपयोगी पदार्थ जम्मा हुन्छन्। गुरुत्वाकर्षण शक्तिको प्रभावले हरेक वस्तु तल आउन खोज्छ र यसैले उभिएका बेला हाम्रो शरीरको तल्लो भागमा दबाब अधिक हुन्छ।

गुरुत्वाकर्षण शक्तिले मस्तिष्कको स्वास्थ्यमा भूमिका खेल्छ। उभिएका बेला मुटुभन्दा माथि मस्तिष्क रहन्छ र मस्तिष्कमा रगत पम्प गर्नुपर्ने हुन्छ। यस अवस्थामा गुरुत्वाकर्षण शक्तिले गर्दा रगतको चाप तल बढी नहोस् भनी मुटुले अतिरिक्त दबाब थेग्नुपर्छ। यसैगरी मस्तिष्कबाट फर्कने रगतलाई गुरुत्वाकर्षण शक्तिले सहयोग पुग्छ।

सुतेका बेला मस्तिष्कमा तरल पदार्थले गर्दा थप दबाब पर्ने हुन्छ। यसले गर्दा मस्तिष्कलाई आवश्यक पर्ने अक्सिजन र ग्लुकोजको कमी हुन जान्छ। सबैभन्दा पहिले मस्तिष्कले आफ्नो स्वास्थ्यमा दुष्प्रभाव नपरोस् भनी मानिसलाई ब्युँझाउँछ र ओछ्यानबाट उठ्न उत्प्रेरित गर्दछ।



त्यससँगै रक्तनलीले टाउको र मस्तिष्कमा अस्थायी रूपमा रक्तप्रवाह बढाएर त्यहाँ सफाइ गरी दबाब घटाउँछ। यसरी मस्तिष्कमा सफाइको काम हुँदा अस्थायी रूपमा बढेको दबाबले टाउको दुख्ने गर्छ। राति समथर ओछ्यानमा सुतेर बिहान उठ्दा यसैकारणले टाउको दुख्छ। तकिया प्रयोग वा ओछ्यानमा टाउकातिरको भाग हल्का उठाएर सुतेमा बिहान टाउको दुख्दैन।



मुखको क्यान्सर



प्रा.डा. सुमनराज ताम्राकार

मुखको क्यान्सर ओठ, मुख वा घाँटीको माथिल्लो भागमा लाग्ने क्यान्सर हो । पान, सुपारी, चुरोट, बिँडीको अत्यधिक प्रयोगका कारण भारतमा यो क्यान्सर तेस्रो स्थानमा पर्दछ । नेपाल विशेषतः तराई तथा भित्री मधेशका बासिन्दामा पनि भारतीयहरू जसरी सुर्तीजन्य पदार्थ बढी उपभोग गर्ने बानी छ । सुर्तीको उपभोगले मुखको क्यान्सरको जोखिम ३.५ देखि ७ गुणासम्म बढाउँछ । नेपालमा करिब सात प्रतिशत मानिसमा क्यान्सरपूर्वको अवस्थाको मुखको समस्या छ ।

कारक तत्त्व

सुर्तीमा क्यान्सर गराउने तत्त्व कार्सिनोजेन हुन्छ । यस्तो कार्सिनोजेनले कोषमा रहने डीएनएलाई असर गरी क्यान्सर निम्त्याउँछ । धेरैथरीका क्यान्सरको कारक तत्त्वका रूपमा रहेको सुर्तीजन्य पदार्थको प्रचारप्रसार तथा बेचबिखनले पनि क्यान्सरको समस्या उल्लेखनीय वृद्धि गराएको छ । एसिया क्षेत्रमा मुख्य क्यान्सरहरूमध्ये एक हो मुखको क्यान्सर र यो ५० देखि ५५ वर्ष उमेरका पुरुषमा बढी हुने गरेको छ । मुखको क्यान्सरबाट प्रताडितमध्ये ९० प्रतिशत मानिसले सुर्तीजन्य पदार्थ खाने गरेको देखिन्छ ।

अन्य हानिकारक वातावरणीय तत्त्वसरह सुर्ती उपभोगबाट मुखको क्यान्सर हुन सुर्तीको प्रकार, उपभोगको तौरतरिका, उपभोग

> **निरन्तर तथा धेरै समयसम्म सूर्यको प्रकाशमा बस्ने तथा पटक पटक एक्सरे लिने कार्य तथा गोरो छाला भएका एवं घाममा लामो समय काम गर्ने मानिसमा पनि मुखको क्यान्सरको जोखिम हुन्छ ।**

गर्न थालेको अवधि, साथमा प्रयोग गरिने अन्य तत्त्वमा भर पर्दछ। त्यसैले मुखको क्यान्सरको हकमा चुरोट भन्दा धुवाँरहित सुर्तीजन्य पदार्थ तथा त्योभन्दा खैनी बढी हानिकारक मानिन्छ।

सुर्ती निरन्तर खानाले ओठ, मुखभित्र मात्र नभई शरीरका सबैजसो अङ्गको कमलो सतह (झिल्ली)लाई निरन्तर प्रभाव पारेर क्यान्सर उत्पन्न हुन सक्छ। सुर्तीजन्य पदार्थका साथै मेरिसेला जोस्टरलगायतका भाइरल सङ्क्रमणले पनि मुखको क्यान्सर हुने जोखिम रहन्छ। यसैगरी खानामा आइरन, जिङ्क, तामा र म्यागनिज जस्ता कतिपय लवण तथा खनिज पदार्थको कमीले पनि मुखको क्यान्सर हुन सक्छ।


लामो समयदेखिको सुपारी खाने बानी, तिखा दाँत, नमिलेका दाँत, भाँचिएका दाँत, फोहोर मुख, बढी चिल्लो तथा मसलादार खाना, पिरो एवं धेरै नुनिलो खानाले मुखमा घाउ गराउने, चर्‍याउने गरी मुखभित्रको कमलो भित्री तहलाई विस्तारै क्यान्सर हुने खालको कोषमा परिणत गर्ने देखिएको छ।

सूर्यको पराबैजनी किरण तथा रेडियो विकिरणको सामिप्यताका कारण पनि मुखको क्यान्सर हुन सक्छ। निरन्तर तथा धेरै समयसम्म सूर्यको प्रकाशमा बस्ने तथा पटक पटक एक्सरे लिने कार्य तथा गोरो



ढुसीलगायत अन्य सङ्क्रमणका कारण अस्वस्थ रहेको अवस्थामा योनिमार्गको वातावरण शुक्राणुका लागि प्रतिकूल हुँदा शुक्राणुहरू बाटामै नष्ट हुने वा कमजोर हुने अवस्था आउँछ।





नियमित, बढी मात्रामा एवं लामो समयदेखिको मद्यपानले पनि मुखको क्यान्सरको जोखिम बढाउँछ। धूमपान र मद्यपानले मुखको क्यान्सर १५ गुणा बढाउँछ। मद्यपानका कारण मुखभित्रको तह सुक्खा बनाई क्यान्सर गराउन सक्ने तत्त्वलाई छिटो असर गराउन मद्दत पुग्दछ। मद्यपानले कलेजोलाई असर गरी रोगसँग लड्न सक्ने क्षमता पनि कमजोर पार्दछ। मुखको क्यान्सर भएकामध्ये ४० प्रतिशतले धूमपान र मद्यपान दुवै गर्ने गरेको पाइएको छ।

एचपीभी– १६ र १८ का साथै इप्स्टिन बार भाइरस, साइटोमेगालो इन्क्लुजन, हर्पिस सिम्प्लेक्स, एचआईभी, क्यान्डिडा एवं

छाला भएका एवं घाममा लामो समय काम गर्ने मानिसमा पनि मुखको क्यान्सरको जोखिम हुन्छ ।

यो थोरै मात्रामा आनुवांशिक पनि हुन सक्छ । खासै तथ्य थाहा नभए पनि 'ए' रगत समूह भएकामा बढी र 'ओ' भएकामा मुखको क्यान्सर कम पाइएको छ । रक्त क्यान्सरको उपचारको क्रममा रगतमासी प्रत्यारोपणपछि निरन्तर इम्युनसप्रेसन चाहिने कारणले कडा खालको स्टेरोइड औषधिको निरन्तर सेवनले पनि मुखको क्यान्सर हुने जोखिम बढ्छ ।



लक्षण

मुखभित्र वा वरिपरि कुनै अस्वाभाविक घाउ वा अल्सर देखा पर्‍यो तथा त्यसको आकार प्रकारमा वृद्धि भयो वा दुई हप्ताभन्दा बढी अवधिसम्म रहिरह्यो भने मुखको क्यान्सरको शङ्का गर्नुपर्दछ । यस्ता खाले सेतो दाग सुरुमा पीडारहित, त्यसपछि रातोमा परिणत भई घाउ वा अल्सर बन्छ । र्‍याल बढी आउने, अलिकति नुनिलो वा पिरो खानेकुराले पनि चर्‍याउने, स्वाद फरक पर्ने, रगत बग्ने, निल्न वा चपाउन गाह्रो हुने, मुख खोल्न गाह्रो हुने, घाँटीको ग्लेन्ड (गिर्खा) बढ्ने हुन्छ ।

यसैगरी दुब्लाउने, खान मन नलाग्ने, रक्तअल्पता हुने, शिथिल देखिने लक्षण पनि देखिन सक्छ । खोकी लाग्ने र दाँत हल्लिने हुन सक्छ । यो क्यान्सर नजिकैको घाँटीमा अवस्थित लिम्फनोडमा फैलिए कडा खालको गिर्खा देखा पर्ने, शरीरको अन्यत्र (मुख्यतः हड्डीमा) फैलिएको खण्डमा जिउ पूरै दुख्ने हुन्छ ।

ट्युमरको आकार थाहा पाउन वा लिम्फनोडसम्म फैलिएको थाहा पाउन सिटी स्क्यान, एमआरआई, पेट स्क्यान पनि चाहिने हुन्छ ।

निदान

घाउ खटिराबाट बायोप्सी (मासु जाँच) वा मुखको श्राव (र्‍याल) मा क्यान्सरको कोष छ छैन पत्ता लगाई क्यान्सरको निदान गर्न सकिन्छ । ट्युमरको आकार थाहा पाउन वा लिम्फनोडसम्म फैलिएको थाहा पाउन सिटी स्क्यान, एमआरआई, पेट स्क्यान पनि चाहिने हुन्छ । मुखको क्यान्सर मुख्यतः स्क्वामस सेल कार्सिनोमा खालको हुने भए पनि उपचारको सही छनोटका लागि कुन चरणको थाहा पाउन जरुरी हुन्छ । त्यसो भएर निदानको क्रममा स्टेजिङ पनि गर्नुपर्ने हुन्छ । मुखको क्यान्सर अन्यत्र वा खाद्यनलीमा फैलिएको भए इन्डोस्कोपी एवं श्वासनलीमा फैलिएको आशङ्का भए ब्रोङ्कोस्कोपी, छातीको एक्सरे गराउनुपर्ने हुन्छ ।

उपचार

मुखको क्यान्सरपूर्वको अवस्था आफ से आफ निको हुन सक्छ । मुखको क्यान्सरको उपचार शल्यक्रिया तथा केमोथेरापी एवं रेडियोथेरापीबाट गर्न सकिन्छ । शल्यक्रियाको क्रममा ट्युमर निकाल्ने तथा नजिकैको लिम्फनोड बढेको छ भने त्यो पनि







सन् २०१८ मा साढे तीन लाख मानिसमा मुखको क्यान्सर भएकोमा करिब पौने दुई लाखको मृत्यु भएबाट मुखको क्यान्सर अलि बढी फैलिसकेपछि मात्र जँचाउने आउने गरेको भन्ने बुझिन्छ।

निकाल्ने गरिन्छ। मुखको क्यान्सरको उपचार टार्गेट थेरापीबाट पनि गरिन्छ। टार्गेट थेरापीमा क्यान्सर विकसित हुन र वृद्धि हुन आवश्यक निश्चित प्रकारको तत्त्वलाई दखल पुऱ्याई क्यान्सरका कोषहरूको वृद्धि रोक्ने काम गरिन्छ।

शल्यक्रियापछि जिब्रो चलाउने, चपाउने, निल्ने, बोलीका लागि पुनर्स्थापनात्मक उपचार पनि चाहिन सक्छ। त्यसैले मुखको क्यान्सरमा रेडियोथेरापिस्ट, सर्जन, केमो, पोषण, दन्त चिकित्सक, मनोपरामर्शदाता लगायतका बहुविधागत टोलीको आवश्यकता हुन्छ।

मुखको क्यान्सरको उपचारपछि पाँच वर्ष बाँच्ने सम्भावना ६५ प्रतिशत हुन्छ। तर पनि मुखको क्यान्सर कुन भागमा अवस्थित छ त्यसमा पनि भर पर्दछ। सन् २०१८ मा साढे तीन लाख मानिसमा मुखको क्यान्सर भएकोमा करिब पौने दुई लाखको मृत्यु भएबाट मुखको क्यान्सर अलि बढी फैलिसकेपछि मात्र जँचाउने आउने गरेको भन्ने बुझिन्छ।

रोकथाम

सुर्तीजन्य पदार्थ र मद्यपान सेवन नै मुख्य कारण भएकाले रोकथामका लागि यी दुवै तत्त्वको सेवन बन्द गर्ने, पिरो, चिल्लो, मसलादार तथा चर्को नुनिलो खाना लामो समयसम्म नखाने, घाम तथा विकिरणबाट बच्ने। माथि उल्लेखित सङ्क्रमणको समयमै उपचार गर्ने तथा अखाद्य वस्तु नखाने। नियमित दाँत माझ्ने, मुख तथा दन्त परीक्षण गराउने, नमिलेका, चुच्चा तथा भाँचिएका दाँत मिलाउनुका साथै दाँत सफा गर्न लगाउने, क्यान्सरपूर्वको मुखको घाउ (अल्सर) को उचित उपचार गराउनु पर्दछ। कहिलेकाहीँ पान सुपारी खाइयो भने लगत्तै मुख कुल्ला गर्ने बानीले धेरै हदसम्म राम्रो गर्दछ। ▪

साहसी महिला लक्ष्मीबाई



■ हीराकुमारी कडायत

झाँसीकी रानी लक्ष्मीबाईको नाम अदम्य साहसी प्रतिमूर्तिका रूपमा लिइन्छ। उनको जन्म सन् १८२८ नोभम्बर १९ मा भारतको बनारसमा एक मराठी कर्हाडे ब्राह्मण परिवारमा भएको थियो।

उनको बाल्यकालको नाम मणिकर्णिका ताम्बे थियो। उनीलाई मनु पनि भनिन्थ्यो। उनका पिता मोरो पन्त ताम्बे र आमाको नाम भागीरथी सप्रे (भागिरथीबाई) थियो। मणिकर्णिकाका मातापिता महाराष्ट्रको रत्नागिरिको ताम्बेबाट बनारसमा बसाइँ सरेका थिए।

उनका बुवा कल्याण प्रान्तका सैन्य कमान्डर थिए। मणिकर्णिका चार वर्षको हुँदा उनकी आमाको निधन भयो। मणिकर्णिकाको पठनपाठन घरमै भएको थियो। नाना साहेब र टाटिया टोपे उनका बालसखा थिए। उनीहरूसँगै मणिकर्णिकाले सुटिङ, घोडचढी, मल्लखाम्बा सिकेकी थिइन्। कट्टर पुरातनवादी भारतीय समाजमा मणिकर्णिकाको परिचय कुसंस्कार, अन्याय अत्याचारविरुद्ध लड्ने एक साहसी नारीका रूपमा थियो।

मणिकर्णिकाको विवाह सन् १८४२ मा झाँसीका महाराजा गङ्गाधर रावसँग भयो। त्यसपछि उनको नाम लक्ष्मीबाई रहन गयो। लक्ष्मीबाई घोडचढीमा निपुण थिइन्। उनका सारङ्गी, पवन र बादल नामक घोडा थिए। तीमध्ये बादल उनको प्रिय घोडा थियो।

विवाहपछि हिन्दु देवी लक्ष्मीको सम्मानमा उनलाई लक्ष्मीबाई भन्न थालियो। उनीबाट सन् १८५१

धर्मपुत्र आनन्द रावको नाम परिवर्तन गरी दामोदर राव नै राखियो। धर्मपुत्र ग्रहण समारोह ब्रिटिस राजनीतिक अधिकारीको उपस्थितिमा भएको थियो।

सेप्टेम्बरमा छोरा जन्मियो। छोराको नाम दामोदर राव राखियो। तर जन्मेको चार महिनापछि छोराको निधन भयो। त्यसपछि उनीबाट अरू सन्तानको जन्म भएन। उनका श्रीमान् महाराज गङ्गाधरले निधनको एकदिनअघि भतिजा आनन्द रावलाई धर्मपुत्रका रूपमा ग्रहण गरेका थिए। धर्मपुत्र आनन्द रावको नाम परिवर्तन गरी दामोदर राव नै राखियो। धर्मपुत्र ग्रहण समारोह ब्रिटिस राजनीतिक अधिकारीको उपस्थितिमा भएको थियो।

सन् १८५३ नोभेम्बरमा महाराज गङ्गाधर रावको निधनपछि ब्रिटिस गभर्नर-लर्ड डलहौजीले दामोदर रावको झाँसी सिंहासनको अधिकारलाई अस्वीकार गरेका थिए। त्यसपछि ब्रिटिसहरूले झाँसीमाथि नियन्त्रणको प्रयास गरे। झाँसीमाथिको ब्रिटिस आक्रमणको प्रतिकार गरिन् लक्ष्मीबाईले। तर ब्रिटिसहरूले झाँसीमाथि जबर्जस्ती अधिकार कायम गरे। सन् १८५४ मार्चदेखि ब्रिटिसहरूले लक्ष्मीबाईका लागि वार्षिक ६० हजार निवृत्तिभरणको व्यवस्था गरेका थिए। झाँसी दरबार र किल्ला छोड्न उर्दी जारी गरे तर उनले दरबार र किल्ला भने छोडिनन्।

झाँसी सहरमा अशान्त नै थियो तर लक्ष्मीबाईले आफ्ना प्रजाको विश्वास जित्न महिलाहरू भेला गरी धूमधामका साथ हल्दी कुमकुम समारोह आयोजना गरिन्।



सन् १८५७ मे १० मा भारतको मेरठमा अङ्ग्रेज शासनविरुद्ध विद्रोह उठ्यो। विद्रोहको खबर भुसको आगोझैं सम्पूर्ण उत्तरी भारतमा फैलियो। सबैतिर अशान्ति फैलियो। झाँसीमा समेत विद्रोहको खबर पुग्यो। विद्रोहीहरू झाँसी पुगेपछि लक्ष्मीबाईले बेलायती राजनीतिक अधिकारी क्याप्टेन अलेक्जेन्डर स्केनलाई आफ्नो सुरक्षाका लागि थप सैनिकहरू राख्न अनुमति मागिन्। झाँसी सहरमा अशान्त नै थियो तर लक्ष्मीबाईले आफ्ना प्रजाको विश्वास जित्न महिलाहरू भेला गरी धूमधामका साथ हल्दी कुमकुम समारोह आयोजना गरिन्। त्यतिबेलासम्म लक्ष्मीबाई अङ्ग्रेजविरुद्धको विद्रोहमा सहभागी थिइनन्।

पछि सन् १८५७ जुनमा १२औँ बङ्गाल नेटिभ इन्फन्ट्रीमा विद्रोह भयो। विद्रोही सेनाले झाँसीको राज्यकोश (धनसार) र म्यागेजिन कब्जामाथि कब्जा जमाए। अङ्ग्रेज शासकलाई कुनै हानिनोक्सानी नपुर्‍याउने वचनसहित विद्रोहीहरू हतियार बिसाउन तयार भए। तर पछि विद्रोहीहरूले अङ्ग्रेजहरूलाई दिएको वचन कायम राख्न सकेनन्। विद्रोही सेनाले ब्रिटिस अफिसर, उनीहरूका छोराछोरी, श्रीमतीसहित ६० जनाको नरसंहार गरे। उक्त नरसंहारको चार दिनपछि विद्रोहीहरूले लक्ष्मीबाईबाट ठूलो रकम असुले। रानी बसेको दरबार उडाउने धम्की दिए। विद्रोहीहरूको दाउँ झाँसीको सिंहासनमा स्वर्गीय महाराज गृगाधर रावका अर्का भतिजा सदाशिव रावलाई राख्ने थियो। तर उनीहरू त्यसमा सफल भएनन्।

लक्ष्मीबाईको फौजले सदाशिव रावको गद्दी हत्याउने प्रयास विफल तुल्यायो। त्यसपछि सदाशिवलाई कैद गरियो। उक्त घटनाबारे लक्ष्मीबाईले सौगर डिभिजनका कमिस्नर एस्किनलाई पत्रमार्फत जानकारी गराइन्। जवाफमा कमिस्नर एस्किनले रानीलाई ब्रिटिस सुपरिन्टेन्डेन्ट नआउन्जेल सहरको स्थिति काबुमा राख्न भने।

त्यसबेला इस्ट इन्डिया कम्पनीका सहयोगी ओर्छा र दतिया राज्यका सेनाले झाँसीमाथि आक्रमण गरेका थिए। ओर्छा र दतियाको उद्देश्य झाँसीलाई बाँडेर लिनु थियो। ओर्छा र दतियाको आक्रमणपछि लक्ष्मीबाईले अङ्ग्रेजहरूसँग सहयोग मागिन् तर ब्रिटिस गभर्नरले त्यसअघि ६० जनाको ज्यान जाने गरी भएको नरसंहारका लागि रानी जिम्मेवार रहेको भन्दै कुनै सहयोग गरेनन्। त्यसपछि रानीले झाँसी किल्ला र दरबारको सुरक्षा अरू मजबुत पारिन्। सन् १८५७ अगस्तमा विद्रोहीहरूलाई परास्त गर्न सफल भइन्।

झाँसी किल्ला हतियारद्वारा सुसज्जित थियो । किल्लामा राखिएका हतियारले झाँसी सहरका साथै नजिकका गाउँसम्म मार हान्न सक्ने स्थिति देखिन्थ्यो ।



लक्ष्मीबाईले सन् १८५७ अगस्तदेखि सन् १८५८ जनवरीसम्म झाँसीको शासन व्यवस्था राम्ररी सम्हालेकी थिइन् । झाँसीमा शान्ति स्थापना भइसकेको थियो । अङ्ग्रेजहरूले झाँसीमा नियन्त्रण कायम राख्न ब्रिटिस फौज पठाउने उद्घोष गरे तर सेना पठाएनन् । त्यसपछि लक्ष्मीबाई र उनका सल्लाहकारबीच गम्भीर परामर्श भयो । परामर्शपछि ब्रिटिस शासनबाट उन्मुक्तिका लागि विद्रोहमा जानुपर्ने निष्कर्ष निकालियो । त्यसपछि लक्ष्मीबाईको नेतृत्वमा विद्रोहको तयारी सुरु भएको थियो ।

लक्ष्मीबाईले विद्रोहको तयारी गरिरहँदा अङ्ग्रेजहरूले सन् १८५८ मार्चमा झाँसीमा सैनिक पठाए । झाँसी पुगेको ब्रिटिस फौजले स्थानीय वस्तुस्थितिको अवलोकन गर्‍यो । झाँसीमा लक्ष्मीबाईले आफ्नो प्रतिरक्षा बलियो पारेको ठहर ब्रिटिस फौजले गर्‍यो । झाँसी किल्ला हतियारद्वारा सुसज्जित थियो । किल्लामा राखिएका हतियारले झाँसी सहरका साथै नजिकका गाउँसम्म मार हान्न सक्ने स्थिति देखिन्थ्यो । सबै वस्तुस्थितिको मूल्याङ्कनपछि ब्रिटिस सेनाका कमान्डर ह्यु रोजले लक्ष्मीबाई र उनका सैनिकलाई आत्मसमर्पणका लागि आह्वान गरे । आत्मसमर्पण नगरे अनिष्ट आइलाग्ने चेतावनी दिए । त्यसपछि रानीले आफ्ना सल्लाहकारसँग छलफल चलाइन् । छलफलमा आत्मसमर्पण नगरी स्वतन्त्रताका लागि लड्ने निधो भयो । अनि लक्ष्मीबाईले ब्रिटिसहरूविरुद्ध स्वतन्त्रताको युद्ध सुरु गरिन् । लक्ष्मीबाईले ब्रिटिसहरूसँगको स्वतन्त्रताको लडाइँमा जित हासिल गरे विजयको फल प्राप्त हुने तथा मरे वैभव र मुक्ति प्राप्त हुने भन्ने भगवान् कृष्णको भनाइलाई आत्मसात् गरिन् ।



यद्यपि कतिपय इतिहासकारले भने ब्रिटिस कमान्डर ह्यु रोजले आत्मसमर्पणका लागि चेतावनी नदिएको र सन् १८५८ मार्च २३ मा ह्यु रोज नेतृत्वको ब्रिटिस फौजले घेरा हाल्दा लक्ष्मीबाईको फौजले प्रतिकार गरेको उल्लेख गरेका छन् ।

लक्ष्मीबाईले स्वतन्त्रताका लागि लड्ने उद्घोष गरेपछि सन् १८५८ मार्च २४ मा झाँसीमा ब्रिटिस फौजबाट आक्रमण भयो । जवाफी कारबाहीसहित रानीको फौजले प्रतिकार गर्‍यो तर उनको फौजमा ठूलो क्षति भयो । त्यसपछि रानीले तात्या टोपेलाई सैन्य सहयोगका लागि अपिल गरिन् । रानीको अनुरोधसँगै तात्या टोपे २० हजार सैनिकको नेतृत्व गर्दै झाँसी पुगे । पछि ब्रिटिस फौज र रानी समर्थित टोपेको फौजबीच सन् १८५८ मार्च ३१ मा लडाइँ भयो ।

तात्या टोपेका सैनिकलाई ब्रिटिस फौजले घेराबन्दी गर्‍यो । सन् १८५८ अप्रिल २ मा ब्रिटिस फौजले गरेको आक्रमणका कारण किल्लाको पर्खाल भत्कियो । ब्रिटिस



ब्रिटिस फौजले ठूलो नरसंहार मच्चायो। ब्रिटिस फौजले विद्रोही फौजका साथै १६ वर्षमाथिका पाँच हजारभन्दा बढी भारतीयको हत्या गरेको थियो।

फौजले झाँसी सहर नियन्त्रणमा लियो। अघि बढेको ब्रिटिस फौज दरबार नजिक पुग्यो तर ब्रिटिस फौजविरुद्ध लक्ष्मीबाई र तात्या टोपे नेतृत्वको फौजले प्रतिकार जारी राख्यो। लडाइँ चर्किंदै गयो। त्यसपछि लक्ष्मीबाई दरबारबाट किल्लामा सरिन्। किल्लामा लक्ष्मीबाई र उनका सल्लाहकारबीच कुराकानी भयो। आपसी कुराकानीपछि अत्याधुनिक हतियारले सुसज्जित ठूलो सङ्ख्यामा रहेको ब्रिटिस फौजसँगको लडाइँमा अरू क्षति हुने निष्कर्ष निस्कियो। त्यसपछि लक्ष्मीबाई तात्या टोपे कि त राव साहिज (नाना साहिब)को भतिजाको फौजमा सम्मिलित हुने निर्णयमा पुगिन्।

परिस्थितिले अरू जटिल रूप लिँदै थियो। ब्रिटिस फौजले किल्लालाई घेरा हाल्न खोज्दै थियो। त्यसै क्रममा लक्ष्मीबाई किल्लाबाट बाहिरिइन्। किल्लाबाट निस्किँदा लक्ष्मीबाईले आफ्नो प्रिय बादल घोडामाथि हाम फालेकी थिइन्। त्यसरी हाम फाल्दा घोडा मरेको थियो। त्यहाँबाट लक्ष्मीबाई आफ्नो धर्मपुत्र दामोदर राव र सुरक्षाकर्मीहरूसँगै उम्केकी थिइन्। रानीका सुरक्षाकर्मीको टोलीमा खुदा बख्स बसारत अली, गुलाम गौस खान, दोस्त खान, लाला भाउ बक्षी, मोतीबाई, सुन्दर मुन्डर, काशीबाई, दिवान रघुनाथ सिंह, दिवान जवाहर सिंह आदि थिए।

त्यहाँबाट रानी तात्या टोपेलगायतको फौजमा सामेल भइन्। त्यसपछि लक्ष्मीबाईसहितको फौजले काल्पी सहर कब्जा गर्‍यो। सन् १८५८ मे २२ मा ब्रिटिस फौजले काल्पीमाथि आक्रमण गर्‍यो। लक्ष्मीबाई आफैंले आफ्नो फौजको कमान्ड सम्हाल्दै प्रतिकारमा उत्रिइन्। दुर्भाग्य काल्पी मोर्चामा रानीको फौज परास्त हुन पुग्यो।

काल्पीमा हार बेहोरेपछि लक्ष्मीबाई, तात्या टोपे, बन्दका नवाब र राव साहिब आदि ग्वालियर पुगे। ग्वालियरमा उनीहरूसँगै अन्य विद्रोही भारतीय फौजमा सामेल भए। त्यतिबेला ग्वालियरका महाराज सिन्धया भने भागेर आगरा पुगेका थिए। त्यसैले लक्ष्मीबाई समेतको विद्रोही सेनाले ग्वालियर कब्जा गर्‍यो। ग्वालियर कब्जापछि नाना साहिबलाई पुनर्जीवित मराठा शासनको पेशवा (प्रधानमन्त्री) र राव साहिबलाई राज्यपाल घोषणा गरिएको थियो।

तर ब्रिटिस जनरल रोजको फौजले सन् १८५८ जुन १६ मा फेरि ग्वालियरमाथि आक्रमण गर्‍यो र सहर पूरै नियन्त्रणमा लियो।

सन् १८५८ जुन १७ मा ग्वालियरको फूलबाग नजिकको कोटाह–की–सेराईमा रहेको लक्ष्मीबाई नेतृत्वको विद्रोही फौज सो ठाउँ छोड्न खोज्दैथ्यो। त्यति नै बेला ब्रिटिस फौजले लक्ष्मीबाई नेतृत्वको विद्रोही फौजमाथि धावा बोल्यो। ब्रिटिस फौजले ठूलो नरसंहार मच्चायो। ब्रिटिस फौजले विद्रोही फौजका साथै १६ वर्षमाथिका पाँच हजारभन्दा बढी भारतीयको हत्या गरेको थियो।

लडाइँका क्रममा नराम्ररी घाइते लक्ष्मीबाईले फूलबाग रणमैदानमै सन् १८५८ जुन १८ का दिन देहत्याग गरेकी थिइन्।

लक्ष्मीबाई एक साहसी नारी थिइन्। उनी अङ्ग्रेजहरूको दुर्व्यवहार र गुलामीविरुद्ध विद्रोहमा उत्रिएकी थिइन्। आफैं युद्धमा होमिएर पुरुषहरूसँग लड्दै प्राण आहुति दिने लक्ष्मीबाई अदम्य साहसकी प्रतिमूर्ति थिइन्। ■

परिणामहरू

अङ्कजाल प्रतियोगिता, असार-२०८०

नियमहरू :

१. अङ्कजाल भर्न खाली कोठाहरूमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।
२. प्रत्येक ठाडो लहर र तेर्सो लहरमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।
३. अङ्कजालमा ३×३ का नौवटा वर्ग रहेका छन्। ३×३ को प्रत्येक वर्गमा पनि १ देखि ९ अङ्कसम्म नदोहोर्‍याई भर्नुपर्नेछ।
४. समाधान २०८० साउन १५ सम्ममा 'युवामञ्च' को कार्यालयमा आइपुगिसक्नुपर्नेछ।
५. अङ्कजाल भरेर पठाउँदा यसै पत्रिकाको कटिङ पठाउनुपर्नेछ। केरमेट र अस्पष्ट समाधानलाई प्रतियोगितामा सहभागी गराइने छैन।
६. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढीले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।
७. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

		१		९		२		
			६		१			
९			२	७	४			८
	६	४				१	२	
२		८				४		७
	९	७				३	८	
५			८	६	७			१
			९		३			
		९		४		५		

नाम : ....

ठेगाना : ....

सामान्यज्ञान वैशाख अङ्कको उत्तर

समूह क : १. डा. सन्दुक रुइत २. नेपोलियन बोनापार्ट ३. दिवेही

समूह ख : १. ढल्केबर २. दोलखा ३. कोलम्बो

समूह ग : १. इलाम २. किलिमन्जरो ३. वीर अस्पताल

समूह घ : १. धनवन्तरी २. फ्रान्स ३. सफ्ट लोन

समूह ङ : १. जियोथर्मल ऊर्जा २. हम्ला ३. मोहनशमशेर

समूह च : १. तीन (स्थलमण्डल, मिश्रितमण्डल र केन्द्रमण्डल) २. धुरा ३. पृथ्वीपाल सेन

समूह छ : १. आवृत्ति २. अङ्ग्रेज ३. परमाणु

अङ्कजाल वैशाख अङ्कको उत्तर

६	८	३	१	५	४	९	२	७
१	५	२	३	९	७	४	८	६
७	४	९	६	८	२	१	५	३
८	१	४	९	२	३	६	७	५
९	७	५	८	६	१	२	३	४
३	२	६	४	७	५	८	१	९
५	९	८	७	१	६	३	४	२
२	३	१	५	४	९	७	६	८
४	६	७	२	३	८	५	९	१

गोलाप्रथाद्वारा विजयी

असीम श्रेष्ठ, चिसापानी, रामेछाप
हनी महर्जन, बुङ्मती ललितपुर

सही जवाफ पठाउने सहभागी : लक्ष्मण रेग्मी, काठमाडौँ, पदमबहादुर खत्री, सुनसरी, नारायण लघु, भक्तपुर, वटुकृष्ण कसपाल, काठमाडौँ, रोजन चालिसे, लालबन्दी सर्लाही, प्रविना वज्राचार्य, लगन-२१ काठमाडौँ, मानवबाबु थापा, सिन्धुली, कुशलबाबु थापा, सिन्धुली, मिनु केसी, भक्तपुर, शेखरबाबु थापा, सिन्धुली, चन्द्रादेवी सापकोटा, काठमाडौँ, कृष्णचन्द्र गौतम, सुखिपुर सिरहा, राधेश्याम मल्ल, भक्तपुर, बुद्धिबहादुर दुरा, लमजुङ, शिला श्रेष्ठ, कुलेश्वर काठमाडौँ, आलोककुमार तिवारी, वीरगञ्ज, वासुदेव शर्मा, लपु सुन्धारा, मदनमोहनलाल श्रेष्ठ, घट्टेकुलो काठमाडौँ, धनबहादुर पौडेल, काठमाडौँ, रत्न शाक्य, पुलचोक ललितपुर, बुद्धिमान श्रेष्ठ, त्रिपुरेश्वर काठमाडौँ, दिवस भट्टराई, काठमाडौँ, अर्जुन चौधरी, रौतहट, देवी तिवारी काठमाडौँ, राजेन्द्र महर्जन, काठमाडौँ, अभियान बराल, गोठाटार काठमाडौँ, टीकाप्रसाद बराल, धनकुटा, करुणा घिमिरे, बत्तीसपुतली काठमाडौँ, गौरीश्वर रेग्मी, काठमाडौँ, निर्मला श्रेष्ठ, विराटनगर, मनोज थापा, कैलाली, उमेशकुमार मास्के, विराटनगर, रघुवर श्रेष्ठ, काठमाडौँ, विधिज्ञ खनाल, काठमाडौँ, सुनील उपाध्याय, काठमाडौँ, नवीन थापा, काठमाडौँ।

वैशाख अङ्कको कोठेपद

गोला प्रथाद्वारा विजयी

रत्न शाक्य, पुलचोक ललितपुर
खेमराज घिमिरे, बत्तीसपुतली काठमाडौँ

सही उत्तर मिलाउने अन्य सहभागी

पदमबहादुर खत्री, धरान सुनसरी, करुणा घिमिरे, बत्तीसपुतली काठमाडौँ, रोजन चालिसे, लालबन्दी सर्लाही।

सामान्य ज्ञान प्रतियोगिता वैशाखको परिणाम

	नाम	ठेगाना	प्राप्त अङ्क
विजेता	कुमारी निर्मल गिरी	भीनपा, कञ्चनपुर	१००
विजेता	राधेश्याम मल्ल	भक्तपुर	१००
विजेता	मदनमोहनलाल श्रेष्ठ	घट्टेकुलो, काठमाडौँ	१००
४	आलोककुमार तिवारी	वीरगञ्ज	१००
५	खगेन्द्र नाथ	महेन्द्रनगर	१००
६	पवनकुमार श्रेष्ठ	नील वाराही मावि	१००
७	बुद्धिबहादुर दुरा	लमजुङ	१००
८	कृष्णचन्द्र गौतम	सुखिपुर, सिरहा	१००
९	बुद्धिमान श्रेष्ठ	त्रिपुरेश्वर, काठमाडौँ	१००
१०	रत्न शाक्य	पुल्चोक, ललितपुर	१००

◆ निर्मल

युवामञ्च कोठेपद प्रतियोगिता, असार-२०८०

१		२	■	३		४	■	५
	■	६			■	७		
८	९		■	१०			■	
■		■	११			१२		
१३	■	१४		■	१५		■	
१६			■	१७		■	१८	■
	■	१९			■	२०		२१
२२			■	२३			■	
	■	२४			■	२५		

सहभागिताका नियम

१. समाधानसहितको कुपन २०८० साउन १५ भित्र आइपुग्नुपर्नेछ।
२. समाधान माथिको कुपनमै पूरा नाम र ठेगाना भरेर पठाइएको हुनुपर्नेछ।
३. केरमेट गरिएका समाधानलाई प्रतियोगितामा समावेश गरिने छैन।
४. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढी व्यक्तिले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।
५. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

नाम : ....

ठेगाना : ....
....

ठाडो :

१. फुर्तिलो, ओज भएको
२. सहर, पुर
३. परिचय
४. एक जिल्ला
५. विषमतलीयको विपरीतार्थक शब्द
९. कार्य, काज
११. एक प्रकारको ठूलो म्यागुतो
१३. आदिकवि भानुभक्त आचार्यको 'भरजन्म घाँसीतिर मन दिई धन कमायो। नाम क्यै रहोस् पछि भनेर .. .... ॥' पङ्क्तिमा खाली ठाउँमा हुनुपर्ने शब्दहरू।
१४. पूरा होस नभएको, अर्द्धचेतन अवस्था
१५. जमात, समूह, पार्टी
१७. अपराधीले लुकाएका सामान अधीनमा लिने काम, जफत
१८. डर
२०. लिङ्ग, वचन, पुरुष, विभक्ति, काल आदिका अनुसार परिवर्तन नहुने, अविकारी शब्द
२१. रामायण अनुसार भगवान् रामकी परम भक्त, जसको जुठो बयर रामले खाए।

तेर्सो

१. भाँडा बसाउन अँगेनामा राखिने तीनखुट्टे चुलो
३. एकथरी मृग
६. गहिरो, गम्भीर
७. कुनै धनमाल, जग्गा आदिलाई मूल्य बढाबढ गरी बढी मोल कबुल्नेलाई बिक्री गर्ने काम
८. अस्वीकारको उल्टो शब्द
१०. जागेको, जागा, जागरुक
११. चुन, खयर, मसला आदि राखी खाइने एक जातको पात
१२. आकर्षक पखेँटा हुने, फूलको रस खाने एकथरी किरो
१४. आनन्द, खुसी जनाउँदा प्रयोग हुने शब्द
१५. भाउ, रेट
१६. सत्य, यथार्थ
१७. भकुन्डो/शक्ति
१९. मुहार, मुखाकृति
२०. अपकीर्ति
२२. कपाल, दाह्री काट्ने व्यवसाय गर्ने वर्ग/एक थर
२३. कुनै विषयसम्बन्धी विचार, राय, छोटो भनाइ
२४. रुपियाँपैसा, रकम, मुद्रा
२५. यस्तो किसिमले वा यसो गरेर

कोठेपद प्रतियोगिता, वैशाख अङ्कको उत्तर

१ स	खा	२ म	■	३ न	डा	४ कु	■	५ ब
म	■	६ न	गा	म	■	७ भी	त	न
८ ता	९ मा	ङ	■	१० ठ	ठि	त	■	मि
■	उ	■	११ न	न्ता	■	१२ ग	लौँ	चा
१३ गा	■	१४ अ	ब	■	१५ रबु	र	■	उँ
१६ न	ला	स	■	१७ अ	ट्टी	■	१८ बा	■
म	■	१९ मा	र्फ	त	■	२० आ	रा	२१ म
२२ बु	ट्या	न	■	२३ अ	ठा	रो	■	ञ्ज
ह	■	२४ ला	गा	न	■	२५ प	ट	री

तपाईंको प्रश्न

ज्यो. हरिप्रसाद पौडेलको उत्तर

नाम : ऋषभदेव पौडेल
जन्म मिति : २०६७।१२।२७
जन्म बार : आइतबार
जन्म समय : बेलुकी ६:५३ बजे
ठेगाना : काठमाडौँ, बुनपा–६, च्यासिन्डोल

मेरो जन्मराशि, वर्तमान ग्रहदशा, विद्या, भाग्य र भविष्यका बारेमा बताइदिनुहुन अनुरोध गर्दछु ।

तपाईंको जन्म आर्द्रा नक्षत्रको चौथो चरण अन्तर्गत पर्न गएकाले मिथुन राशि पर्दछ । नामको पहिलो अक्षर छबाट निस्कन्छ । केही चञ्चले स्वभावको देखिन्छ । वर्तमान समयका ग्रहदशा अनुकूल रहेका छन् । पढाइमा भन्दा पनि मनोरञ्जनमा बढी मन गएको देखिन्छ । भविष्यमा राम्रो मान्छे बन्नका लागि अहिलेदेखि नै पढाइमा मन लगाउनुपर्ने हुन्छ । साथीसङ्गतमा पनि विचार पुऱ्याउनुपर्ने देखिन्छ । भाग्य बलियो लिएर आएकाले भविष्य सुखमय देखिन्छ तर भाग्यलाई अझ राम्रो बनाउन तपाईंको लगनशीलताको आवश्यकता पर्दछ अनि मात्र भविष्य राम्रो हुन्छ । पढाइमा सफलताको चाहना छ भने आलस्यतालाई अहिलेदेखि नै त्याग्नुपर्ने छ ।

नाम : ऋचा पौडेल
जन्म मिति : २०६२।१२।१६ गते बुधबार
जन्म समय : राति ११:२८ बजे
ठेगाना : भरतपुर, चितवन

मेरो राशि, नाम नक्षत्र, वर्तमान ग्रहदशा, भाग्य र भविष्यका साथै शिक्षा, स्वास्थ्य, कर्मक्षेत्र, वैदेशिक योग र पारिवारिक सम्बन्धका बारेमा बताइदिनुहुन अनुरोध गर्दछु ।

तपाईंको जन्म रेवती नक्षत्रको पहिलो चरणअन्तर्गत पर्न गएकाले मीन राशि पर्दछ । वर्तमान समयमा सङ्कटाको दशा समय चलेकाले पढाइमा सफलताका लागि केही बढी नै मेहनत गर्नुपर्ने समय रहेको छ । साथसाथै साढेसात शनिको दशा पनि चलेकाले साथीसङ्गतमा विचार गर्नुपर्ने समय देखिन्छ । भाग्य राम्रो देखिएकाले भविष्यमा उच्च सफलता प्राप्त गर्ने योग रहेको छ । शारीरिक आरोग्यता अनुकूल रहनुका साथै दीर्घायुको योग छ । स्वदेश र विदेश दुवैतर्फ राम्रो देखिन्छ । नोकरी नै तपाईंको जीवन वृत्तिको मूल आधार हो ।

नाम : सविता शर्मा
जन्म मिति : २०२८।५।१ गते
जन्म समय : राति ११ बजेर १५ मिनेट
ठेगाना : बागलुङ, कुँडुले

मेरो स्वास्थ्य, पारिवारिक अवस्था र वर्तमान ग्रहदशाको बारेमा बताइदिन अनुरोध गर्दछु ।

तपाईंको जन्मकुण्डलीमा लग्नेश अस्त भएर बसेकाले स्वास्थ्यमा बेलाबेलामा केही झमेला आइपर्ने देखिन्छ । पन्नाको औँठी धारण गर्दा केही लाभ हुने छ । सन्तान एवं परिवारका तर्फबाट सन्तोषप्रद अवस्था रहेको देखिन्छ । दुई सन्तानको योग छ । वर्तमान समयमा सिद्घाको दशा प्रारम्भ भएकाले यात्रा, मनोरञ्जनका साथै मानसिक प्रसन्नता एवं शारीरिक आरोग्यता समेत अनुकूल देखिन्छ । घरपरिवारमा माङ्गलिक कार्यको आयोजना हुँदै छ । आम्दानीका नयाँ अवसर मिल्ने, गरेको कामबाट जस मिल्ने, आफन्त एवं पारिवारिक सम्बन्ध राम्रो भएर जाने समय छ ।

नाम : सालिकराम ढकाल
जन्म मिति : २०५५।१२।१३
जन्म समय : बिहान ४:३० बजे
ठेगाना : पोखरा

मेरो भविष्य पारिवारिक अवस्था, वैदेशिक योग के कस्तो देखिन्छ ? वैवाहिक सम्बन्ध कस्तो रहला ? जीवन वृत्ति के देखिन्छ ?

तपाईंको जन्म चर लग्नमा भएकाले स्वदेशमा भन्दा विदेशमा राम्रो सफलता मिल्ने ग्रहयोग रहेको छ । कुण्डलीमा गजकेशरी योग पर्न गएकाले आर्थिक उन्नति प्रगति राम्रो भएर जाने, विद्यामा पनि राम्रै सफलता मिल्ने देखिन्छ । आगामी असोजपछि राम्रो समय प्रारम्भ हुने भएकाले जागिर मिल्ने या त विदेश यात्राको प्रबल सम्भावना देखिन्छ । विवाहका लागि २९ वर्ष नपुगिकन गर्न राम्रो देखिन्न । जन्मकुण्डलीमा माङ्गलिक योग पर्न गएकाले विवाह गर्दा चिना मिलाएर गर्दा राम्रो हुने छ । माङ्गलिक शान्तिका उपाय गरेर विवाह गर्न राम्रो हुन्छ । जागिर नै तपाईंको जीवन वृत्तिको मूल आधार देखिन्छ ।

२०८० साल असार महिनाको राशिफल

ज्यो. हरिप्रसाद पौडेल



मेष उच्च मनोबलका साथ कार्यक्षमतामा समेत उल्लेख्य वृद्धि भएर जाने छ। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहने छ । प्रतिस्पर्धामा सफलताको योग छ। भाग्यले साथ दिनाले आँटेका काम बन्ने छन्। सामाजिक एवं धार्मिक कार्यमा अभिरुचि बढेर जाने छ। काममा आएका विघ्नबाधा क्रमशः हटेर जाने छन्। पठनपाठनमा मन्द प्रगतिको योग छ। इष्टमित्रको सहयोगले महत्त्वपूर्ण काम बन्ने छ। आर्थिक क्षेत्रका काममा मध्यम सफलताको योग देखिन्छ। रमाइलो ठाउँको यात्रा एवं मनोरञ्जनका अवसर मिल्ने छन्।

वृष मध्यम फलदायी समय छ। लेनदेनसम्बन्धी कारोबारमा सतर्कता अपनाउनुपर्नेछ। सामान्य आँखासम्बन्धी समस्या देखा पर्ने छ। पठनपाठनमा अनावश्यक बाधाअड्चन आइपर्ने छन्। मानसिक अस्थिरता केही बढेर जाला। आकस्मिक यात्रा एवं स्थान परिवर्तनको योग छ। आफन्त एवं आत्मीय जनसँगको भेटघाटले मन रमाउने छ। कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी नै पर्न जाने छ । महिनाको पूर्वार्धमा धनागमका साथै विविध उपहार प्राप्त हुने छन्। धार्मिक एवं सामाजिक कार्यमा सहभागी हुने अवसर मिल्ने छ।

मिथुन कार्यव्यस्तता बढेर जाने छ। यात्रा एवं सवारी चलाउँदा विशेष सावधानी अपनाउनुपर्ने छ। काममा अनावश्यक समस्या आइपर्ने छन्। खर्चको मात्रा बढेर जाने छ। पठनपाठनमा गहिरो अभिरुचि लाग्ने छ। साथीसङ्गतमा विचार पुऱ्याउनुपर्ने छ। धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि बढेर जाने छ। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहने छ। रमाइलो ठाउँको भ्रमणका साथै मनोरञ्जनका अवसर मिल्ने छन्।

कर्कट आर्थिक पक्ष अनुकूल रहने छ। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहने छ। लेनदेनसम्बन्धी कारोबार नगर्दा नै राम्रो होला। पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा अभिरुचि बढेर जाने छ। सामान्य अस्वस्थताको योग छ। मनोरञ्जनमा खर्च बढ्ने देखिन्छ। महिनाको पूर्वार्धमा बोलीको प्रभावले विशिष्ट व्यक्तिको मन जित्नुका साथै महत्त्वपूर्ण काम बन्ने छ। स्थान परिवर्तन एवं आकस्मिक यात्राको सम्भावना रहेको छ। धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि बढेर जाला।

सिंह सफलताको महिना रहेको छ। उच्च मनोबलका साथै कार्यक्षमतामा उल्लेख्य वृद्धि भएर जाने छ। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहला। प्रतिस्पर्धामा सफलताको योग छ। प्रतिस्पर्धामा सफलता मिल्ने छ। आर्थिक पक्ष अनुकूल रहने छ। गरेका कामको उच्च मूल्याङ्कन हुने छ। जागिरमा पदोन्नतिको सम्भावना छ। महिनाको उत्तरार्धमा मनोरञ्जनका अवसर मिल्ने छन्। पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा अभिरुचि बढेर जाने छ।

कन्या मानसिक अस्थिरता केही बढेर जाने छ। मनोबल उच्च रहने छ। आँटेका काममा महत्त्वपूर्ण सफलता मिल्ने छ। शारीरिक आरोग्यता अनुकूल रहने छ। स्थान परिवर्तन एवं आकस्मिक यात्राको सम्भावना छ। वादविवाद एवं प्रतिस्पर्धामा सफलता मिल्ने छ। महिनाको पूर्वार्धमा आएका बाधाअड्चन उत्तरार्धमा क्रमशः हटेर जाने छन्। आर्थिक पक्ष बलियो भएर जाने छ। नवीन कारोबारमा सफलता मिल्ने छ। अध्ययन अध्यापनमा अनावश्यक बाधाअड्चन आइपर्ने छन्।

तुला कार्यव्यस्तता बढेर जाने छ। मानसिक प्रसन्नताका साथै शारीरिक आरोग्यता अनुकूल रहने छ। अनावश्यक दौडधुप केही बढी नै गर्नुपर्नाले शारीरिक एवं मानसिक ताप बढाउने देखिन्छ। आर्थिक पक्षका काममा क्रमशः सुधारको अवस्था छ। नयाँ ठाउँको भ्रमण, आफन्त एवं इष्टमित्रसँगको भेटघाटले मन रमाउने छ। धार्मिक एवं सामाजिक काममा अभिरुचि लाग्ने छ। काममा ढिलासुस्तीका साथै आलस्यता बढेर जाने छ। महिनाको उत्तरार्धमा धनागम एवं मनोरञ्जनका अवसर प्राप्त हुने छन्।

वृश्चिक कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्न जाने छ। स्वास्थ्यमा उतारचढावको स्थिति देखा पर्ला। सामान्य चोटपटकको सम्भावना देखिएकाले सवारी चलाउँदा सतर्कता अपनाउनु पर्ने छ। महिनाको पूर्वार्धमा मानसिक अस्थिरता केही बढेर जाने छ। आकस्मिक यात्रा एवं स्थान परिवर्तनको योग। महिनाको उत्तरार्धमा धनागमका साथै मनोरञ्जनका अवसर मिल्ने छन्।

धनु रोकिएका काम क्रमशः बन्दै जाने छन्। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता बढेर जाने छ। पारिवारिक खर्चको मात्रा केही बढेर जाला। प्रतिस्पर्धामा सफलता मिल्ने छ। पठनपाठनमा गहिरो अभिरुचि लाग्ने छ। दाम्पत्य सम्बन्धमा सामान्य खटपट हुन सक्ने देखिन्छ। उच्च मनोबलका साथ कार्यक्षमतामा बढोत्तरी भएर जाने छ। महिनाको पूर्वार्धमा आइपरेको समस्या क्रमशः उत्तरार्धमा हटेर जानुका साथै मनोरञ्जनका अवसर मिल्ने छन्।

मकर शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहने छ। आत्मबल बढेर जानाले कार्यक्षमतामा प्रगति भएर जाने छ। विवादमा विजय एवं प्रतिस्पर्धामा सफलता मिल्ने छ। धार्मिक एवं सामाजिक काममा अभिरुचि लाग्ने छ। लेनदेन एवं ठुला लगानी नगर्दा नै राम्रो होला। घरायसी खर्चको मात्रा बढेर जाने छ। रोकिएका काम क्रमशः बन्दै जाने छन्। महिनाको उत्तरार्धमा धनागमका साथै मनोरञ्जनका अवसर मिल्ने छन्।

कुम्भ मानसिक अस्थिरता केही बढेर जाला। पठनपाठनमा अनावश्यक बाधाअड्चन आइपर्ने छन्। लेनदेन एवं ठूला लगानी नगर्दा नै राम्रो होला। कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी नै पर्न जाने छ। आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना छ। आत्मीय जनसँगको भेटघाटले मन रमाउने छ। धार्मिक एवं सामाजिक काममा अभिरुचि लाग्नेछ। महिनाको उत्तरार्धमा धनागम एवं मनोरञ्जनका अवसर मिल्नेछन्।

मीन शारीरिक आरोग्यता अनुकूल रहने छ। भाग्यले साथ दिनाले रोकिएका काम क्रमशः बन्दै जाने छन्। प्रतिस्पर्धामा सफलताको सम्भावना छ। कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी नै पर्न जाने देखिन्छ। सामान्य पेटसम्बन्धी समस्या देखा पर्ने छ। अध्ययन अध्यापनका साथै बौद्धिक क्रियाकलापमा अभिरुचि बढेर जाला। इष्टमित्रको सहयोगले महत्त्वपूर्ण काम बन्ने छ। महिनाको उत्तरार्धमा धनागम एवं मनोरञ्जनका अवसर मिल्ने छन्।

उत्तर

१. ८८८+८८+८+८+८ = १०००

२. आठ साइकल। किनभने दुई व्यक्तिले दुई घण्टामा दुई साइकल बनाउन सक्छन् भने चार व्यक्तिले दुई घण्टामा चार साइकल बनाउने छन् र चार घण्टामा त्यसको दोब्बर अर्थात् आठ साइकल बनाउने छन्।

३. २३ वर्ष।

तपाईंको प्रश्न, हाम्रा ज्योतिषी

नाम : ....

जन्म स्थान : .... जन्म मिति : ....

जन्म बार : ....

जन्म समय : .... ठेगाना : ....

प्रश्न : ....

....

....

जन्म समय अनिवार्य छ।

आफ्नो भविष्यबारे जिज्ञासा राख्नुहुने पाठकले कुपन भरी हरेक महिनाको १५ गतेभित्र युवामञ्चमा आइपुग्ने गरी पठाउनुहोला वा इमेल गर्नुहोला। तपाईंको जिज्ञासाको जवाफ ज्योतिषाचार्य हरिप्रसाद पौडेलले दिनुहुनेछ।

सामान्यज्ञान प्रतियोगिता असार २०८०

एक समूहमा तीन प्रश्न रहने गरी सात समूहमा प्रश्न सोधिएको छ । यस प्रकार कुल २१ प्रश्न यस प्रतियोगितामा समावेश गरिएको छ । प्रतियोगितामा समावेश प्रत्येक समूहको अङ्क भार फरक छ । सम्बन्धित अङ्क भार समूहको अगाडि उल्लेख गरिएको छ । तर कुनै पनि समूहमा समावेश गरिएका प्रश्नको सही उत्तरमा दिइने अङ्क भने फरक–फरक छ । उदाहरणका लागि पहिलो समूहको अङ्क भार ६ हो र त्यसमा तीन प्रश्न समावेश छन । ती तिनै प्रश्नको उत्तरमा पाइने अङक फरक हुनेछ तर समूहको कुल अङ्क भारभन्दा बढी चाहिँ हुनेछैन । जस्तो समूह क मा समावेश तीन प्रश्नमा पहिलो, दोस्रो र तेस्रो प्रश्नको उत्तरमा पाइने अङ्क ३, १ वा २ हुनसक्छ ।

एवं प्रकारले सबै समूहको उत्तर दिनुपर्नेछ । सही उत्तरमा अङ्क प्राप्त हुनेछ । यस प्रकारले अङ्कका आधारमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु. १५००/–, १०००/– र ५००/– पुरस्कार दिइनेछ । अङ्क बराबर भएमा गोलाप्रथाद्वारा निर्णय लिइनेछ ।

अधिकतम अङ्क ल्याउने १० जनाको नामावली प्रकाशित गरिनेछ ।

प्रश्न

समूह (क), कुल अङ्क भार– ६

१. विश्वको कुन सबैभन्दा अग्लो स्थानमा गल्फ प्रतियोगिता आयोजना गरिएको थियो ? [१]

२) कुन जिल्ला प्रशासन कार्यालयले राष्ट्रिय गान गाएर सेवा प्रवाह गर्न थालेको छ ? [३]

३) सार्कको नयाँ महासचिवमा कुन देशका नागरिक चयन भएका छन् ? [२]

समूह (ख), कुल अङ्क भार– ८

१) नेपालमा बनाइएको पहिलो विद्युतीय मोटरसाइकल कुन हो ? [३]

२) मानव विकास सूचकाङ्कको प्रतिपादन गर्ने अर्थशास्त्री को हुन् ? [३]

३) 'फ्रम थर्ड वर्ल्ड टु फर्स्ट' नामक कृतिका लेखक को हुन् ? [२]

समूह (ग), कुल अङ्क भार– १२

१) नेपालमा पहिलो पटक गणित पार्क कहाँ स्थापना गरिएको छ ? [५]

२) नेपालमा सबैभन्दा बढी पाटेबाघ पाइने राष्ट्रिय निकुञ्ज कुन हो ? [३]

३) नेपालमा सबैभन्दा धेरै जनसङ्ख्या भएको जिल्ला कुन हो ? [४]

समूह (घ), कुल अङ्क भार–त १४

१) पूर्वको गोसाइँकुण्ड भनेर चिनिने प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल कुन हो ? [७]

२) पुतलीबाजे भनेर कसलाई चिनिन्छ ? [३]

३) 'यल्लो लिभिङ गोल्ड' भनेर केलाई भनिन्छ ? [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) 'मिसन मुनाल' केसँग सम्बन्धित छ ? [६]

२) घोडेजात्राको चलन चलाउने मल्ल राजा को थिए ? [६]

३) नेपालमा पहिलो पटक अफलाइनबाटै कृषि उपजमा लाग्ने रोग पहिचान गर्नका लागि निर्मित मोबाइल एप कुन हो ? [६]

समूह (च), कुल अङ्क भार– २०

१) षट्कोणलाई कसको प्रतीकका रूपमा लिइन्छ ? [६]

२) स्वतन्त्र भारतको पहिलो मतदाता कसलाई भनिन्छ ? [६]

३) राजधानीबाट सबैभन्दा नजिक राष्ट्रिय निकुञ्ज भएको देश कुन हो ? [८]

समूह (छ), कुल अङ्क भार २२

१) प्रदेश सभामा नेपालको पहिलो सभामुखमा चयन हुन सफल महिला को हुन् ? [८]

२) चीन र भारतबीच निर्धारण गरिएको सीमा रेखालाई के भनिन्छ ? [६]

३) युवामञ्चको प्रकाशन कहिलेदेखि सुरु भएको हो ? [८]

वैशाख अङ्कको परिणाम पृष्ठ ७४ मा



उत्तर २०८० साउन १५ गतेसम्म प्राप्त भइसक्नु पर्नेछ ।

२०८० साल असारको सामान्यज्ञान

समूह (क), कुल अङ्क भार– ६

१) .... [१]
२) .... [३]
३) .... [२]

समूह (ख), कुल अङ्क भार– ८

१).. [३]
२) .... [३]
३) .... [२]

समूह (ग), कुल अङ्क भार– १२

१) .... [५]
२) .... [३]
३) .... [४]

समूह (घ), कुल अङ्क भार– १४

१) .... [७]
२) .... [३]
३) .... [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) .... [६]
२) .... [६]
३) .... [६]

समूह (च), कुल अङ्क भार– २०

१) .... [६]
२) .... [६]
३) .... [८]

समूह (छ), कुल अङ्क भार २२

१) .... [८]
२) .... [६]
३) .... [८]

नाम : ....

ठेगाना : ....

२०८० वैशाख १ देखि ३१ गतेसम्मका राष्ट्रिय घटना

वैशाख १ गते : राष्ट्रपति रामचन्द्र पौडेलद्वारा विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिलाई विभूषण प्रदान ।

वैशाख २ गते : वाङ्मय शताब्दीपुरुष सत्यमोहन जोशीकी धर्मपत्नी राधादेवी जोशीको सय वर्षको उमेरमा निधन ।

वैशाख ३ गते : सेक्युरिटी प्रेस खरिद प्रकरणमा सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक विकल पौडेलसहित नौ जनाविरुद्ध पौने तीन अर्ब बिगोसहितको मुद्दा दायर ।

– परराष्ट्रमन्त्रीमा नेपाली कांग्रेसका नेता नारायणप्रकाश साउद नियुक्त ।

वैशाख ५ गते : सरकारद्वारा 'राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीमार्फत सुरक्षित तवरले नागरिकताको विवरण प्रमाणीकरण एवं अन्तरप्रणाली आबद्धतासम्बन्धी कार्यविधि' खारेज ।

वैशाख ७ गते : नेपालगञ्जबाट करिब पाँच किलो सुनसहित दुई जना पक्राउ ।

– सिराहाको लक्ष्मीपुर पतारी गापाका अध्यक्ष रामबल्लभ साहसहित २३ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा भ्रष्टाचार मुद्दा दायर ।

वैशाख ८ गते : नेपालका क्रिकेटर सन्दीप लामिछानेद्वारा ४२ खेलमा सय विकेट हासिल गर्दै विश्व कीर्तिमान कायम ।

वैशाख ९ गते : गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी विश्वासको मत पाउन असफल ।

वैशाख १२ गते : प्रतिनिधि सभा सदस्य उपनिर्वाचनमा चितवन–२ बाट रवि लामिछाने र तनहुँ–१ बाट स्वर्णिम वाग्ले निर्वाचित ।

वैशाख १३ गते : बारा निर्वाचन क्षेत्र नम्बर २ बाट जनता समाजवादी पार्टीका उम्मेदवार उपेन्द्र यादव विजयी ।

वैशाख १४ गते : गण्डकी र लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेसका संसदीय दलका नेता सुरेन्द्रराज पाण्डे र डिल्लीबहादुर चौधरी नियुक्त ।

वैशाख १७ गते : भारतको मुम्बईस्थित नेसनल बर्न सेन्टरमा उपचार गराइरहनुभएका नेपाली कांग्रेसका नेता तथा प्रतिनिधि सभा सदस्य डा. चन्द्र भण्डारी स्वदेश फिर्ता ।

– काठमाडौँको कपनस्थित सरस्वतीनगरमा निरा पाण्डे आचार्यको हत्या घटनामा प्रहरीद्वारा झापाका विनोद विश्वकर्मा पक्राउ ।

वैशाख १८ गते : निर्वाचन आयोगको आयव्यय नबुझाउने २२ दललाई कारबाही गर्ने निर्णय ।

– नेपाली कांग्रेसका उपसभापति एवं केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशकमा डा. सुरेश आचार्य नियुक्त ।

वैशाख १९ गते : अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा यातायात व्यवस्था कार्यालय बागमतीका तत्कालीन उपसचिव सुन्दर भट्टराईविरुद्ध एक करोड १५ लाख २९ हजार बिगोसहित भ्रष्टाचार मुद्दा दायर ।

वैशाख २० गते : नेपाली कांग्रेसबाट धनराज गुरुङ, मोहनबहादुर बस्नेत र डिगबहादुर लिम्बू मन्त्रीमा नियुक्त ।

– नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउने भन्दै ठगी गिरोहमा संलग्न रहेको अभियोगमा पूर्वगृहसचिव टेकनारायण पाण्डे र पूर्व उपप्रधानमन्त्री तथा एमालेका नेता टोपबहादुर रायमाझीका छोरा सन्दीप रायमाझी पक्राउ ।

वैशाख २२ गते : सङ्खुवासभामा सिम्रिक एयरको विमान दुर्घटना हुँदा एक जनाको मृत्यु, चार घाइते ।

वैशाख २४ गते : नेपाली कांग्रेसका नेता सुरेन्द्रराज आचार्य मन्त्री नियुक्त ।

वैशाख २५ गते : प्रधानन्यायाधीशमा हरिकृष्ण कार्की सिफारिस ।

वैशाख २७ गते : नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउने भन्दै ठगी गिरोहमा संलग्न रहेको अभियोगमा पूर्वगृहमन्त्री बालकृष्ण खाण पक्राउ ।

वैशाख २९ गते : संविधान सभा सदस्य एवं कांग्रेसका नेता पुरुषोत्तम बस्नेतको ७८ वर्षको उमेरमा निधन ।

वैशाख ३१ गते : नक्कली भुटानी शरणार्थी सङ्गठित ठगी प्रकरणमा प्रहरीद्वारा प्रतिनिधि सभा सदस्य तथा नेपाल कम्युनिस्ट पार्टीका सचिव (निलम्बित) टोपबहादुर रायमाझी पक्राउ । ■

– सरस्वती खत्री, क्षेत्री